पहिलो परिच्छेद

शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **नेपाली बालसाहित्यमा एकता प्रकाशनको योगदान** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविक तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार पारिएको हो ।

## १.३ समस्याकथन

आफ्नो स्थापनाको समयदेखि नै नेपाली भाषासाहित्य र वाङ्मयको क्षेत्रमा योगदान गर्दै आएको एकता प्रकाशनले नेपाली भाषासाहित्यमा र त्यसमा पनि नेपाली बालसाहित्यमा कस्तो योगदान गरेको छ भन्ने जिज्ञासा नै यस शोधको मुख्य समस्या हो । यही मूल समस्याको समाधानका लागि निम्न समस्याहरू प्रस्तुत गरिएको छ :

(क) नेपाली बालसाहित्यको विकास र प्रवर्द्धनकार्यमा एकता प्रकाशनले केकस्ता कार्यहरू गरेको छ ?

(ख) हालसम्म एकता प्रकाशनले कुन-कुन साहित्यकारका के-कति बालसाहित्यिक कृतिको प्रकाशन गरेको छ र ती कृतिहरू के-कस्ता रहेका छन् ?

(ग) नेपाली बालसाहित्यको विकासमा यस संस्थाले दिएको मुख्य योगदान के हो ?

यिनै मूल समस्याहरूमा यो शोधपत्र केन्द्रित रहेको छ ।

## १.४ शोधकार्यको उद्देश्य

प्रत्येक कार्यका पछाडि कुनै न कुनै उद्देश्य रहेको हुन्छ । यस शोधकार्यका उद्देश्यहरू निम्न रहेका छन् :

(क) नेपाली बालसाहित्यको विकास र प्रवर्द्धनमा एकता प्रकाशनले गरेका प्रयासहरूका बारेमा जानकारी प्रदान गर्नु ।

(ख) एकता प्रकाशनले नेपाली बालसाहित्यका क्षेत्रमा गरेका कृतिहरूको प्रकाशनलाई विधागत रूपमा छुट्याई स्पष्ट गर्नु ।

(ग) एकता प्रकाशनद्वारा प्रकाशित महत्त्वपूर्ण बालसाहित्यिक कृतिहरूको सङ्क्षेपमा विश्लेषण गर्नु ।

(घ) समग्रमा एकता प्रकाशनले नेपाली बालसाहित्यमा दिएका योगदानको मूल्याङ्कन गर्नु ।

यिनै मूल उद्देश्यमा यो शोधकार्य सम्पन्न गरिएको छ ।

## १.५ पूर्वकार्यको समीक्षा

कुनै पनि शोधशीर्षकका विषयमा पहिले अध्ययन-अनुसन्धान भएका छन् वा छैनन् । यदि छन् भने कसले कसरी गरेका छन् र कहाा के-के कुरा भनिएको छ । त्यसको अध्ययन गर्ने कार्य नै पूर्वकार्यको समीक्षा हो । एकता प्रकाशनले नेपाली बालसाहित्यको योगदानका बारेमा विभिन्न विद्वान्ले गरेका टीकाटिप्पणीहरू निम्नानुसार रहेका छन् :

राष्ट्रकवि माधव घिमिरेद्वारा रचित एवम् एकता बुक्स डिस्ट्रिब्युटर्स, काठमाडौाबाट प्रकाशित **सुनपङ्खी चरी** (२०५३) को पहिलो संस्करणमा 'एकता बालसाहित्य शृङ्खलाका सञ्चालकहरूका तर्फबाट' शीर्षकको भूमिकालेखनमा लेखकद्वय वासुदेव त्रिपाठी र रामबाबु सुवेदीले एकता प्रकाशनले नेपाली बालसाहित्यको क्षेत्रमा बर्सौं अगाडिदेखि सक्दो प्रयास गर्दै आएको छ भनी उल्लेख गरेका छन् ।

प्रमोद प्रधानको विवेक सिर्जनशील प्रकाशन, प्रा. लि. द्वारा प्रकाशित दोस्रो संस्करण **नेपाली बालसाहित्यको इतिहास** (२०६१) नामक पुस्तकको पृष्ठ २६५ मा उल्लिखित 'नेपाली बालसाहित्यको विकासमा संस्थागत प्रयास' नामक शीर्षकमा एकता प्रकाशन बुक्स डिस्ट्रिब्युटर्स प्रा. लि., काठमाडौंको योगदान महत्त्वपूर्ण छ भनी उल्लेख गरिएको छ ।

बालसाहित्यकार भिक्टर प्रधानले **गौतमबुद्ध** (एकता बालजीवनी, २०६३) भन्ने पुस्तकको 'प्रकाशकीय' लेखमा हाम्रा बालबालिकाहरूले आफ्ना पुर्खाका गौरवगाथा पढेर तिनका कार्यबाट प्रेरणा प्राप्त गरून् र सुनौलो भविष्यको निर्माणमा जुटून् भन्ने उद्देश्यले नेपाली बालसाहित्यमा जीवनीहरूको प्रकाशन गर्ने जमर्को एकता प्रकाशनले गरेको स्पष्ट हुन्छ भनी उल्लेख गरिएको छ ।

**जूनतारा** (२०६२) सचित्र बालकाव्यमालामा 'प्रकाशकका तर्फबाट' शीर्षकमा रामचन्द्र तिमोथीले एकता बुक्सले विभिन्न शैक्षिक तहका मौलिक ग्रन्थका साथै विभिन्न ज्ञानविज्ञानका पाठ्यपुस्तक र बालपयोगी पुस्तकहरूको समेत प्रकाशन गरेको छ भनेर भनेका छन् ।

**जूनतारा** (२०६२) कै 'एकता बालसाहित्य शृङ्खलाका सम्पादकहरूको तर्फबाट' शीर्षक लेखमा डा. वासुदेव त्रिपाठीले एकता प्रकाशनले नेपाली बालसाहित्यका रोचक र उत्कृष्ट पाठ्य-श्रव्य, दृश्य सामग्रीको प्रवर्द्धनका निम्ति एकता बालसाहित्य शृङ्खलाको थालनी गरेको हो भनेका छन् ।

डा. महादेव अवस्थीद्वारा लिखित तथा सम्पादित **एकताका पच्चीस वर्ष** (२०६४) संस्मरणात्मक पुस्तिकाको भूमिकामा नेपाली बालसाहित्यको चौतर्फी विकास गर्ने उद्देश्यले यस प्रकाशनले एकता बालसाहित्य परियोजनाको सुरुआत गरेको हो । यसले बालसाहित्यको विकासमा एक नयाा आयाम थपेको छ भनी उल्लेख गरिएको छ ।

यसरी एकता प्रकाशन बुक्स डिस्ट्रिब्युटर्स प्रा. लि. का बारेमा गरिएका उपर्युक्त टीकाटिप्पणीले यस प्रकाशनले बालसाहित्यमा दिएको योगदानको केही अंश मात्र प्रस्तुत भएको छ । तसर्थ यस प्रकाशनले दिएको बालसाहित्यप्रतिको योगदानको सम्पूर्ण अध्ययन नभएकाले यस शोधपत्रले सो अध्ययनलाई पूरा गरेको छ ।

## १.६ शोधकार्यको औचित्य र महत्त्व

विगत अढाइ दशकदेखि नेपाली भाषासाहित्य र सिङ्गो नेपाली वाङ्मयको क्षेत्रमा योगदान गर्दै आएको एकता प्रकाशनको विषयमा हालसम्म पनि कुनै अध्ययन-अनुसन्धान भएको पाइदैन । आफ्नो स्थापनाकालदेखि नै यसले विभिन्न नेपाली साहित्यकारहरूका विभिन्न साहित्यिक कृतिहरूको प्रकाशन एवम् बिक्रीवितरण गर्दै आएको छ । यो कार्य हालसम्म पनि निरन्तर छ । यसले राष्ट्रकवि माधवप्रसाद घिमिरेदेखि लिएर कृष्णप्रसाद पराजुली, चूडामणि बन्धुसम्मका कृतिहरू प्रकाशित गरी नेपाली भाषा र साहित्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । बालसाहित्यको क्षेत्रमा त यसको योगदान अविस्मरणीय नै छ । एकता बालसाहित्य परियोजनाको स्थापना र विभिन्न साहित्यकारहरूका बालसाहित्यिक कृतिहरूको प्रकाशन गरी भर्खरैभर्खरै बामे सर्न लागेको बालसाहित्यको विकासमा यस परियोजनाले नयाा ईाटा थप्ने काम गरेको छ । नेपाली साहित्यकारहरूका बालसाहित्यिक कृतिहरू प्रकाशित गरी नेपाली बालसाहित्यको विकासमा योगदान दिने यस प्रकाशनका बारेमा अध्ययन गर्नु नै यस शोधकार्यको महत्त्व हो । त्यसै गरी बालसाहित्यका चौतर्फी विकासमा महत्त्वपूर्ण योगदान दिने यस प्रकाशनबारेका अध्ययन-अनुसन्धानले यस प्रकाशनबाट प्रकाशित बालसाहित्यका बारेका कृतिहरूको जानकारी दिनु नै यस शोधपत्रको औचित्य हो । त्यसरी नै यस शोधपत्रबाट आगामी दिनमा एकता बुक्सबाट प्रकाशित बालसाहित्यबारेमा संस्थागत एवम् व्यक्तिगत रूपमा गरिने अध्ययनलाई पूर्ण सहयोग मिल्ने कुराले पनि यस शोधपत्रको औचित्य र महत्त्व स्पष्ट हुन्छ ।

## १.७ अध्ययनको क्षेत्र र सीमा

प्रस्तुत शोधपत्र नेपाली बालसाहित्यमा एकता प्रकाशनको योगदानको सेरोफेरोमा सीमित रहेको छ । बालसाहित्य प्रकाशनकै पृष्ठभूमिमा यस प्रकाशनले नेपाली साहित्यमा दिएको योगदानलाई पनि केही मात्रामा देखाइएको छ ।

## १.८ सामग्रीसङ्कलन

यस शोधकार्य सम्पन्न गर्नका लागि पुस्तकालीय पद्धतिबाट सामग्रीसङ्कलन गरिएको छ । एकता बुक्सबाट प्रकाशित सम्पूर्ण बालसाहित्यसम्बन्धी पुस्तकहरूबाट नै सामग्रीहरू लिएर यो शोधपत्र तयार गरिएको छ ।

## १.९ सैद्धान्तिक ढाचा र शोधविधि

प्रस्तुत शोधपत्र तयार गर्दा सङ्कलित सामग्रीलाई विभिन्न सिद्धान्तका कसीमा राखी विश्लेषण गर्ने प्रयास गरिएको छ र प्रस्तुत शोधपत्रमा वर्णनात्मक र विश्लेषणात्मक शोधविधिको प्रयोग गरिएको छ ।

## १.१० अध्ययनको रूपरेखा

प्रस्तुत शोधपत्रलाई मूल रूपमा पााच परिच्छेदमा विभाजन गरिएको छ र ती परिच्छेदअन्तर्गत पनि आवश्यकतानुसार विभिन्न शीर्षक तथा उपशीर्षकमा विभाजन गरी प्रस्तुत शोधपत्र तयार गरिएको छ । मुख्य परिच्छेदहरूको विभाजन निम्नानुसार गरिएको छ :

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोधपरिचय |
| दोस्रो परिच्छेद | : | एकता प्रकाशनको चिनारी |
| तेस्रो परिच्छेद | : | एकता प्रकाशनबाट प्रकाशित बालसाहित्यको विधागत वर्गीकरण र प्रवृत्तिगत विश्लेषण |
| चौथो परिच्छेद | : | नेपाली बालसाहित्यमा एकता प्रकाशनको योगदान |
| पााचौ परिच्छेद | : | उपसंहार तथा निष्कर्ष |

# दोस्रो परिच्छेद

# एकता प्रकाशनको चिनारी

## २.१ विषयप्रवेश

नेपालको पुस्तक व्यवसायका इतिहासमा लामो र गौरवमय यात्रा तय गर्ने सीमित र सङ्गठित संस्थाहरूका लहरमा पच्चीसबर्से जीवनयात्रा पूरा गरी एकता बुक्सले आफ्नो नाम गरिमामय रूपमा अङ्कित गर्ने सफलता प्राप्त गरेको छ । नेपालमा विद्या र पुस्तकप्रतिको निष्ठा प्राचीनकालदेखि नै अक्षुण्ण रहिआएको भए पनि पुस्तकको मुद्रण र प्रकाशनको मिर्मिरे बिहानीको सङ्केत वि. सं. १९०८ मा तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाले बेलायत भ्रमणबाट फर्कादा सागै ल्याएको हाते प्रेस नै प्रथम हो ।[१] हुन त औद्योगिक युगको उपलब्धिपूर्ण आविष्कारका रूपमा देखा परेको छापाखानामा मुद्रित भई प्रकाशनमा आएका पुस्तक त्यसअघि नै भारतीय विद्याकेन्द्रमा गई शिक्षाआर्जन गर्न पुगेका वा अन्य प्रयोजनका लागि त्यहााका सहर वा मोफसलमा पुगेका पठनशील नेपालीहरूका निम्ति उपलब्ध नै रहेका हुन् तर नेपाली लेखकहरूले नेपालीहरूका निम्ति लेखेका पुस्तकहरू नेपालबाटै प्रकाशनमा ल्याई व्यावसायिक वितरण गर्ने उद्देश्यले स्थापित पहिलो प्रकाशन संस्था चाहि वि. सं. १९४५ मा मात्र देखापरेको हो ।[२] आजसम्मको सबैभन्दा जेठो नेपाली प्रकाशन संस्था मोतीकृष्ण धीरेन्द्र कम्पनी हो । यो निजी स्तरमा स्थापित संस्था थियो र यसले वि. सं. १९५० मा नेपालकै पहिलो निजी स्तरको छापाखानाका रूपमा पशुपति प्रेसको स्थापना पनि गरेको थियो । यस संस्थाले तत्कालीन अवस्थामा पुस्तकीय मुद्रण प्रकाशनको व्यावसायिक धरातलमा प्रारम्भिक हलचल ल्याएकै हो तर यसले तत्कालीन परिस्थितिमा कतिपय कारणले गर्दा दीर्घजीवन प्राप्त गर्न सकेन । यसपछि कतिपयले त्यतिबेला निजीस्तरमा प्रकाशन व्यवस्था चलाउने चासो त देखाए तर जहानियाा राणाशासनले नागरिकका अभिव्यक्ति स्वतन्त्रतामाथि लगाएको कठोर प्रतिबन्धका वातावरणमा ती प्रकाशन संस्था

---

[१] महादेव अवस्थी, **एकता बुक्सका पच्चीस वर्ष**, (काठमाडौं : एकता बुक्स डिस्ट्रिव्युटर्स प्रा. लि., २०६४, पृ. २१ ।

[२] पूर्ववत्, पृ. २३ ।

फस्टाउन सकेनन् । यस्तै वातावरणमा तत्कालीन निजामती सेवाका निम्ति आवश्यक जनशक्तिको उत्पादन गर्ने शैक्षिक उद्देश्यको परिपूर्तिका लागि आवश्यक पाठ्यपुस्तक र पाठ्यसामग्रीको प्रकाशन गर्न सरकारी स्तरमै वि. सं. १९७० मा गोर्खा भाषा प्रकाशिनी समितिको स्थापना भयो ।[३] उक्त संस्थाले सरकारी संरक्षण प्राप्त गरेको हुादा आफ्नो पुस्तक प्रकाशनको कार्यलाई निरन्तरता दिन पायो । यो संस्था वि. सं. १९८९ तिर नेपाली भाषा प्रकाशिनी समितिमा नामान्तरित भयो र यसले २००७ सालपूर्वको राणाशासन कालका साथै २००७ साल यताको समयमा पनि पुस्तक प्रकाशनलाई निरन्तरता दिादै आयो ।[४] यसैको उत्तराधिकारीका रूपमा हाल साझा प्रकाशन (२०२१) ले पुस्तक प्रकाशनको व्यवसाय सञ्चालन गरिरहेको छ । वि. सं. १९७० मा सरकारी स्तरमा स्थापित गोर्खा भाषा प्रकाशिनी समिति र हाल साझा प्रकाशनका कार्यलाई निजी स्तरबाट आआफ्नै किसिमले टेवा पुर्‍याउने र आफ्नै निजी पुस्तक व्यवसाय चलाउने उद्देश्यले वि. सं. २००७ सालपूर्व शारदा प्रकाशन गृह (वि. सं. १९९१), नेपाली साहित्य परिषद् (वि. सं. २००४), भक्तबहादुर बुक सेलर्स, भक्तबहादुर पब्लिसर, रत्न पुस्तक भण्डार (वि. सं. २००३), हरेक पुस्तक भण्डार, विश्व नेपाली भाषाभक्त पुस्तक भण्डार, हिमालय पुस्तक भण्डार, हिमाली प्रकाशनजस्ता संस्थाहरू पनि सञ्चालनमा आए ।[५] यी संस्थाहरूले आगालेको पुस्तक व्यवसायलाई यिनका उत्तराधिकारीहरूले निरन्तरता दिइरहे पनि त्यतिबेला पुस्तक प्रकाशनको व्यवसाय आगाल्ने संस्थाहरूमध्ये सुदीर्घ जीवनयात्रालाई अक्षुण्ण रूपमा अगि बढाउादै हालसम्म क्रियाशील रहिआएका संस्थामा चाहिा गोर्खा भाषा प्रकाशिनी समितिको उत्तराधिकारी संस्था साझा प्रकाशन र निजी स्तरको प्रकाशन संस्था रत्न पुस्तक भण्डार नै बढी समुन्नत र प्रसिद्ध देखा पर्दछन् ।[६] यी दुई संस्थाहरूमध्ये अघिल्लोले आफ्नो जीवनयात्राको सय वर्ष पूरा गर्दैछ भने पछिल्लोले आफ्नो छ दशकभन्दा लामो आयु पूरा गरिसकेको छ । यी संस्थाहरूका विकासयात्राका वरपर पुस्तक प्रकाशन गर्ने र

---

[३] पूर्ववत् पृ. २४ ।

[४] पूर्ववत्, पृ. २५ ।

[५] पूर्ववत्, पृ. २६ ।

[६] पूर्ववत् ।

पुस्तकको बिक्रीवितरण गर्ने अन्य अनेक संस्थाहरू पनि देखिएकै हुन् तर तिनका पुस्तक प्रकाशन र बिक्रीवितरणजस्ता दुवै थरी व्यावसायिक क्रियाकलापलाई पूर्वोक्त दुई संस्थाले जस्तो बृहत् अभियानका रूपमा हुर्काउन सकेनन् । पूर्वोक्त साझा प्रकाशन र रत्न पुस्तक भण्डारले आगालेको र हुर्काएको पुस्तकका प्रकाशन तथा बिक्रीवितरणजस्ता दुवै थरी व्यावसायिक क्रियाकलापका साथै स्वदेश-विदेशमा पुस्तकको आयातनिर्यात गर्ने आफ्नै बृहत् सञ्जाल खडा गरिसकेको तेस्रो भर्भराउादो पच्चीसवर्से युवा संस्थाका रूपमा एकता बुक्स प्रतिष्ठित भइसकेको छ ।[७] यस संस्थाले २५ बर्से यात्रा पूरा गरेको खुसियालीमा २०६४ सालमा रजत महोत्सवसमेत मनाइसकेको छ ।

## २.२ एकता बुक्स : स्थापना, संस्थापन र नामकरण

नेपाली पाठकहरूको माझमा एकता बुक्सका नामले प्रतिष्ठित संस्थाको स्थापना वि. सं. २०३९ मा भएको हो । यसका संस्थापक प्रकाशन व्यवस्थापनका विशेषज्ञ, ख्यातिप्राप्त विशिष्ट व्यक्तित्व तथा युवा प्रतिभा रामचन्द्र तिमोथी हुन् ।[८] वि. सं. २०१६ मा भक्तपुरको कटुन्जेमा जन्मेका तिमोथीले पुस्तकको मुद्रण, प्रकाशन र बिक्रीवितरणका व्यवस्थापन पक्षसाग सम्बन्धित उच्चशिक्षा प्राप्त गरिसकेपछि २०३९ मा यस संस्थाको स्थापना गरेका हुन् । यस संस्थाको स्थापनाकालको नाम एकता बुक्स एन्ड स्टेसनर्स थियो र यो संस्था तत्कालीन काठमाडौा नगर पञ्चायतको वडा नं. ११ थापाथलीमा र हालको काठमाडौा महानगरपालिकाको वडा नं. ११ थापाथलीमा खुलेको थियो । यस संस्थाले सुरुमा स्वदेश तथा विदेशका विभिन्न प्रकाशनगृहबाट प्रकाशित पुस्तकहरूको र विविध किसिमका शैक्षिक एवम् खेलकुदका सामग्रीको थोक तथा खुद्रा बिक्रीवितरणलाई प्रभावकारी रूपमा अगाडि बढाएको थियो । बिस्तारै यस संस्थाले पुस्तक प्रकाशनको व्यवसायमा पनि प्रवेश गऱ्यो । यसैको फलस्वरूप पुस्तकका प्रकाशन तथा बिक्रीवितरणको व्यवसायलाई व्यवस्थित बनाई अगाडि बढाउन नेपाल

---

[७] पूर्ववत् ।

[८] पूर्ववत् ।

सरकार (तत्कालीन श्री ५ को सरकार) को वाणिज्य विभागको कम्पनी रजिष्टारको कार्यालय काठमाडौंमा २०४७ मा यो संस्था एकता बुक्स डिस्टिब्युटर्स प्रा. लि. भन्ने नाममा रूपान्तरित भयो ।[९] त्यसयता हालसम्म उक्त नाममै यो संस्था सञ्चालित छ भने नेपाली पाठकहरू चाहि यसलाई एकता बुक्स भन्ने छोटकरी नामले पनि चिन्ने गर्दछन् ।

## २.३ व्यावसायिक उत्प्रेरणा, स्रोत र पृष्ठभूमि

एकता बुक्सका संस्थापक तथा सम्बन्ध सञ्चालक रामचन्द्र तिमोथी आफूमा पुस्तक व्यवसायप्रतिको अभिरुचि जगाउने र त्यसलाई परिपोषित तुल्याउने प्रमुख उत्प्रेरक व्यक्तित्वका रूपमा आफ्नै मामा एडोन रोङ्गोङको नाम आदरका साथ लिने गर्दछन् । आफ्ना मामा एडोन रोङ्गोङले आगालेको पुस्तक व्यवसायले रामचन्द्र तिमोथीका अवचेतन मनका तहमा बाल्यावस्थामै पुस्तक-संस्कार बसालेको थियो भने किशोरावस्था ह्ुादै युवावस्थामा प्रवेश गर्दा नगर्दै तिमोथी चेतन मनकै स्तरमा पुस्तक व्यवसायलायई आफ्नो जीवनको अभिन्न कार्यकलापका रूपमा वरण गर्न पुगेका थिए । तिमोथीले आफ्ना मामा एडोन रोङ्गोङले पूर्वी नेपालको विराटनगरमा सञ्चालन गरेको हिमाली प्रकाशन र काठमाडौं उपत्यकाको ललितपुर (पाटन)को महापालमा खोलेको पाटन बुक हाउसका पुस्तकीय प्रकाशन र बिक्रीवितरणका गतिविधिबारे नजिकैबाट थाहा पाउनका साथै पछिल्लो समयमा खासगरी पाटन बुक हाउसका व्यावसायिक कार्यकलापमा आफ्नै सक्रिय संलग्नता पनि देखाउन पुगेकै हुन् । यस बीचमा २०२८ सालदेखि नेपालमा लागू भएको राष्ट्रिय शिक्षा पद्धतिको योजनाले निजी स्तरको पुस्तक प्रकाशनको हकमा लिएको प्रतिकूल नीतिका कारणले गर्दा मामाले सञ्चालन गर्दै आएको हिमाली प्रकाशन बन्द हुन पुगेको नियति र उनै मामाले पाटन बुक हाउसबाट गर्दै आएका इसाईसाहित्य एवम् नेपाली भाषासाहित्यका पुस्तकहरूको बिक्रीवितरणको व्यवसाय पनि विफल बन्नुको नियतिलाई पनि रामचन्द्र तिमोथीले चुनौतीको रूपमा लिएका थिए । यसै बीचमा तिमोथी आफैले २०३४ सालमा पाटनमै हिसप बुक हाउस

---

[९] पूर्ववत् ।

खोली पुस्तक व्यवसायको आरम्भिक प्रयास पनि गरकै हुन् । आफ्ना मामाको पुस्तक व्यवसाय एकपछि अर्को गर्दै विफल भएका घटनालाई चुनौतीका रूपमा अङ्गीकार गरी तिमोथीले आफ्नो हिसप बुक हाउसलाई पाटनकै स्थानीय सहपाठी भीमलाल महर्जनलाई हस्तान्तरण गरी पाटन बुक हाउसको विरासत बोकेर पुस्तक व्यवसायलाई नयाा ढङ्गले व्यवस्थित रूपमा अघि बढाउने सङ्कल्पका साथ २०३९ सालमा काठमाडौा थापाथलीमा एकता बुक्स एन्ड स्टेसनर्सको स्थापना गरेका हुन् ।

एकता बुक्सको स्थापना गरेपछि बेलाबेला विभिन्न व्यक्ति, संस्था र सरकारी निकायसमेतबाट अनेक किसिमका अल्झन, अड्चन एवम् अवरोध खडा भए पनि आफ्नै कुशल व्यवस्थापन र जस्तोसुकै आपत्विपत्का घडीमा पनि नहडबढाई अटल साहस र दृढ निश्चयका साथ आफ्नो विचार र उद्देश्यलाई कार्यान्वयन गर्न सङ्घर्षशील भई अघि बढ्ने व्यक्तिगत, चारित्रिक र नैतिक बलसमेतका कारणले गर्दा रामचन्द्र तिमोथीले पछाडि फर्केर हेर्नुपरेन । आफ्नो जुझारू चरित्र, अथक एवम् चुस्त-दुरुस्त र तीव्र स्मरणशक्ति, यथोचित विषयगत ज्ञान र प्रत्येक बाधाअवरोधलाई चुनौतीका रूपमा लिने दृढ साहसका कारणले गर्दा एकपछि अर्को असफलताको सिाढी चढ्दै उनले एकता बुक्सको पच्चीसबर्से व्यावसायिक जीवनयात्रा पूरा गरेका छन् र हर्षोल्लासपूर्वक यस संस्थाको रजतजयन्ती समारोह मनाएका छन् । आफ्नो यसै व्यावसायिक पृष्ठभूमि र सफलताको परिणामस्वरूप विभिन्न सरकारी तथा गैरसरकारी संस्थामा निर्णायक जिम्मेवारी वहन गर्ने तहसम्ममा उनी आबद्ध बन्न पुगेका छन् । हालसालै उनले नेपाल राष्ट्रिय पुस्तक बिक्रेता तथा प्रकाशन सङ्घको अध्यक्षजस्तो गरिमामय पदको जिम्मेवारी पनि समाल्न पुगेका छन् भने उनी नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासङ्घको विशेष सल्लाहकारको भूमिकामा पनि क्रियाशील छन् । उनले नेपाल पीडित सेवा सङ्घ, मानवताका लागि आवास, इन्टरनेसनल फेलोसी अफ् नेपाल, वर्ल्ड भिजन, सेयर एन्ड केयर, आशा गृह, बालसेवा नेपाल, क्वाइनोनियर मण्डली परिसर, जहरान लायन्स क्लब, आई. बी. एस्. नेपाल, नेपाल मिसन एसोसिएसन आदि जस्ता सामाजिक संस्थाहरूका विभिन्न पदमा रहेर काम गरिरहेको पाइन्छ भने नारायणी मैदा मिल प्रा. लि., टिच प्रा. लि., इसीइसी प्रा. लि., आई. बी. एस्. नेपाल प्रा. लि., हेब्रोन

पब्लिक स्कुल, सृजनशील समूह, आर्. बी. कम्प्लेक्स, अम्बिका इन्टरनेसनल आदि कम्पनीहरूमा पनि महत्त्वपूर्ण जिम्मेवारीका साथ उनी क्रियाशील रहेका छन् ।

एकता बुक्सका रामचन्द्र तिमोथी सानासाना बालकदेखि वृद्धसम्मका माझमा रामदाइ नाममा चर्चित थिए । अरूले रामदाइको एकताभन्दा उनी असजिलो मान्थे किनभने उनी एकताको रामदाई बन्न चाहन्थे । आफ्नो यसै चाहनाअनुरूप उनले एकता बुक्स एन्ड स्टेसनर्सलाई पछि प्रा. लि. का रूपमा कम्पनी दर्ता गरी संस्थागत स्वरूप दिए । हाल उनलाई एकताका रामचन्द्र भन्ने गरिन्छ र उनी आफ्नो यस पहिचानमा गौरव तथा प्रसन्नताको अनुभव गर्छन् । २०४५ सालमा पोखरानिवासी सलोनी लेप्चासाग बिहे भएपछि उनले पत्नीसमेतको सहकार्यमा ललितपुरको मानभवनमा एकता एजुकेसनल पालेसजस्तो भगिनी संस्था पनि सञ्चालनमा ल्याई नेपालका पुस्तक व्यवसायमा थप तरङ्ग प्रवाहित गरेको देखिन्छ ।

## २.४ संस्थागत स्वरूप, सञ्जाल र सम्पत्ति

### (क) संस्थागत स्वरूप

एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा. लि. तीनजना सञ्चालकहरूको नाममा कम्पनी रजिष्टारको कार्यालय काठमाडौंमा दर्ता गरिएको छ । यस कम्पनीको सञ्चालनमा यसका अध्यक्ष तथा प्रबन्ध सञ्चालक रामचन्द्र तिमोथीको प्रमुख कार्यकारी भूमिका रहेको छ र हाल यस कम्पनीमा १३ जना सञ्चालकहरू छन् ।

### (ख) संस्थागत सञ्जाल

एकता बुक्सको आफ्नै संस्थागत सबल एवम् बृहत् सञ्जाल छ र त्यो नेपालका सबै विकासक्षेत्र, अञ्चल र जिल्लामा फैलिएको छ । एकता बुक्सबाट प्रकाशित एवम् वितरित सबै पुस्तकहरू ती सबै भेगमा रहेका यसका प्रमुख वितरक, सहवितरक र खुद्रा बिक्रेता पुस्तक पसलमा ग्राहकले सजिलै उपलब्ध गर्न सक्ने चुस्त वितरण सञ्जाल यस संस्थाले खडा गरेको छ । यस संस्थाका हाल कायम रहेका मुख्य वितरक जम्मा ६९ वटा रहेका छन् ।

उपर्युक्त मुख्य वितरकहरूमार्फत एकता बुक्सले सम्बन्धित जिल्ला, सहर र तिनका निकटवर्ती टोल तथा गाउाहरूमा आफ्ना पुस्तकका उत्पादनहरू सुलभ तुल्याउने सुव्यवस्थित वितरण सञ्जाल खडा गरेको छ । यसबाट यो संस्था नेपाल राष्ट्रव्यापी पुस्तक व्यवसायी संस्थाको रूपमा प्रतिष्ठित भइसकेको तथ्य स्वतः अवगत हुन्छ ।

उपर्युक्त मुख्य वितरकबाहेक एकता बुक्स डिस्ट्रिब्युटर्सका आफ्नै शाखाहरू पनि छन् र ती शाखामार्फत पनि यसको पुस्तक व्यवसाय व्यवस्थित रूपमा सञ्चालित छ । यसका हाल सञ्चालनमा रहेका भगिनी संस्था तथा शाखाहरू हुन् :

(क) एकता एजुकेसनल पालेस, मानभवन, ललितपुर ।

(ख) एकता बुक्स डिस्ट्रिब्युटर्स, लामाचौर, पोखरा ।

(ग) एकता बुक्स डिस्ट्रिब्युटर्स, आनन्दटोल, हेटौडा ।

(घ) एकता बुक्स डिस्ट्रिब्युटर्स, थापाथली, काठमाडौा ।

(५) एकता बुक्स डिस्ट्रिब्युटर्स, प्रधाननगर, सिलिगुडी ।

(६) एकता एजुकेसनल रिसोर्स सेन्टर, काठमाडौा ।

उपर्युक्त संस्थाहरूमध्ये एकता एजुकेसनल पालेस, एकता एजुकेसनल रिसोर्स सेन्टर र एकता बुक हाउस चाहिा एकता बुक्सका भगिनीसंस्था हुन् भने हेटौडा र पोखराका संस्था चाहिा यसका क्षेत्रीय शाखा हुन् । यी भगिनी संस्था र क्षेत्रीय शाखामार्फत पनि एकता प्रकाशनका पुस्तकहरू पाठकका निम्नि सुलभ ढङ्गले उपलब्ध हुने गरी बिक्रीवितरण हुने गरेका छन् ।

**(ग) संस्थागत सम्पत्ति**

एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा. लि. ले व्यवसायगत चल सम्पत्तिको परिचालन गरिरहनुका साथै आफ्नै अचल सम्पत्ति पनि जोडेको छ । यस प्रा.लि. का नाममा मालपोत कार्यालय, काठमाडौामा दर्ता भएको र काठमाडौा महानगरपालिका वडा नं.

११ थापाथली, प्रसूतिगृह मार्गमा रहेको ०-१०-१-३ क्षेत्रफल भएको जग्गा छ । सो जग्गामा यस प्रा. लि. ले भूकम्पप्रतिरोधक क्षमता भएको आधुनिक लिफ्टसहितको आठतले भवन पनि खडा गरेको छ । यस किसिमको अत्याधुनिक भूकम्पप्रतिरोधी प्रविधिको प्रयोग गरी बनाइएको यो भवन सम्भवतः नेपालको निजी क्षेत्रको पुस्तक व्यवसायको इतिहासमा स्वार्जित प्रथम उपलब्धि नै होला । यसै भवनका चार तलाका छत्तीस हजार वर्गफिटमा विस्तारित पुस्तकीय सोरुम कम वा बिक्रीकक्ष पनि एकता बुक्सले खोलेको छ र यसै भवनमा नै उक्त प्रा. लि. को मुख्य कार्यालय रहेको छ ।

## २.४.१ संस्थागत उद्देश्य र कार्यक्षेत्र

एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा. लि. नेपालका पुस्तक व्यवसायका परम्परामा पच्चीस वर्ष पूरा गर्न सफल यस्तो संस्था हो जसले नाफामुखी व्यापारिक संस्थाका साथै जिम्मेवार सेवामुखी संस्थाका रूपमा पनि आफ्नो पहिचान बनाएको छ । व्यापार गर्नु यसको एउटा व्यावसायिक ध्येय रहेको छ भने राष्ट्रिय शैक्षिक तथा प्राज्ञिक समुन्नयनमा पुस्तकीय र अन्य किसिमका सेवामूलक गतिविधिद्वारा ठोस भूमिका निर्वाह गर्दै आउनु चाहि यसका संस्थागत उद्देश्यमा अन्तर्निहित अर्को उल्लेखनीय पक्ष हो । व्यापारिक संस्थाका रूपमा यसले लिएका प्रमुख उद्देश्यहरू यस प्रकार छन् :

(क) नेपालका विद्यालय, महाविद्यालय र विश्वविद्यालयका विभिन्न कक्षा तथा तहका लागि नेपाल सरकार र सम्बन्धित विश्वविद्यालयबाट स्वीकृत पाठ्यक्रमअनुसारका पाठ्यपुस्तक, सहायक पाठ्यपुस्तक र सन्दर्भ पाठ्यपुस्तकसमेत स्वदेशमै तयार गरी प्रकाशनमा ल्याउनु र बिक्रीवितरण गर्नु ।

(ख) त्यस्ता पाठ्यसामग्रीको लेखन-सम्पादनका निम्ति नेपाली प्रबुद्ध लेखकहरूलाई नै प्राथमिकता दिनु ।

(ग) संसारका प्रख्यात लेखकहरूद्वारा लिखित तथा सम्पादित र प्रतिष्ठित प्रकाशन संस्थाहरूद्वारा प्रकाशित पुस्तकहरूको आयात गरी तिनलाई बजारमा सर्वसुलभ बनाउनु,

(घ) नेपालबाट उत्पादित पुस्तकहरू विदेशमा निर्यात गर्नु,

(ङ) भाषा, कला, संस्कृति, साहित्य, विज्ञानप्रविधि आदिका साथै वाङ्मयका विविध विधा-उपविधाका सृजनात्मक, अनुसन्धानात्मक एवम् विश्लेषणात्मक खालका स्तरीय पुस्तकहरू समुचित शिल्पसज्जासहित प्रकाशित गर्नु आदि ।

यस संस्थाको उद्देश्यअनुसार यो नेपालका शिक्षाक्षेत्रको समग्र विकासका साथै नेपाल देश तथा नेपाली समाजको सेवा गर्ने भावनाका साथ सञ्चालनमा आएको हो ।

एकता बुक्सले वर्तमान समयमा हाम्रो मुलुकभित्र देखापरेका शैक्षिक अन्योल, पुस्तक व्यवसायभित्र मौलाइरहेको अस्वस्थ प्रतिस्पर्धा र यहाा भइरहेको कम गुणस्तरका शैक्षिक सामग्रीको उत्पादनजस्ता प्रतिकूल पक्षबारे राम्रो जानकारी राखेको छ । यस्ता कुराले हाम्रो देशको शिक्षाको विकासमा प्रतिकूल असर नपुऱ्याउन् भन्ने ध्यान राखी कक्षागत तथा तहगत शैक्षिक स्तर उकास्ने खालका उपयोगी पाठ्यपुस्तक तथा शैक्षिक सामग्री तयार पार्ने पवित्र उद्देश्य लिई एकता बुक्सले आफूलाई यस क्षेत्रमा क्रियाशील तुल्याएको हो । यसको प्राप्तिका निम्ति एकता बुक्सले स्तरीय पुस्तकको प्रकाशन गर्ने र बिक्रीवितरण गर्ने प्रबन्ध मिलाएको छ । वास्तवमा नेपाल सरकारको शैक्षिक योजनाअनुसारका आवश्यक पाठ्यपुस्तक तथा सन्दर्भ पाठ्यसामग्रीहरूको उत्पादन नेपालभित्रबाट गर्ने प्रतिबद्धताका साथ यो संस्था उदाएको हो र सोहीअनुसार यसको व्यवस्थापन सञ्चालन पनि भएको छ । निजी तथा आवासीय विद्यालयहरूका निम्ति आवश्यक शैक्षिक पाठ्यसामग्रीहरू स्वदेशमै उत्पादन गरी उपलब्ध गराउने पहिलो संस्था एकता बुक्स नै भएको कुरा सर्वविदितै छ । यस संस्थाले नेपालको शैक्षिक विकासलाई सघाउन शिशुकक्षा नर्सरीदेखि स्नातकोत्तरतहसम्मका पाठ्यपुस्तक र सहायक/सन्दर्भ पुस्तकका साथै अरू खालका सृजनात्मक, विश्लेषणात्मक तथा अनुसन्धानात्मक पुस्तकहरू विषयविद् एवम् अनुभवी लेखकहरूलाई तयार पार्न लगाई प्रकाशन गर्दै आएको छ र यसबाट पनि यो संस्था आफ्नो उद्देश्यप्राप्तिका दिशामा अग्रगमनशील रहेको छ भन्ने कुरा प्रमाणित हुन्छ ।

एकता बुक्सले आफ्नो पुस्तक व्यवसायको प्रवर्द्धन गर्ने सोद्देश्य अभियानमा नेपाली राष्ट्रियतालाई केन्द्रविन्दुको रूपमा राखेको छ । त्यसैले नेपालका विद्यार्थीहरूले आफ्नै देशको प्रकृति, वातावरण र संस्कृतिबाट अनुप्राणित स्तरीय शिक्षा प्राप्त गर्न सकून् भन्ने कुरालाई यस संस्थाले प्राथमिकता दिएको छ । यसै प्राथमिक उद्देश्यको परिपूर्तिका निम्ति यो संस्था आफ्नो स्थापनाकालदेखि नै नेपालका शिक्षामन्त्रालय,

पाठ्यपुस्तकसाग सम्बन्धित निकाय र विषयगत विज्ञ शिक्षक एवम् प्राध्यापकवर्गसाग सम्पर्क तथा कार्यसंयोजन गरी उत्कृष्ट पाठ्यपुस्तकहरू तयार गर्ने अभियानमा जुटेको हो । विगत पच्चीस वर्षका अवधिमा उक्त अभियानलाई यस संस्थाले सफलतापूर्वक अग्रगति दिादै आएको छ भने आगामी दिनमा पनि आफ्नो राष्ट्रिय शैक्षिक अठोटलाई अझ सुदृढ र समुन्नत तुल्याउादै कार्यान्वयन गर्ने दिशामा यो संस्था अविचलित नै रहनेछ । समयका माग र हााकलाई ध्यानमा राखी यस संस्थाले अद्यावधिक ज्ञान, सूचना तथा प्रविधिले समन्वित पाठ्यपुस्तकका साथै राष्ट्रोपयोगी एवम् समाजपयोगी अन्य सृजनात्मक विश्लेषणात्मक र अनुसन्धानात्मक पुस्तकहरू प्रकाशित गर्दै जाने आफ्नो उद्देश्यमूलक अभियानलाई निरन्तर रूपमा अगाडि बढाउादै लैजाने पक्का सोच बनाएको छ । यसका निम्ति नेपाल देशका प्रबुद्ध स्रष्टा, लेखक, शिक्षक, प्राध्यापक, वैज्ञानिक, दार्शनिक, राजनेता, अर्थशास्त्री, समाजशास्त्री, मानवशास्त्री आदि सबै थरी विद्वद्जनको आडभरोसा, मार्गदर्शन र सरसहयोगको चिर अपेक्षा एकता बुक्सले लिएको छ । सम्बन्धित विद्वद्जनका शैक्षिक, प्राज्ञिक उत्कृष्ट कृतिको समुचित कदर गर्ने आफ्नो व्यावसायिक कर्तव्य पूरा गर्न पनि यो संस्था पछि पर्नेछैन भन्ने कुरामा पनि यसका अध्यक्ष तथा प्रबन्ध सञ्चालक रामचन्द्र तिमोथी दृढ देखिन्छन् ।

एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा. लि. को मुख्य कार्यक्षेत्र पुस्तकहरूको प्रकाशन गर्नु र बिक्रीवितरण गर्नु नै हो । तदनुरूप यस संस्थाले आफ्नो प्रकाशनका पुस्तकहरूको बिक्रीवितरणको अभियानलाई स्वदेश तथा विदेशका विभिन्न सहर र गाउासम्ममा विस्तारित तुल्याएको छ ।

## २.५ निष्कर्ष

नेपालको पुस्तक व्यवसायका इतिहासमा दीर्घयात्रा तय गर्ने र सीमित तथा सङ्गठित संस्थाहरूका लहरमा पच्चीसबर्से जीवनयात्रा पूरा गरी एकता बुक्सले आफ्नो नाम गरिमामय रूपमा अङ्कित गर्ने सफलता प्राप्त गरेको छ । रजत महोत्सव मनाउन यो प्रकाशन सफल भइसकेको छ । आफ्ना व्यावसायिक प्रवर्द्धन र समाज सेवाको पवित्रताजस्ता दुई फरक धारलाई उत्तिकै सशक्तका साथ हुर्काउादै आउनु

एकता बुक्सको विगत पच्चीसवर्षीय यात्राको अत्यन्त महत्त्वपूर्ण प्राप्ति हो । यस बीचमा नेपालका शैक्षिक परिपाटीका निम्ति आवश्यक पाठ्यपुस्तकहरू नेपालकै लेखकहरूबाट लेखन तथा सम्पादन गराई नेपालमै मुद्रणसमेत गरी राष्ट्रिय शैक्षिक उद्देश्यप्राप्तिका गतिविधिलाई सघाउने पुस्तकव्यवसायी संस्थाका रूपमा एकता बुक्सले अग्रणी भूमिका खेलेको पाइन्छ । यसका ती गतिविधिले अत्यावश्यक पुस्तकहरूको उत्पादन र उपलब्धता स्वदेशमै गराई पुस्तक र तिनका मुद्रण प्रकाशनमा बाहिरिने स्वदेशी पूजीसमेत जोगाई राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक योगदान पुऱ्याएको कुरा जगजाहेर नै छ । यसैगरी पुस्तकको आयात-निर्यात व्यापार र नेपालभित्र तथा बाहिरसमेत पुस्तकका बिक्रीवितरणको आफ्नै बृहत् सञ्जाल खडा गर्ने उपलब्धि पनि यस बीचमा एकता बुक्सले हासिल गरेको छ । आफ्नो यात्रामा निरन्तर रूपले सफलता प्राप्त गरिरहेको यो प्रकाशन अहिले झाङ्गिने, फुल्ने र फैलिएर फल्ने अवस्थामा पुगिसकेको छ ।

भर्खरैभर्खरै बामे सर्न लागेको नेपाली भाषासाहित्य र सिङ्गो नेपाली वाङ्मयका क्षेत्रमा यस प्रकाशनले जुन योगदान दिएको छ त्यो नेपालको पुस्तक व्यवसायिक इतिहासमा सदैव सुनौला अक्षरले रहिरहने छ । आफ्नो स्थापनाकालीन समयमा अनेक आरोह-अवरोह, बाधा-अड्चन, व्यवधान झेल्नुपरेको तीतो अनुभव पनि यस संस्थासाग जीवितै रहेको छ । विशेष गरेर नेपाली भाषासाहित्यमा एकातिर गहन योगदान यस संस्थाको रहेको छ भने अर्कातिर नेपाली बालसाहित्यमा यसले जुन योगदान दिएको छ त्यो सिङ्गो नेपाली बालसाहित्यको इतिहासमा नै अमर रहने छ । एकता बालपरियोजनाजस्ता बालपरियोजनाहरू ल्याई भर्खरैभर्खरै ताते गर्दै हिाड्न लागेको नेपाली बालसाहित्यलाई यसले मौलाउने अवसर प्रदान गरेको छ । यसले करिब ५ दर्जनको हाराहारीमा नेपाली बालसाहित्यकारका बालसाहित्यिक कृतिहरूको प्रकाशन गरेर अतुलनीय योगदान दिएको छ ।

यसरी अन्त्यमा भन्नुपर्दा वि. सं. २०३९ मा एकता बुक्स एन्ड स्टेसनर्सको नामले स्थापित भएको यो प्रकाशन हालको अवस्थामा आइपुग्दा नेपालको सफल पुस्तक प्रकाशनको एक सफल व्यावसायिक प्रकाशनमध्येको अग्रपङ्क्तिमा देखा पर्दछ र

यसको यो विकास बढोत्तरी र उन्नतिमा यस प्रकाशनका संस्थापक रामचन्द्र तिमोथीलाई नै सफलताको श्रेय जान्छ ।

# तेस्रो परिच्छेद

# एकता प्रकाशनबाट प्रकाशित बालसाहित्यका कृतिको विधागत वर्गीकरण र प्रवृत्तिगत विश्लेषण

## ३.१ पृष्ठभूमि

आफ्नो स्थापनाकालदेखि नै नेपाली भाषासाहित्य र सिङ्गो नेपाली वाङ्मयको क्षेत्रमा महत्त्वपूर्ण कार्य गर्दै आइरहेको यस एकता प्रकाशनले आफ्नो पच्चीसबर्से लामो यात्रामा बालसाहित्यको क्षेत्रमा अविस्मरणीय योगदान दिएको छ । बालबालिका भोलिका राष्ट्रका नायक हुन् र संसारलाई सही पथप्रदर्शन गर्ने भविष्यका कर्णधार हुन् । यिनीहरूको सर्वाङ्गीण विकासमा ध्यान दिनुपर्छ र यिनीहरूको भविष्य सबै कोणबाट सुन्दर हुनुपर्छ । जसको परिणाम भोलि गएर उनीहरू राष्ट्रका एक सफल व्यक्ति बन्न पुगून् भन्ने गरिमामय सोच राखेर यस प्रकाशनले नेपाली बालसाहित्यको जुन प्रकाशन गऱ्यो निश्चय नै यो अविस्मरणीय मात्र नभएर प्रशंसनीय छ । यसले लगभग पााच दर्जनभन्दा बढी बालसाहित्यिक कृतिहरू प्रकाशित गरिसकेको छ र यो क्रम जारी नै छ । एकता बुक्स प्रकाशनले नेपाली बालसाहित्यमा दिएको योगदानको सर्वेक्षण गर्दा एकता बालसाहित्य परियोजना एउटा कोसेढुङ्गाका रूपमा देखापर्छ ।

एकता प्रकाशनको प्रारम्भदेखि २०६४ सालसम्म प्रकाशित बालसाहित्यिक कृतिहरूको सूची निम्नानुसार रहेको छ :

**(क) नेपाली पुस्तक**

| **क. सं.** | **कृति** | **रचनाकार** |
|---|---|---|
| १ | नेपाली बालगीतमाला | एडोन रोङ्गोङ |
| २ | कमिलाको ताााती | कृष्णप्रसाद दाहाल |
| ३ | झुल्के घाम | शैलेन्दुप्रकाश नेपाल |
| ४ | पानी-पानी | रामबाबु सुवेदी |
| ५ | बालक, बिरूवा र पृथ्वीमाता | गेहेन्द्रभूषण पोखरेली |
| ६ | हिउादे छुट्टी | रमेश विकल |
| ७ | अनौठो देशमा एलिस | प्रा. डा. चूडामणि बन्धु ( अनुवादक) |
| ८ | सुनपङ्खी चरी | माधव घिमिरे |
| ९ | बुद्धिको पदोन्नति | राजनारायण प्रधान |

| | | |
|---|---|---|
| १० | कागजको डुङ्गा | दुर्गालाल श्रेष्ठ |
| ११ | सन्तको छाता | दुर्गालाल श्रेष्ठ |
| १२ | सन्तया कुसा | दुर्गालाल श्रेष्ठ |
| १३ | घान्द्रुक झलल | रामबाबु सुवेदी |
| १४ | सुलेखक (चिनियाा लघुकथाको सागालो) | ह थाउरूङ |
| १५ | बालसंसार | कृष्णप्रसाद दाहाल |
| १६ | बनौा सबै ज्ञानी ! | भीष्मराज प्रसाईं |
| १७ | कथाकुल -१ | काशीराज सुवेदी |
| १८ | कथाकुल -२ | काशीराज सुवेदी |
| १९ | कथाकुल -३ | काशीराज सुवेदी |
| २० | मैले बिर्सन नसकेको साथी | रामेश श्रेष्ठ |
| २१ | बालरामायण | चूडामणि बन्धु |
| २२ | अठोट : बाल लघुनाटकसङ्ग्रह | शारदारमण नेपाल |
| २३ | पिाजराको सुगा | लेखनाथ पौड्याल |
| २४ | रसबरी | ध्रुवकृष्ण दीप |
| २५ | जूनतारा | कृष्णप्रसाद पराजुली |
| २६ | चतुरेको चर्तीकला भाग -१ | गोरखबहादुर सिंह |
| २७ | काठमाडौा उपत्यकाका जात्राहरू | चूडामणि बन्धु |
| २८ | एकता बालजीवनीमाला : लक्ष्मीप्रसाद देवकोटा | चूडामणि बन्धु |
| २९ | एकता बालजीवनीमाला : गौतम बुद्ध | भिक्टर प्रधान |
| ३० | एकता बालजीवनीमाला : महामना शङ्खधर साख्वा | भिक्टर प्रधान |
| ३१ | एकता बालजीवनीमाला : मोतीराम भट्ट | चूडामणि बन्धु |
| ३२ | एकता बालजीवनीमाला : अरनिको | कृष्णप्रसाद पराजुली |
| ३३ | चतुरेको चर्तीकला भाग-३ | गोरखबहादुर सिंह |

| | | |
|---|---|---|
| ३४ | सुगाको जन्मदिन | ऋषिराम शर्मा |
| ३५ | हिमपरी | भुवन तामाङ |
| ३६ | वर्णहरूको कथा र व्यथा | ऋषिराम शर्मा |
| ३७ | प्रेमका फूलहरू | एडोन रोङ्गोङ |
| ३८ | बाादर र गोही | राजनारायण प्रधान |
| ३९ | चराको बुद्धि | राजनारायण प्रधान |
| ४० | स्याल र मुजुर | राजनारायण प्रधान |
| ४१ | भालु र दाउरे | राजनारायण प्रधान |
| ४२ | लेप्चा गुरु | राजनारायण प्रधान |
| ४३ | फूलबारी | भानुभक्त पोखरेल |
| ४४ | लिमीको खोजमा कान्छी | म्याथ ह्वाइट |
| ४५ | सुनकल्छे हिमाल | कृष्णप्रसाद पराजुली |
| ४६ | तीतामीठा कुरा | इन्द्रप्रसाद अधिकारी |
| ४७ | होमी मामा | राजनारायण प्रधान |
| ४८ | माइकल फेराडे | राजनारायण प्रधान |
| ४९ | मेरी क्युरी | राजनारायण प्रधान |
| ५० | विलभर र ओर्भिल राइट | राजनारायण प्रधान |
| ५१ | अलबर्ट आइस्टेन | राजनारायण प्रधान |
| ५२ | अलेक्जेन्डर फ्लेमिङ्ग | राजनारायण प्रधान |

**(ख) अङ्ग्रेजी बालगीत**

| क. स. | कृति | रचनाकार | प्रकाशित वर्ष |
|---|---|---|---|
| ज्ञ | ल्गचकभचथ च्जथ्कभ त्रुभ | ऋर्यभिअतष्यल | |
| द्द | च्जथ्कभक ायच थयग | ऋर्यभिअतष्यल | |
| घ | ागल भ्ष्हज च्जथ्कभक | ऋर्यभिअतष्यल | |
| द्ध | त्वभबकगचथ च्जथ्कभक | ऋर्यभिअतष्यल | |

### ३.१.१ एकता प्रकाशनबाट प्रकाशित बालसाहित्यिक कृतिहरूको विधागत वर्गीकरण/रूपरेखा

नेपाली बालसाहित्यलाई विभिन्न विधाहरूमा छुट्याउन सकिन्छ । बालसाहित्यका ती विधाहरूमा बालकथा, बालकविता, बालउपन्यास, बालनाटक, बालएकाङ्की, बालजीवनी, बालकाव्यकला, बालचित्रकथा आदि रहेका छन् ।

आफ्नो स्थापनाको समयदेखि नै नेपाली भाषा र साहित्यमा योगदान पुऱ्याउदै आएको यस प्रकाशनले नेपाली बालसाहित्यमा आफ्नो पाइला अगाडि बढायो । अझ एकता बालपरियोजनाले त यस कार्यमा नयाा ईटा थप्ने कार्य गऱ्यो । यसपछि अझ बालसाहित्यको क्षेत्रमा नयाा आयामको सुरुआत गऱ्यो । चूडामणि बन्धु, डा. महादेव अवस्थी, केशव सुवेदी आदि नेपाली भाषासाहित्यका लब्धप्रतिष्ठित अन्य थुप्रै व्यक्तिहरूको महत्त्वपूर्ण सहयोगमा सञ्चालित योजनामार्फत दिएको एकता प्रकाशनको योगदान कोसेढुङ्गोको रूपमा स्थापित भएको छ । यस प्रकाशनबाट प्रकाशित बालसाहित्यिक कृतिहरूलाई विधागत रूपमा निम्नानुसार वर्गीकरण गरिएको छ :

**(क) बालकविता**

| क्र. सं. | कृति | रचनाकार |
|---|---|---|
| १ | कमिलाको तााती | कृष्णप्रसाद दाहाल |
| २ | झुल्के घाम | शैलेन्दुप्रकाश नेपाल |
| ३ | पानी-पानी | रामबाबु सुवेदी |
| ४ | सन्तको छाता | दुर्गालाल श्रेष्ठ |
| ५ | सन्तया कुसा | दुर्गालाल श्रेष्ठ |
| ६ | घान्द्रुक झलल | रामबाबु सुवेदी |
| ७ | पिजराको सुगा | लेखनाथ पौड्याल |
| ८ | फूलबारी | भानुभक्त पोखरेल |
| ९ | गौथलीको चिरबिरी | लेखनाथ पौड्याल |
| १० | किताब चरो | लक्ष्मीप्रसाद देवकोटा |
| ११ | पुतलीको नाच | वासुदेव त्रिपाठी |
| १२ | जूनतारा | कृष्णप्रसाद पराजुली |
| १३ | बालक, बिरूवा र | गेहेन्द्रभूषण पोखरेली |

| | | |
|---|---|---|
| | पृथ्वीमाता | |

**(ख) बालगीतमाला**

| **क्र. सं.** | **कृति** | **रचनाकार** |
|---|---|---|
| १ | झुल्के घाम | शैलेन्दुप्रकाश नेपाल |
| २ | बनौा सबै ज्ञानी ! | भीष्मराज प्रसाई |
| ३ | सुनपङ्खी चरी | माधव घिमिरे |
| ४ | नेपाली बालगीतमाला | एडोन रोङ्गोङ |
| ५ | सुनकल्छे हिमाल | कृष्णप्रसाद पराजुली |
| ६ | तीतामीठा कुरा | इन्द्रप्रसाद अधिकारी |

**(ग) बालकथा**

| **क्र. सं.** | **कृति** | **रचनाकार** |
|---|---|---|
| १ | अनौठो देशमा एलिस | चूडामणि बन्धु (अनुवादक) |
| २ | मायाका फूलहरू | एडोन रोङ्गोङ |
| ३ | हिउादे छुट्टी | रमेश विकल |
| ४ | लिमीको खोजमा कान्छी | क्याथ ह्वाइट |
| ५ | चतुरेको चर्तीकला भाग १ | गोरखबहादुर सिंह |
| ६ | स्याल र मुजुर | राजनारायण प्रधान |
| ७ | बुद्धिको पदोन्नति | राजनारायण प्रधान |
| ८ | लेप्चा गुरु | राजनारायण प्रधान |
| ९ | चराको बुद्धि | राजनारायण प्रधान |
| १० | कथाकुल १, २, ३ | काशीराज सुवेदी |
| ११ | सुगाको जन्मदिन | ऋषिराज शर्मा |
| १२ | भालु र दाउरे | राजनारायण प्रधान |
| १३ | बाादर र गोही | राजनारायण प्रधान |
| १४ | बाल संसार | कृष्णप्रसाद दुवाल |
| १५ | सुलेखक | ह थाउरूङ |
| १६ | चाादीको सााचो | रमेश विकल |
| १७ | सानाठूला ताराहरू | एडोन रोङ्गगोङ |

### (घ) बालउपन्यास

| क्र. सं. | कृति | रचनाकार |
|---|---|---|
| १ | हिमपरी | भुवन तामाङ |
| २ | अनौठो देशमा एलिस | चूडामणि बन्धु |

### (ङ) यात्रा-संस्मरण

| क्र. सं. | कृति | रचनाकार |
|---|---|---|
| १ | मैले बिर्सन नसकेको साथी | रामेश श्रेष्ठ |
| २ | बाल रामायण | चूडामणि बन्धु |

### (च) बालजीवनी

| क्र. सं. | कृति | रचनाकार |
|---|---|---|
| १ | गौतम बुद्ध | भिक्टर प्रधान |
| २ | मोतीराम भट्ट | चूडामणि बन्धु |
| ३ | लक्ष्मीप्रसाद देवकोटा | चूडामणि बन्धु |
| ४ | महामना शङ्खधर साख्वा | भिक्टर प्रधान |
| ५ | अरनिको | कृष्णप्रसाद पराजुली |
| ६ | हाम्रा राष्ट्रिय विभूति : सीता | गोपीकृष्ण शर्मा |
| ७ | हाम्रा राष्ट्रिय विभूति : रामशाह | केशव सुवेदी |

### (छ) अन्तर्राष्ट्रिय जीवनी

| क्र. सं. | कृति | रचनाकार |
|---|---|---|
| १ | माइकल फेरोड | राजनारायण प्रधान |
| २ | मायाका फूलहरू | राजनारायण प्रधान |
| ३ | मेरी क्युरी | राजनारायण प्रधान |
| ४ | विलभर र ओर्भिल राइट | राजनारायण प्रधान |
| ५ | अल्बर्ट आइन्स्टेन | राजनारायण प्रधान |
| ६ | अलेक्जेन्डर फ्लेमिङ्ग | राजनारायण प्रधान |

### (ज) बाल लघुनाटक

| क. सं. | कृति | रचनाकार |
|---|---|---|
| १ | अठोट | शारदारमण नेपाल |
| २ | जुनेलीको बिहे | रामबाबु सुवेदी |
| ३ | हजुरआमै भन्नुहुन्थ्यो | रमेश विकल |

## ३.१.२ एकता प्रकाशनबाट प्रकाशित बालसाहित्यिक कृतिहरूको विधागत मूल्याङ्कन एवम् प्रवृत्तिगत विश्लेषण

### ३.१.३.१ बालकथा

### (क) भालु र दाउरे बालकथासङ्ग्रह

**भालु र दाउरे**[10] राजनारायण प्रधानको बालकथासङ्ग्रह हो । यसमा जम्मा पााचवटा कथाहरू सङ्ग्रहित छन् । ती कथाहरू निम्नानुसार छन् :

(क) भालु र दाउरे

(ख) जीवनदान पाएको पुतली

(ग) सिन्ड्रेला

(घ) बाठो केटो

(ङ) चन्द्र र चन्द्रिका

यी कथाहरूको छोटकरी विश्लेषण निम्नानुसार गरिएको छ :

'भालु र दाउरे'[11] यस कथासङ्ग्रहमा रहेको पहिलो कथा हो । कथाकारले यही कथाको नामबाट कथासङ्ग्रहको नामकरण गरेका छन् । सरसर्ती पढ्दा लोककथाजस्तो लाग्ने र लोककथाको झल्को पाइने यस कथामा आर्थिक विपन्नताका कारण भरपेट

---

[10] राजनारायण प्रधान, **भालु र दाउरे,** (काठमाडौँ : एकता प्रकाशन, २०६३) ।

[11] पूर्ववत्, पृ. १ ।

पनि खान गाह्रोगाह्रो परेको अवस्थालाई देखाइएको छ । त्यस्तै गरी चतुऱ्याइा गरेमा दोहोरो फाइदासमेत लिन सकिन्छ भन्ने सन्देश यस कथाले दिएको छ ।

'जीवनदान पाएको पुतली'[१२] यस कथासङ्ग्रहभित्र रहेको दोस्रो महत्त्वपूर्ण कथा हो । यस कथामा पनि लोककथाको आभास पाइन्छ । पहेलपुर भन्ने गाउाको परिवेशलाई आधार बनाएर लेखिएको यस कथाले जीवनमा केही कुरा अवश्य सिक्नुपर्छ र अवसर पाएको बेला त्यसलाई देखाउनुपर्छ भन्ने जानकारी दिन्छ भने राम्रो वस्तु वा सुन्दर वस्तु सबैलाई मनपर्छ । सबैले यो प्राप्त गर्ने कोसिस गर्छन् भन्ने जानकारी कथाले दिन्छ ।

'सिन्ड्रेला'[१३] यस कथासङ्ग्रहमा रहेको तेस्रो कथा हो । यो कथा समाजमा विद्यमान बहुविवाहप्रथा अनि सौतेनी आमाले सौतेनी छोराछोरीहरूप्रति गर्ने व्यवहारलाई देखाएको छ । सौतेनी छोराछोरी र आफ्ना छोराछोरीमा कतिको विभेद हुन्छ भन्ने कुरालाई कथाले देखाउन खोजेको छ । त्यति मात्र होइन सही कार्यलाई अदृश्य शक्तिले पनि सहयोग गर्छन् भन्ने कुरा प्रकट भएकी परीले सिन्ड्रेलालाई गरेको कार्यबाट पुष्टि हुन्छ ।

'बाठो केटो'[१४] **भालु र दाउरे** कथासङ्ग्रहभित्रको चौथो कथा हो । प्रस्तुत कथा निकै आकर्षक र चाखलाग्दो छ । कथाले कुनै पनि काम जुक्ति र बुद्धिका साथ होसियारीपूर्ण तरिकाले सोचेर गर्नुपर्छ भन्ने सन्देश दिएको छ । केटाले ३/३ पटकसम्म चोरलाई आफ्नो बुद्धिले छक्याएर आफू आनन्दसाग बसेको घटनाले पनि यस कुरालाई पुष्टि गरेको छ ।

'चन्द्र र चन्द्रिका'[१५] यस कथासङ्ग्रहभित्रको पााचौा तथा अन्तिम कथा हो । यसमा पनि सौतेनी छोराछोरीप्रतिको व्यवहारलाई देखाइएको छ । फेरि हतारमा कुरा नबुझी निर्णय गर्नु राम्रो होइन भन्ने सन्देश यसबाट पाइन्छ ।

---

[१२] पूर्ववत्, पृ. ५-११ ।

[१३] पूर्ववत्, पृ. १२-१४ ।

[१४] पूर्ववत्, पृ. १५-१९ ।

[१५] पूर्ववत्, पृ. २०-२४ ।

**(ख) बाादर र गोही बाल कथासङ्ग्रह**

**बाादर र गोही** (२०६३) राजनारायण प्रधानको निकै चर्चित बालकथासङ्ग्रह हो । यस कथासङ्ग्रहमा जम्मा पााचवटा कथाहरू रहेका छन् । आयामका दृष्टिकोणले छोटा मानिने यस कथासङ्ग्रहका कथाहरू निम्नानुसार रहेका छन् :

(क) दशम दिनको धरहरा

(ख) सााचो बोल्ने केटो

(ग) दुई छिमेकी

(घ) हेमा र नागराज

(ङ) बाादर र गोही ।

यी कथाहरूको छोटकरीमा विश्लेषण तल गरिएको छ :

'दशम दिनको धरहरा'[१६] बालकथाकार राजनारायण प्रधानको **बाादर र गोही** कथासङ्ग्रहभित्रको पहिलो कथा हो । यसमा मानिसको जिज्ञासु (थाहा पाउन खोज्ने वा जान्न खोज्ने) बानीलाई देखाइएको छ तर कुनै पनि काम गर्दा धैर्य नगुमाई सोचेर सत्य के हो ? थाहा पाएर मात्र गर्नुपर्छ भन्ने सन्देश कथाले दिन्छ । बालबालिकाको कलिलो मस्तिष्कमा यो कथाले निकै प्रभाव पार्ने देखिन्छ ।

'सााचो बोल्ने केटो'[१७] यस कथासङ्ग्रहमा रहेको दोस्रो कथा हो । यस कथाले मानिसलाई सााचो बोल्न सिकाएको छ तर सााचो कुरा गाउाका गन्यमान्यलाई त्यति धेरै नपच्ने यथार्थको खोलुवासमेत गरिएको छ ।

'दुई छिमेकी'[१८] यस कथासङ्ग्रहको तेस्रो कथा हो । बालबालिकामा यस कथाले राम्रो सन्देश प्रवाह गर्छ । वास्तवमा छिमेकी कस्ता हुन्छन् ? के अप्ठ्यारो परेका बेला

---

[१६] राजनारायण प्रधान, 'दशम दिनको धरहरा', **बाँदर र गोही**, (काठमाडौँ : एकता प्रकाशन, २०६३), पृ. १ ।

[१७] पूर्ववत, पृ. ८-९ ।

[१८] पूर्ववत्, पृ. ११-१४

उनीहरूले सहयोग गर्छन् ? भन्ने कुरालाई देखाइएको छ भने अर्कातिर आध्यात्मिक चिन्तनबाट फल प्राप्तिसमेत हुने कुरालाई गोविन्दले गरेको महादेवको तपस्या, ध्यान अनि महादेवले दिएको नरिवल र त्यसबाट प्राप्त धन आदिले समेत यही कुरालाई देखाउाछ । अर्को वाक्यमा भन्नुपर्दा छिमेकीछिमेकीले एकआपसमा देखासेखी र ईर्ष्यालु भावना राख्नु हुादैन भन्ने सङ्केत कथामा पाइन्छ ।

'हेमा र नागराज'[१९] राजनारायण प्रधानको कथासङ्ग्रह **बाादर र गोही** कथासङ्ग्रहभित्रको अर्को महत्त्वपूर्ण कथा हो । लोककथाको झल्को दिने यस कथामा सम्भ्रान्त परिवारका छोराछोरी कत्तिको जिद्दीवाल हुन्छन् भन्ने कुरा राजकुमारी हेमाले नागराजसाग बिहे गरेको घटनाबाट पुष्टि हुन्छ भने अर्कातिर सुन्दर र आकर्षक वस्तुप्रति सबै आकर्षित र मन्त्रमुग्ध हुन्छन् भन्ने कुरालाई देखाइएको छ ।

'बाादर र गोही'[२०] यस कथासङ्ग्रहको अन्तिम कथा हो । कथाकार प्रधानले यही कथाबाट आफ्नो कथासङ्ग्रहको नामकरण गरेका छन् । पशुपक्षी वा जीवजनावरको विषयलाई लिएर लेखिएको यो कथा पढ्दा आकर्षक र रमाइलो लाग्ने खालको छ । काम गर्दा जुक्ति र बुद्धिले गर्नुपर्छ भन्ने सन्देश यस कथाले प्रवाह गर्छ ।

निष्कर्षमा भन्नुपर्दा प्रस्तुत कथासङ्ग्रह उत्कृष्ट छ । केशव सुवेदीको सम्पादन रहेको यस कथासङ्ग्रहमा अत्यन्तै आकर्षक र मनमोहक चित्र भर्ने काम कीर्तिकौशल जोशीले गरेका छन् । बाहिरी आवरण उत्कृष्ट देखिन्छ । प्रत्येक कथामा विषयवस्तुअनुसारको चित्र कोरिएका छन् । यसले बालबालिकामा थप उत्सुकता बढाएको छ । छोटकरीमा भन्नुपर्दा यो प्रधानको रसिलो, मीठो र शिक्षाप्रद कथा हो ।

### (ग) 'चराको बुद्धि' कथासङ्ग्रह

बालसाहित्यको क्षेत्रमा अनवरतरूपले आफ्नो कलमलाई दगुराउने र बालसाहित्यका क्षेत्रमा कमल चलाई नेपाली बालसाहित्यलाई भरिभराउ पार्ने बालसाहित्यकार श्री राजनारायण प्रधानद्वारा लिखित **चराको बुद्धि** उत्कृष्ट

---

[१९] पूर्ववत्, पृ. १५-१८ ।

[२०] पूर्ववत्, पृ. १९ ।

बालकथासङ्ग्रह हो । वि. सं. २०६३ मा प्रा. केशव सुवेदीद्वारा सम्पादित र सिङ्गो कथासङ्ग्रहको आकारमा प्रकाशित यस कथासङ्ग्रहभित्र जम्मा पाँचवटा कथाहरू रहेका छन् । ती कथाहरू निम्नानुसार रहेका छन् :

(क) पाहुनाको मानमनितो

(ख) अब्दुलको घोडा

(ग) चराको बुद्धि

(घ) कामको फल

(ङ) चङ्खे ।

यस कथासङ्ग्रहमा रहेका सबै कथाहरू रसिला, मीठा र शिक्षाप्रद हुनाका साथसाथै सन्देशवाहक पनि रहेका छन् । यी कथाहरूको सङ्क्षिप्त विश्लेषण तल गरिएको छ :

'पाहुनाको मनितो'[२१] **चराको बुद्धि** कथासङ्ग्रहको पहिलो कथा हो । आयामगत दृष्टिले हेर्दा यो कथा खासै लामो छैन । पूर्वी नेपालको उदयपुरस्थित एउटा गाउँको परिवेशलाई आधार बनाएर लेखिएको यस कथाले बालबालिकामा 'अथितिदेवो भवः' भन्ने सन्देश प्रवाहित गर्छ । हाम्रो नेपाली संस्कृतिअनुसार साँझका पाहुना भनेका देवता बराबर हुन्छन् । उनीहरूको मानसम्मान गर्नुपर्छ । मुस्किलमा परेकालाई कर्तव्य पूरा गर्नुपर्छ भन्ने यस कथाको सन्देश रहेको छ ।

प्रस्तुत कथा सरल छ । शब्दको चयनमा लेखकले सरलतालाई छानेका छन् भने वाक्यगठन पनि सरल नै छ । जटिल शब्द र वाक्यगठनको प्रयोग यसमा छैन । यसमा प्रयुक्त चित्रहरूले कथालाई थप आकर्षक बनाएका छन् ।

'अब्दुलको घोडा'[२२] यस कथासङ्ग्रहको दोस्रो कथा हो । पश्चिम एसियाको इराक राज्यको बगदाद सहरको परिवेशलाई आधार बनाएर लेखिएको यो कथा निकै कुतूहलपूर्ण छ । यस कथाले तत्कालीन राज्यसञ्चालन गर्ने शासकहरू बढी सौखिन

---

[२१] राजनारायण प्रधान, 'पाहुनाको मानमनितो', **चराको बुद्धि**, (काठमाडौँ : एकता प्रकाशन, २०६४), पृ. १ ।

[२२] पूर्ववत्, पृ. ८-१०

थिए भन्ने ऐतिहासिक तथ्यलाई उजागर गर्छ साथै असली चीजको मूल्य पनि असली नै हुन्छ भन्ने कुराको सङ्केत 'अब्दुलको घोडा' शीर्षकको कथाले दिन्छ ।

यस कथासङ्ग्रहको नामकरण गरिएको सङ्ग्रहको तेस्रो कथा 'चराको बुद्धि'[२३] हो । नेपालकै सुन्दर नगरी एवम् सुन्दर प्राकृतिक रमणीयताले भरिभराउ पूर्वी नेपालको तत्कालीन इलाम राज्य, वर्तमानको इलाम जिल्लाको प्राकृतिक परिवेशलाई कथाको कथावस्तु बनाएर लेखिएको यो कथा निकै नै रसिलो र आकर्षक छ । हामीले कुनै पनि काम गर्दा वा बोल्दा होसियारी र बुद्धिमत्तापूर्वक गर्नुपर्छ भन्ने सन्देश एकातिर यस कथाले दिन्छ भने अर्कातिर राम्रो र मीठो बोलीवचन सबैका प्यारा हुन्, त्यसलाई सबैले मन पराउाछन् । हामीले पनि जुरेलीजस्तै मीठो, नरम र अरूलाई आफ्नो बोलीवचनले लठ्ठ वा आफूतिर आकर्षित गराउन सक्नुपर्छ भन्ने सन्देश कथाले प्रवाहित गर्छ । सरल, सरस र सहज भाषाशैलीको प्रयोग गरिएको अनि बालबालिकाको स्तर अनुकूल रहेको यो कथा यस सङ्ग्रहको उत्कृष्ट कथाका रूपमा देखापर्छ ।

'कामको फल'[२४] यस कथासङ्ग्रहमा रहेको अर्को कथा हो । सुन्दा र पढ्दाखेरि अपत्यारिलो लाग्ने यो कथा जिज्ञासापूर्ण छ । उहिलेको समयलाई आधार बनाएर रचना गरिएको यस कथाले नेपाली समाजको परम्परागत मूल्य र मान्यतालाई देखाउन खोजेको छ ।

'चङ्खे'[२५] यस कथासङ्ग्रहको पााचौा तथा अन्तिम कथा हो । जितपुर गाउाको परिवेशलाई आधार बनाएर लेखिएको यस कथाले आफ्ना अभिभावकले आफ्ना छोराछोरीलाई कुलत, कुबाटो र कुकर्ममा हिाड्न दिनु हुादैन, अभिभावकले यस कुरामा सचेत रहनु पर्छ । आफ्नो आवश्यकता पूर्ति गर्न नराम्रा कामहरू पनि गर्न अग्रसर हुने हाम्रो बानी र व्यवहारप्रति अभिभावक वर्गले सदैव चासो राख्न एवम् सचेत रहनुपर्छ भन्ने सन्देश प्रवाहित गर्छ भने अर्कातिर जति पनि बालबालिकाहरू कुलत, कुमार्ग, कुकार्यमा अगाडि सर्छन्, धेरै चाहि आर्थिक अभाव, गरिबी, विपन्नता आदिका कारणले

---

[२३] पूर्ववत्, पृ. ११-१३ ।

[२४] पूर्ववत्, पृ. १४-१६ ।

[२५] पूर्ववत्, पृ. १७-१८ ।

हुनपुग्छन् वा त्यही कारणले नै बालबालिका यस्ता नराम्रा काम गर्न पुग्छन् । त्यसैले यो गरिबी नै यस्ता कार्यहरू गर्न निम्त्याउने प्रमुख कारक तत्त्व हो भन्ने कुरा यस कथाको पात्र चङ्खेमार्फत कथाकारले यहाा देखाउन खोजेका छन् ।

प्रस्तुत **चराको बुद्धि** शीर्षकको कथासङ्ग्रह राजनारायण प्रधानको उत्कृष्ट कथासङ्ग्रहमध्येको पङ्क्तिमा आउाछ । रङ्गीन पृष्ठको बाहिरी आवरणले बालबालिकामा थप रोचकता र उत्सुकता प्रदान गरेको छ । यसको बाह्य भौतिक पक्ष उत्कृष्ट छ । कुशल कालिगढीले ढालेको सुन्दर मूर्तिजस्तो आवरण पृष्ठमा राजाराम के. सी. को निकै दिमाखीपनको प्रयोग छ भने चित्र अत्यन्तै आकर्षक छ । रामनारायण महतोको कुशल चित्रकोराइले कथासङ्ग्रह थप आकर्षित बन्न पुगेको छ ।

समग्रमा कथासङ्ग्रहको आन्तरिक पक्ष सशक्त र मजबुत छ । केशव सुवेदीको कुशल सम्पादकले प्रायः कमीकमजोरी रहेका छैनन् । कथालाई थप स्पष्ट पार्न र बालबालिकालाई कथा बुझ्न सजिलो होस् भन्ने उद्देश्य र बालबालिकामा थप उत्सुकता पैदा होस् भनेर कोरिएका चित्रहरूले कथालाई थप सरल र सहज बनाएको छ । लेखकले आफ्नो कलमलाई सहज, सरल, मिठासतिर अगाडि बढाएका छन् । शब्दछनोट, वाक्यगठन आदि बालबालिकाको रुचि र क्षमताअनुसारका नै छन् । समग्रमा भन्नुपर्दा बालबालिकाको रुचि, क्षमता, स्तर, चाहनाअनुसारको शैक्षिक एवम् ज्ञानवर्द्धक खुराकले यो कथासङ्ग्रह भरिएको छ। त्यसैले निष्कर्षमा भन्नुपर्दा प्रस्तुत **चराको बुद्धि** शीर्षकको बालकथासङ्ग्रह भौतिक एवम् आन्तरिक दुवै पक्षले भरिपूर्ण र उत्कृष्ट छ ।

### (घ) 'चतुरेको चर्तिकला भाग -१' कथासङ्ग्रह

गोरखबहादुर सिंहको उत्कृष्ट र निकै चर्चा पाएको बालकथासङ्ग्रह **चतुरेको चर्तिकला**[२८] हो । विशेष गरेर गोरखबहादुर सिंहले बालमस्तिष्कलाई आनन्दित तुल्याउने खालका र बठ्याइाले भरिएका कथाहरूको पुनः कथन गरेर यो कथासङ्ग्रह तयार पारेका छन् । दोस्रो पटकको संस्करणमा आएको यो कथासङ्ग्रहभित्र जम्मा बाह्रवटा बालकथाहरू रहेका छन् । ती कथाहरू निम्नानुसारका शीर्षकमा रहेका छन् :

---

[२८] गोरखबहादुर सिंह, **चतुरेको चर्तिकला**, (काठमाडौँ : एकता प्रकाशन, २०६२) ।

(क) अचम्मको दाात

(ख) दुई रोटीको भागबन्डा

(ग) मुखियाको ज्वाइा

(घ) भालेको मोल

(ङ) काका ! म तपाईप्रति आभारी छु

(च) सरहको ठूलो चोर

(छ) पीपलछायाको कारोवार

(ज) देख्ने अन्धो

(झ) दुई पण्डितको कथा

(ञ) खेतको पहाड

(ट) लौ पऱ्यो फसाद

(ठ) ढुङ्गे झोल

यी कथाहरूको सङ्क्षिप्त विश्लेषण तल गरिएको छ :

'अचम्मको दाात'[२७] कथा **चतुरेका चर्तिकला** कथासङ्ग्रहको पहिलो कथा हो । यस कथामा चतुरेले आफ्नो बठ्याइालाई बडो मार्मिक र चलाखीपूर्ण तवरले देखाएको छ । पढ्दा बालबालिकालाई अत्यन्तै आनन्द आउने र बालबालिकाको निम्ति निकै उपयोगी देखिन्छ । चतुरेको जस्तै बुद्धि लगाएर काम गरे परिणाम सधैा आफ्नो पक्षमा पर्ने सन्देश यसले दिन्छ ।

'दुई रोटीको भागबन्डा'[२८] यस कथासङ्ग्रहको दोस्रो कथा हो । पढ्दा लोककथाको झल्को पाइने यो कथामा पनि चतुरेको चतुऱ्याइा र बठ्याइा एवम् चलाखीपनालाई देखाइएको छ । कथा निकै उत्सुकताप्रद छ । चतुरेले रोटी खाएको

---

[२७] पूर्ववत्, पृ. १ ।

[२८] पूर्ववत्, पृ. ८ ।

अवस्था अनि उसका साथीहरूले उसलाई उल्लु बनाउने सल्लाहलाई बठ्याइाका साथ असफल पारिदिएको अवस्था देखाएर कथाकारले कथालाई निकै रोमाञ्चित पारेका छन् ।

'भालेको मोल'[29] यस कथासङ्ग्रहको तेस्रो कथा हो । यसमा पनि चतुरेको बठ्याइालाई बडो मार्मिकतापूर्वक देखाइएको छ । वास्तवमै यसमा चतुरेको चर्तिकला पाइन्छ । यस कथामा मान्छेलाई जति भए पनि नपुग्ने र मान्छेको जात नै असन्तोषी हुन्छ भन्ने कुरालाई जैमाने र साहुमार्फत देखाइएको छ । कथालाई स्पष्ट पार्न रङ्गीन चित्रहरू पनि कोरिएका छन् । कथा आकर्षक छ ।

'काका ! म तपाईप्रति आभारी छु'[30] यस कथासङ्ग्रहको छैटौा कथा हो । यसमा पनि चतुरेको बुद्धिलाई देखाइएको छ । अझ उसमा भएको बाठोपनाको चर्चा यस कथामा गरिएको छ । चतुरेको कलालाई यसमा स्पष्टसाथ देखाइएको छ । उसले कसरी आफ्नो मीतलाई भेट्यो र त्यहााबाट कति फाइदा लियो यी आदि सबै उसकै बठ्याइाबाट भएका हुन् भन्ने कुरा कथाले देखाएको छ ।

'सहरको ठूलो चोर'[31] यस कथासङ्ग्रहमा सङ्कलित अर्को महत्त्वपूर्ण कथा हो । यस कथामा पनि चुतरेको बठ्याइापनालाई देखाउन खोजिएको छ । चतुरेले विभिन्न जुक्ति-बुद्धि लगाएर राजाको आज्ञापालन गरी हाइटको ठूलो चोर पत्ता लगाई राजाबाट पुरस्कारस्वरूप एक हजार चाादीका सिक्का हात पार्न यस कथामा सफल भएको छ । यस कथामा चतुरेको चतुऱ्याइालाई देखाइएको छ । कथा बालबालिकाहरूका लागि निकै रुचिपूर्ण छ ।

'देख्ने अन्धो'[32] यस कथासङ्ग्रहको अर्को महत्त्वपूर्ण कथा हो । बालकथाकार गोरखबहादुर सिंहले चतुरेका बठ्याइालाई सरल र सहज ढङ्गबाट प्रस्तुत गरेर बालबालिकाहरूलाई कथा पढ्न रुचि जगाइदिएका छन् । बालबालिकाहरूले यो कथा

---

[२९] पूर्ववत्, पृ. १२ ।

[३०] पूर्ववत्, पृ. १५ ।

[३१] पूर्ववत्, पृ. १७ ।

[३२] पूर्ववत्, पृ. २३ ।

पढेर भरपुर आनन्द लिन सक्नेछन् भन्ने कुरामा सिंह आशावादी देखिएको पाइन्छ । प्रस्तुत कथामा पनि चतुरेको बठ्याइापनालाई रोचक ढङ्गबाट प्रस्तुत गरिएको छ । कथा निकै उत्सुकताप्रद छ । यस कथामा भाउजूले आफ्नो एउटा देवरप्रति गरेको दुष्ट्याइापूर्ण व्यवहारलाई देखाउन खोजिएको छ । जसको परिणामस्वरूप उल्टै भाउजू नै नराम्रो परिणाम भोग्न बाध्य भएकी छ । त्यसैले हामीले एकअर्कामा कहिल्यै कुभलो चिताउनु हुादैन, यसले उल्टै आफ्नै हानी निम्त्याउाछ र दण्डित हुनुपर्दछ भन्ने तथ्यलाई उजागर गरेको छ ।

'दुई पण्डितको कथा'[घघ] यस बालकथासङ्ग्रहको सङ्कलित अर्को कथा हो । यस कथामा पनि चतुरेको चलाखीपनलाई नै देखाउन खोजिएको छ । चतुरेले आफ्नो चतुर्‍याइाका कारण दुई पण्डितको एक अर्काप्रतिको नकारात्मक व्यवहारको रहस्योद्घाटन गर्न सफल भएको छ । ती दुई पण्डितहरू बीचमा मौका पर्नासाथ एकले अर्काको कुरा काट्ने खराब नियतबाट प्रेरित भएका हुादा चतुरेले उनीहरूको खराब आचरणको पर्दाफास गरिदिएको छ । चतुरे उनीहरूको पशुतुल्य व्यवहारको चित्रण गर्न सफल भएको छ । सिंहको यो कथा निकै उत्कृष्ट मानिन्छ ।

'खेतको पहाड'[घद्ध] यस कथासङ्ग्रहभित्रको अर्को महत्त्वपूर्ण कथा हो । बालकथाकार गोरखबहादुर सिंहले यस सङ्ग्रहका सबै कथाहरूमा चतुरेको बठ्याइापनलाई देखाउन खोजेका छन् । 'खेतको पहाड' कथामा पनि चतुरे एक जमिनदारप्रति आफ्नो चलाखीपनको फाइदा लिन सफल भएको छ । त्यसैले हामीले समय र मौकाअनुसार आफ्नो चलाखीपनको फाइदा लिनसक्नु पर्छ भन्ने सन्देश यस कथाले दिएको छ ।

'लौ पर्‍यो फसाद !'[घछ] गोरखबहादुर सिंहको यस कथासङ्ग्रहमा सङ्कलित एक महत्त्वपूर्ण बालकथा हो । यस कथामा पनि चतुरेको बठ्याइालाई बडो चलाखीपूर्ण ढङ्गबाट देखाइएको छ । यस कथामा तीन भाइको चतुरेको नयाा लुगा फुकाउने

---

[३३] पूर्ववत्, पृ. २६ ।

[३४] पूर्ववत्, ३० ।

[३५] पूर्ववत्, ३१ ।

सल्लाहलाई उल्टै चतुरेले आफ्नो चलाखीका कारण अपत्यारिलो कथा भनेर ती तीन भाइलाई अचम्मित पारिदिएको छ । यसमा चतुरेको जित भएको र उसले आफ्नो जीत भएबापत तीनै भाइले लगाएका कपडाहरू विभिन्न जुक्ति, बुद्धिका कारण आफ्नो हात पार्न सफल भएको छ । प्रस्तुत कथा बालबालिकाहरूका निम्ति निकै नै रुचिपूर्ण र शिक्षामूलक छ । प्रत्येक कथामा देखिएका चतुरेका बठ्याइा बालबालिकाहरूका निम्ति अत्यन्तै रमाइलाखालका छन् ।

प्रस्तुत कथासङ्ग्रहमा सङ्कलित अन्तिम र शिक्षाप्रद कथा 'ढुङ्गे झोल'[३६] हो । सुन्दैखेरि अपत्यारिलो लाग्ने प्रस्तुत कथाका माध्यमबाट बालकथाकार गोरखबहादुर सिंहले बडो सरल र सहज ढङ्गबाट चतुरेको आफ्नो चालाखीपूर्ण व्यवहारको उद्घाटन गरिदिएका छन् । यस कथामा चतुरेले विभिन्न चतुऱ्याइाका कारण कन्जुस बुढाबाट फाइदा लिएर आफ्नो उद्देश्य पूरा गर्न सफल भएको छ । यसरी समय र परिस्थिति हेरेर आफ्नो चलाखी देखाउन सकियो भने पक्कै नै सफलता हासिल गर्न सकिन्छ भन्ने शिक्षा चतुरेका विभिन्न व्यवहारहरूबाट पाउन सकिन्छ । त्यसैले प्रस्तुत कथा बालबालिकाहरूका लागि अत्यन्तै उपयोगी र ज्ञानमूलक देखिन्छ ।

यसरी निष्कर्षमा भन्नुपर्दा प्रस्तुत कथासङ्ग्रह **चतुरेको चर्तिकला** बालकथाकार गोरखबहादुर सिंहको उत्कृष्ट कथासङ्ग्रहमध्येको अग्रपङ्क्तिमा आउाछ । रङ्गीन पृष्ठको बाहिरी आवरणले बालबालिकामा थप रोचकता र उत्सुकता प्रदान गर्छ । यस कथासङ्ग्रहको आन्तरिक पक्ष अत्यन्त सशक्त छ । लेखकले आफ्नो कलमलाई सहज, सरल र मिठासतिर अगाडि बढाएका छन् । बालमस्तिष्क कोमल र उत्सुक हुन्छ । उनीहरू रमाउन मन पराउाछन् । सायद त्यसैले होला कथाकार गोरखबहादुर सिंहले पनि आफ्नो कथासङ्ग्रहमा त्यस्तै बालउपयोगी विषयवस्तुलाई समावेश गरेर कथासङ्ग्रह तयार पारेका छन् । १२ वटा कथाहरू रहेको सिंहको यो कथासङ्ग्रह भाषा, भाव र शैलीले पनि निकै उत्कृष्ट देखिन्छ । बालमस्तिष्कले प्रयोग गर्न सक्ने खालका सरल र सहज भाषाशैली अनि कथाकारको सरल विषयवस्तुको विन्यास र रोचक

[३६] पूर्ववत्, पृ. ३४ ।

विषयवस्तुले समेत कथासङ्ग्रहलाई उत्कृष्ट पारेको छ । कथामा प्रस्तुत चित्रहरू अनि शब्द र भाव आदिको सफल र सरल प्रयोगका कारण पनि कथासङ्ग्रह उत्कृष्ट देखिन्छ । छोटकरीमा र निष्कर्षमा भन्नुपर्दा भाव, भाषाशैली, विषयवस्तु, कथासङ्ग्रहको आन्तरिक एवम् बाह्य संरचना र कथामा प्रस्तुत गरिएका रङ्गीन चित्रहरू एवम् सरल प्रस्तुतिका कारणले प्रस्तुत कथासङ्ग्रह उत्कृष्ट देखिन्छ ।

**(ङ) 'हिउादे छुट्टी' कथासङ्ग्रह**

**(अ) लेखक परिचय**

रमेक विकल आधुनिक नेपाली साहित्यका उज्ज्वल प्रगतिशील प्रतिभा हुन् । नेपाली बालसाहित्यको क्षेत्रमा समेत उनको अमूल्य योगदान रहेको छ । विशेष गरेर समाजमा रहेका निम्नवर्गका व्यक्तिहरूप्रति सहानुभूति प्रदान गर्दै उनीहरूको आवाजलाई आफ्ना कृतिहरूमा स्थान दिनु उनको प्रमुख विशेषण देखिन्छ ।

बालसाहित्यको क्षेत्रमा पनि उनको यो विशेषता प्रकट भएको छ । विशेष गरेर बालमनोविज्ञानलाई आधार बनाएर उनी आफ्नो कृतिको रचना गर्छन् । यो विकलको निकै चर्चाको शिखरमा पुगेको र बालबालिकाले मन पराएको बालकथासङ्ग्रह हो । यस कृतिको विस्तृत विवेचना तल गरिएको छ । यो दुईपटकसम्म संस्करणमा आइसकेको छ ।

**(आ) कथाको विवेचना**

**हिउादे छुट्टी**[घ८] रमेश विकलको उत्कृष्ट बालकथाहरूको सङ्ग्रह हो । यस कथासङ्ग्रहमा जम्मा बाह्रवटा कथाहरू रहेका छन् । ती कथाहरू यस प्रकार छन् :

(क) बत्ती र पुतली

(ख) मत्स्यकथा र मन

(ग) अब आयो निदरी तेरो काल

(घ) कामको इज्जत

---

[३७] रमेश विकल, **हिउँदे छुट्टी**, (काठमाडौं : एकता प्रकाशन, २०५७) ।

(ङ) ग्वााँगे रामजी

(च) हिक्मतसिंह चोर

(छ) आफ्नो जिम्माको काम

(ज) गोरूको दूध

(झ) घनश्यामको सपना

(ञ) गफी चतुरे

(ट) दुष्ट मालिक

(ठ) हिउादे छुट्टी

'बत्ती र पुतली'[३८] रमेश विकलको **हिउादे छुट्टी** बालकथासङ्ग्रहमा रहेको पहिलो कथा हो । कथाकारले यस कथामा विचारै नगरी आफू राम्रो र बलियो छु भनेर घमन्ड गरी काम गर्न थालियो वा अगाडि बढियो भने सफल नहुने र जीवनै समेत गुमाउनु पर्ने अवस्था आउन सक्ने कुराको सङ्केत गरेका छन् ।

'मत्स्यकथा र मन'[३९] यस बालकथासङ्ग्रहमा रहेको अर्को बालकथा हो । यसमा कथाकार विकलले लोककथालाई झल्को दिने खालको विषयवस्तु र बालबालिकालाई आनन्द हुने खालका विषयवस्तुको प्रयोग गरेर कथालाई आकर्षक र रोमाञ्चित तुल्याएको छ । कथाका कथाकारले अर्काको सम्पत्तिमा आाखा गाडेमा वा ईर्ष्या गरेमा त्यसबाट राम्रो परिणाम ननिस्कने सन्देश दिएका छन् । साथै काम गर्दा धैर्य र साहसपूर्णताका साथ गरेमा त्यसले पछि गएर राम्रो सफलता पाउने कुराको आशय व्यक्त भएको छ ।

'अब आयो निदरी तेरो काल'[४०] कथा यस बालकथासङ्ग्रहमा रहेको तेस्रो कथा हो । यस कथामा मानिसको अड्कल र बुद्धिले गर्न सक्ने कामको व्याख्या गरिएको छ भने अर्कातिर परम्परागत नेपाली समाजको पारिवारिक संरचनालाई समेत यस कथाले

---

[३८] पूर्ववत्, पृ. १ ।

[३९] पूर्ववत्, पृ. १० ।

[४०] पूर्ववत्, पृ. १५ ।

देखाउन खोजेको छ । त्यति मात्र होइन नेपाली समाजमा ब्राह्मणहरूले गर्दै आएको जजमानी पेसा अनि काम गर्दाको होसियारीलाई पनि कथाकारले यसमा देखाउन खोजेका छन् ।

'ग्वाागे रामजी'[४१] यस कथासङ्ग्रहमा रहेको चौथो कथा हो । यो कथा निकै सरल र मिठासपूर्ण छ । हस्यौली शैलीमा तयार भएको यो कथाले मानिसको लठुवापनलाई देखाएको छ । अझ त्यसभन्दा पनि मुख्य कुरा त बालमनोविज्ञानलाई यस कथामा देखाउन खोजिएको छ । बालमानसपटल कतिको संवेदनशील हुन्छ र उनीहरूमा एउटा प्रभाव पारिसकेपछि त्यसले कतिको असर पुऱ्याउाछ भन्ने यथार्थ जानकारी यस कथाले दिन्छ, जब ग्वाागे रामजीलाई बच्चाहरूले भूत भनेर जिस्काउने र ऊसाग बच्चाहरू डराउने गर्छन् । यसबाट यही कुराको पुष्टि हुन्छ ।

'हिक्मतसिंह चोर'[४२] विकलको यस कथासङ्ग्रहमा सङ्कलित पााचौ कथा हो । विकलको यो कथा ज्यादै नै उत्कृष्ट देखिन्छ । निकै नै सन्देशमूलक यो कथाले बालमानसपटलमा निकै गहिरो प्रभाव वा छाप पार्छ । मान्छेलाई आफूले गरेको नराम्रो कार्यले ढिलै भए पनि पश्चात्ताप गराउाछ, जसरी हिक्मतसिंहलाई भयो । अझ त्यसभन्दा पनि पर जाादा हिक्मतसिंहले त्यसरी बाटो बिराउनुपर्ने कारण के थियो वा ऊ किन चोर बन्यो ? कुनै पनि व्यक्तिले आफ्नो पारिवारिक माया र ममता प्राप्त गर्न पाएन भने पक्कै पनि त्यसले नराम्रो बाटोतिर हामीलाई अग्रसर गराउाछ । त्यस्तै गरी कथाले देखाउन खोजेको अर्को क्षेत्र रोग, भोक र गरिबी हो । आर्थिक विपन्नताको चपेटामा परेर कति धेरै मनमायाहरूको जीवनलीला त्यस्तै दुःख र दर्दनाक बनेको छ भन्ने कुरा कथाले देखाउन खोजेको छ । अन्तिममा आफूले गरेको भूल वा नराम्रो कामको पश्चात्ताप गर्न लगाएर हिक्मतसिंहले चोरलाई असल मान्छे बनाउन कोसिस गरेर राम्रो सन्देश प्रवाहित गरेको छ ।

---

[४१] पूर्ववत्, पृ. २० ।

[४२] पूर्ववत्, पृ. २८ ।

'आफ्नो जिम्माको काम'[४३] बालसाहित्यको क्षेत्रमा निकै चर्चित र सफल साहित्यकार विकलको यस कथासङ्ग्रहको अर्को महत्त्वपूर्ण कथा हो । कथाकारका अनुसार पौराणिक कथामा आधारित यस कथाले आफ्नो कर्तव्यलाई कसरी पूरा गर्न दृढ-निश्चयी बन्नुपर्छ भन्ने कुराको सङ्केत सुशीलले गुरुको काम गरेर पूरा गरेको घटनाबाट पुष्टि हुन्छ । मान्छले जिम्मेवारीपूर्वक आफ्नो कामलाई पूरा गर्नुपर्छ । जसले आफ्नो जिम्मेवारीलाई जस्तोसुकै कठिनाइका बाबजुद पनि पूरा गर्छ त्यही मानिस नै पछि गएर सफल व्यक्ति बन्छ भन्ने सन्देश दिएको छ ।

'गोरुको दूध'[४४] यस कथासङ्ग्रहको अर्को महत्त्वपूर्ण एवम् सन्देशमूलक बालकथा हो । झट्ट हेर्दा लोककथाको छनक पाइने यो कथा निकै आकर्षक छ । वीरवल र अकबरको प्रसङ्गमा सृजना भएको यस कथाले अनावश्यक कुरामा वा नहुने र नचाहिने कुरामा कसैले जोड गर्नु हुादैन । यदि त्यसो गरेमा उल्टै आफ्नो क्षति हुने कुराको सङ्केत यस कथाले दिन्छ ।

'घनश्यामको सपना'[४५] विकलको कथासङ्ग्रहमा रहेको अर्को महत्त्वपूर्ण एवम् आकर्षक कथा हो । लोककथाको झल्को पाइने यस कथाले आपसी सम्बन्ध र मेलमिलाप जीवनमा आवश्यक हुन्छ भन्ने सन्देश दिन्छ । यस कथामा तीव्र कल्पनाको प्रयोगसमेत गरिएको छ ।

'गफी चतुरे'[४६] यस कथासङ्ग्रहको अर्को महत्त्वपूर्ण कथा हो । यस कथाले अनावश्यक गफ गरेर बढी फूर्ति देखाइयो भने चतुरेको जस्तो हालत हुन्छ भन्ने देखाएको छ । हामीले आफूसाग जेजति क्षमता कला, अनुभव छ त्यति मात्र व्यक्त गर्ने हो । अनावश्यक रूपमा फूर्ति देखाइयो भने त्यसले रामो परिणाम नल्याउने कुराको सङ्केत कथाले दिएको छ ।

[४३] पूर्ववत्, पृ. ३३ ।

[४४] पूर्ववत्, पृ. ३७ ।

[४५] पूर्ववत्, पृ. ४१ ।

[४६] पूर्ववत्, पृ. ४६ ।

'दुष्ट मालिक'[४७] यस कथासङ्ग्रहमा रहेको अर्को कथा हो । यसले बाल अधिकारको हनन र बालचाहनालाई कसरी त्यत्तिकै निमोठिएको छ भन्ने कुरालाई देखाएको छ । आर्थिक चपेटामा परेर श्रीमायाजस्ता अन्य सयौं श्रीमायाको पनि जुठा भाडामा नै जीवनको चक्र घुमिरहेको तीतो यथार्थलाई यसले देखाएको छ । त्यति मात्र होइन टुहुरा बालबालिकाको अवस्थालाई समेत यस कथाले सङ्केत गर्न खोजेको छ । समग्रमा यो कथा निकै उत्कृष्ट देखिन्छ ।

'हिउादे छुट्टी'[४८] यस कथासङ्ग्रहको अर्को कथा हो । कथाकार विकलले यही कथाको नामबाट कथासङ्ग्रहको नामकरण गरेका छन् । आयामगत दृष्टिबाट हेर्दा कथा सङ्ग्रहमा रहेका अन्य कथाहरूमध्येमा यो कथा निकै लामो छ तर कथा अत्यन्तै आकर्षक एवम् सन्देशमूलक देखिन्छ । हामी पश्चिमी सेता छाला भनेपछि सबै कुरा गुमाउाछौं । आज तिनै सेता छालाका कारणले गर्दा कैयौं हाम्रा अमूल्य सम्पदाहरू चोरिएका छन् । विदेशीलाई बेचिएको छ । हामीले हामी को हौं, हाम्रा परम्परागत पुरातात्त्विक वस्तुहरू केके हुन् र तिनीहरूको संरक्षण कसरी गर्नुपर्छ भन्ने कुरा हिउादे छुट्टी मनाउन गएका गोपी, विक्रम, मायाजस्ता पात्रहरूले गरेका कार्यबाट पाठ सिक्नुपर्छ । हामीले हाम्रा बहुमूल्य सम्पदाको संरक्षण नगरे यो सकिएर जान्छ । यो जिम्मा हामीहरूकै हो भन्ने सन्देश यस कथाले दिन्छ ।

यो कथासङ्ग्रह बालकथाकार विकलको उत्कृष्ट बालकथासङ्ग्रहमध्यको एक हो । कथाकार विकलको **हिउादे छुट्टी** कथासङ्ग्रह उत्कृष्ट हुनुमा निम्न कारणहरू देखिन्छन् । प्रथमतः कथासङ्ग्रहमा रहेका कथाहरूको भाषाशैली उत्कृष्ट छ । सरल र कोमल शब्दावलीको प्रयोग अनि बालउपयोगी विषयवस्तुको प्रयोगका कारण यस कथासङ्ग्रहमा बालबालिकाहरू निकै नै रमाउन पुग्छन् । कथासङ्ग्रहको पहिलो कथा 'बत्ती र पुतली' सन्देशवर्द्धक कथाको रूपमा देखिन्छ भने 'गफी र चतुरे' र 'दुष्ट मालिक'ले पनि सामाजिक सन्देश प्रवाहित गरेका छन् । कथासङ्ग्रहमा रहेको अन्तिम कथा 'हिउादे छुट्टी'को नामबाट सिङ्गो कथासङ्ग्रहको नामकरण गर्न पुगेका विकलको यस कथासङ्ग्रहको आन्तरिक र बाह्य पक्ष सबल देखिन्छ । त्यसैले पनि कथासङ्ग्रह उत्कृष्ट देखिएको छ ।

---

[४७] पूर्ववत्, पृ. ५० ।

[४८] पूर्ववत्, पृ. ५७ ।

**(च) 'स्याल र मुजुर' बालकथासङ्ग्रह**

राजनारायण प्रधान नेपाली साहित्यको क्षेत्रमा एक चर्चित बालसाहित्यकार मानिन्छन् । बालसाहित्यको क्षेत्रमा उनको निकै नै रुचि रहेको देखिन्छ । उनले विभिन्न किसिमका ज्ञानवर्द्धक खुराकले भरिएका बालसाहित्यिक कृतिहरूको रचना गरेर नेपाली बालसाहित्यलाई धनी बनाएका छन् । **स्याल र मुजुर** प्रधानको एक महत्त्वपूर्ण बालकथाससङ्ग्रह हो । यस कथासङ्ग्रहमा रमाइला र समसामयिक विषयवस्तुमा लेखिएका ६ वटा बालकथाहरू रहेका छन् । आयामका दृष्टिले छोटा मानिने यस कथासङ्ग्रहमा सङ्कलित कथाहरू यस प्रकार रहेका छन् :

(क) स्याल र मुजुर

(ख) अबु नवास

(ग) राजकुमारहरूको अंशबण्डा

(घ) तीन उपहार

(ङ) रुपियाा फल्ने रूख

(च) किसानको जीत

'स्याल र मुजुर'[४९] बालकथाकार राजनारायण प्रधानको एक महत्त्वपूर्ण शिक्षाप्रद सामग्री हो । यसै कथाको नामबाट कथाकारले यस कथासङ्ग्रहको नामकरण गरेका हुन् । लोककथाको झल्को दिने यो कथा पढ्दाखेरि निकै रुचिपूर्ण देखिन्छ भने अन्त्यमा गएर यस कथामा दुःखान्तमा टुङ्गिएको छ । दुई भिन्न प्राणीका नामबाट नामकरण गरिएको यो कथा सुरुमा स्याल र मुजुरमा भएको मित्रता अन्त्यमा गएर शत्रुतामा परिणत भई मुजुरको जीवनको दुःखद् अन्त्य भएको छ । त्यसैले यस कथाले साथीसाथीका बीचमा एकअर्काको मनोभावना बुझेर मात्र व्यवहार गर्नुपर्छ, एउटाले गरेको राम्रो कामको अर्काले ईर्ष्या गर्नु हुादैन र साथीको मनोभावनामा असर पर्ने गरी छेड हानेर कुरा गर्नु राम्रो हुादैन अनि आफ्नो रूप र व्यवहारको घमन्ड देखाउनु हुादैन

[४९] राजनारायण प्रधान, 'स्याल र मुजुर', **स्याल र मुजुर**, (काठमाडौँ : एकता प्रकाशन : २०६३), पृ. ७ ।

भन्ने पाठ सिकाएको छ । त्यसको परिणाम निर्दोष र सुन्दर पन्छी मुजुर नराम्रोसित स्यालको सिकार बन्न पुगेको छ । कथा दु:खद्पूर्ण तवरले अन्त्य भएको छ ।

समग्रमा भन्नुपर्दा यस कथाले बालबालिकाको कलिलो मस्तिष्कमा नयाा बौद्धिक खुराक भरिदिएको छ । आयामका दृष्टिले कथा छोटो भए तापनि यो कथा आफैमा पूर्ण छ । रङ्गीन पृष्ठको बाहिरी आवरणले बालबालिकामा थप रोचकता र उत्सुकता प्रदान गर्दछ । यसको बाह्य भौतिक पक्ष उत्कृष्ट छ । वाक्यगठन सरल र सहज छ जसले गर्दा बालबालिकालाई कथा बुझ्न सजिलो भएको आभास हुन्छ । यसमा प्रयुक्त चित्रहरूले कथालाई थप आकर्षण प्रदान गरेको छ ।

'अबु नवास'[छण] यस कथासङ्ग्रहमा रहेको दोस्रो महत्त्वपूर्ण कथा हो । पढ्दाखेरि लोककथाजस्तो यो कथा आयामका दृष्टिले छोटो छ । कथा पढ्दा बालबालिकामा रमाइलो र आनन्द अनुभव हुन्छ । मान्छेको नामबाट यस कथाको नामकरण गरिएको छ । प्रस्तुत कथा ट्युनिस सहरका राजा र उनको नोकर अबु नवाससाग सम्बन्धित छ । यस कथामा कथाकारले अबु नवासको चलाखीपनका साथै उसको क्षणिक सुखमा रमाउने तर भविष्यपट्टि फर्केर नहेर्ने बानी व्यवहारको चित्रण गरिएको छ । त्यसैले हामीले क्षणिक सुखमा मात्र रमाउनु हुादैन, भविष्य पनि हेर्नुपर्छ नत्र हाम्रो भविष्य अन्योलमा पर्न सक्छ । अबु नवास र उसकी श्रीमतीले आफ्नो स्वार्थका लागि एकअर्कामा गरेको नाटकीकरणद्वारा स्वार्थपूर्ति गरेका छन् । त्यसैले हामीले घाािटी हेरी हाड निल्नु अर्थात् आफ्नो स्तर र औकातअनुसार चल्न जान्नुपर्छ नत्र यस्तै व्यवहार गर्दै गएमा चोर, ढााट, फटाहा भइन्छ भन्ने कुराको सन्देश दिएको छ । मानिसले साँचो बोल्न सिक्नुपर्छ । क्षणिक स्वार्थका लागि ढााटे पनि असत्य धेरै समय टिक्न सक्दैन । एक न एक दिन प्रकट हुन्छ भन्ने सन्देश दिएको छ ।

यस कथासङ्ग्रहमा रहेको तेस्रो महत्त्वपूर्ण कथा 'राजकुमारहरूको अंशबण्डा''[छ्ज्ञ] हो । पढ्दा र सुन्दाखेरि रमाइलो लाग्ने यो कथा निकै जिज्ञासापूर्ण छ । असल र राम्रो मान्छे सबैको प्यारो हुन्छ भन्ने कुरा प्रस्तुत कथाका माध्यमबाट प्रस्ट्याइएको छ । साथै

---

[५०] पूर्ववत्, पृ. ११ ।

[५१] पूर्ववत्, पृ. १५ ।

बुढा बाहुनको चलाखीपनको रहस्योद्घाटन गरिएको छ । प्रस्तुत कथामा शिवजी नामका वृद्ध ब्राह्मणले आफ्नो चलाखीपनका कारण आफ्नो मनपर्ने राजकुमार अर्जुन सिंहलाई चतुऱ्याइका कारण सुरेन्द्र नगरका राजा बनाउन सफल भएका छन् । त्यसैले राम्रो, असल र अरूको दुःख बुझ्ने व्यक्ति सबैको प्यारो हुन्छ । मान्छे मात्र राम्रो भएर हुदैन उसको बानीव्यवहार राम्रो हुनुपर्छ र ज्ञानका भित्री आाखा खोल्न सक्नुपर्छ भन्ने सन्देश यस कथामा पाइन्छ ।

आयामका दृष्टिले प्रस्तुत कथा छोटो भए पनि रमाइलो र आकर्षक छ । कथामा प्रयुक्त चित्रहरूले कथा पढ्न बालबालिकाहरूलाई थप रोचकता प्रदान गरेको छ । त्यसैले यस कथाले अर्जुनसिंह जस्तो आज्ञाकारी शिष्य बन्नसक्नु पर्छ भन्ने सन्देश दिएको छ ।

'तीन उपहार'[छद] प्रस्तुत बालकथासङ्ग्रहमा रहेको चौथो महत्त्वपूर्ण कथा हो । पढ्दाखेरि अपत्यारिलो लाग्ने प्रस्तुत कथा निकै जिज्ञासापूर्ण छ । यसले लोककथाको झल्को दिन्छ । मिहिनेत गरेर काम गऱ्यो भने जस्तोसुकै काम गर्न पनि सफल भइन्छ र राम्रो काम गरेवापत पुरस्कृत पनि भइन्छ भनेर देखाएको छ भने अर्कातिर अर्काको सामानमाथि राल चुहाउने र लालचपन देखाउने मासिनले अन्त्यमा गएर नराम्रोसित पराजय भोग्नु पर्दछ र दण्डितसमेत हुनपर्छ भनेर देखाउन खोजिएको छ ।

प्रस्तुत कथा पढ्दा रमाइलो र आकर्षक खालको छ । यसमा सरल र सहज वाक्यगठनहरूको प्रयोग गरिएको छ  र यो बालबालिकाका लागि रुचिपूर्ण छ र कथामा प्रयुक्त चित्रहरूले बालबालिकाहरूको मस्तिष्कमा यसले थप रोचकता थपेको छ ।

'रुपियाा फल्ने रूख'[छघ] यस बालकथासङ्ग्रहमा सङ्कलित पााचौ र महत्त्वपूर्ण कथा हो । सुन्दैमा अपत्यारिलो लाग्ने प्रस्तुत कथा रुचिपूर्ण छ । यस कथाले बालबालिकामा थप रोचकता प्रदान गरेको छ र उनीहरूको कलिको मस्तिष्कमा नयाा बौद्धिक खुराक भरिदिएको छ । पढ्दाखेरि लोककथा जस्तो लाग्ने यस कथामा परिश्रम र मिहिनेत गरेर काम गरे त्यसबाट निकै सफलता पाउन सकिन्छ र नसोचेको फल

---

[५२] पूर्ववत्, पृ. १९ ।

[५३] पूर्ववत्, पृ. २३ ।

पाउन सकिन्छ भनेर देखाउन खोजिएको छ भने अर्कातिर आफूले अर्पण गरिसकेको वस्तुप्रति धेरै लालचपन देखाउनु हुादैन भन्ने कुरा देखाइएको छ ।

प्रस्तुत बालकथा सङ्ग्रहमा सङ्कलित अन्तिम र महत्त्वपूर्ण कथा 'किसानको जीत'[छ्द] हो । यो कथा एक जना किसान र बनियाामा आधारित छ । यस कथामा अन्त्यमा गएर किसानको जीत भएको देखाइएको छ । यस कथामा कथाकार राजनारायण प्रधानले किसानको सरलता र त्यसबाट प्रभावित भई गरिब मानिसले किसानलाई दिएको शङ्ख र त्यस शङ्खबाट जुनसुकै इच्छा सिद्ध हुने थाहा पाएपछि किसानका मनमा उब्जिएको खुशी र बनियााले किसानका सबै कुरा थाहा पाएर त्यस शङ्खप्रति लोभ लागेर त्यो जादूको शङ्ख चोर्ने विचार गरेको र त्यो शङ्ख आफ्नो हात पारेर छोडेको कथानकलाई देखाएका छन् । यसरी ठूलाबडाले साना अर्थात् गरिबप्रति गरेको अन्याय र अत्याचार अनि आफू मात्र धनी हुा भन्ने स्वार्थी भावना र अन्त्यमा गएर आफ्नै घमन्डका र जिताहापनका कारण बनियााको दुःखद् निधन हुन्छ र यसमा किसानले पनि आफ्नो एउटा आाखो गुमाए तापनि यहाा किसानको जीत भएको छ । यसरी यस कथाका माध्यमबाट कथाकार प्रधानले चाहिनेभन्दा बढी धनमा आसक्त भएर लालचपन देखाउादा अन्त्यमा गएर आफैाले थाहा नपाई किसानको झालझेलका कारण बनियााले मृत्युको पराकाष्ठा भोग्नुपरेको कुरा स्पष्ट पारिएको छ । आफूले खनेको खाडलमा बनियाा आफैा परेको स्पष्ट हुन्छ ।

कथाकार राजनारायण प्रधानद्वारा लिखित प्रस्तुत बालकथासङ्ग्रह रसिलो र मीठो अनि शिक्षाप्रद सामग्री हो । यसमा रमाइला र समसामयिक विषयवस्तुमा लेखिएका ६ वटा बालकथाहरू समावेश गरिएका छन् । सरल भाषाशैली र रमाइलो तथा चाखिलो विषयवस्तुको प्रयोगले कथासङ्ग्रह निकै उत्कृष्ट देखिन्छ । भाव र शैलीगत आयामबाट हेर्दा पनि कथासङ्ग्रह निकै उत्कृष्ट छ । कथासङ्ग्रहको आन्तरिक र बाह्य संरचनागत पक्ष र कथालाई स्पष्ट पार्न अनि बालबालिकाको बोधलाई ध्यानमा राखेर कोरिएका चित्रहरू र कुशल सम्पादकत्वका आदिका साथै सन्देशमूलक र शिक्षाप्रद आदिका कारणले पनि कथासङ्ग्रह उत्कृष्ट छ भन्न सकिन्छ ।

**(छ) 'बुद्धिको पदोन्नति' बालकथामाला**

---

[५४] पूर्ववत्, पृ. २७।

बालसाहित्यकार राजनारायण प्रधान नेपाली साहित्यका चिरपरिचित स्रष्टा हुन् । प्रधानले कविता, कथा र निबन्धका क्षेत्रमा महत्त्वपूर्ण सृजनात्मक योगदान दिएका छन् । उनले नेपाली बाल साहित्यका क्षेत्रमा देखाएको सृजनशीलता निकै रहरलाग्दो र रोचक छ । राजनारायण प्रधान विभिन्न बालसाहित्यिक कृतिहरू लेखेर बालबालिकाहरूका प्रिय स्रष्टा भएका छन् ।

बालसाहित्यको क्षेत्रमा अनवरत रूपले आफ्नो कलम चलाउने र नेपाली बालसहित्यलाई भरिभराउ पार्ने बालसाहित्यकार श्री राजनारायण प्रधानद्वारा लिखित अर्को उत्कृष्ट बालकथासङ्गह **बुद्धिको पदोन्नति**[छछ] हो । यस कथासङ्ग्रहमा समेटिएका सबै कथाहरूमा बालसुलभ सृजनात्मक अभिव्यक्तिको नमुना भेटिन्छ । यस कथासङ्ग्रहभित्र जम्मा पााचवटा कथाहरू रहेका छन् । ती कथाहरू यसप्रकार छन् :

(क) ऐना

(ख) दुई मीतको कथा

(ग) लीलावतीको आाट

(घ) राजकुमार र साधु

(ङ) बुद्धिको पदोन्नति ।

यिनीहरूको क्रमशः विश्लेषण यस प्रकार गरिएको छ :

‘ऐना’[छट] राजनारायण प्रधानको **बुद्धिको पदोन्नति** बालकथासङ्ग्रहको पहिलो कथा हो । पढ्दाखेरि लोककथा जस्तो लाग्ने प्रस्तुत कथा आयामका दृष्टिले छोटो भए तापनि जिज्ञासापूर्ण छ । प्रधानद्वारा लिखित यस कथामा बालसुलभ सृजनात्मक अभिव्यक्तिको नमुना भेटिन्छ । यस कथामा हर्कमान र हर्कमानजस्तै कैयौा मानिसहरूले ऐना नदेखेको र ऐना देख्दा ऐनामा आफूलाई समेत चिन्न नसकेको कथालाई जिज्ञासापूर्ण ढङ्गबाट वर्णन गरिएको छ । हर्कमानले पहिलोपल्ट ऐना देख्दा ऐनामा आफूलाई चिन्न नसकेर मरेका बाबुको अनुहार यसमा कसरी आयो भनेर छक्क पर्छ र अनेक कल्पनामा डुब्छ

---

[५५] राजनारायण प्रधान, **बुद्धिको पदोन्नति**, (काठमाडौँ : एकता प्रकाशन, २०५६) ।

[५६] पूर्ववत्, पृ. ५-७ ।

अनि ऐनामा देखिने बाबुलाई घरीघरी हेर्दै लम्पसार परेर ढोग्छ भने उता हर्कमानकी स्वास्नीले पनि एक दिन ऐना फेला पारेर हातमा लिएर हेर्दै आफ्नो अनुहारलाई चिन्न नसकेर अर्कै आइमाईको अनुहार भन्ने ठान्छे र ऊ आफ्नो श्रीमान्प्रति रिसले भुतभुताउन थाल्छे । यही ऐनाको कारण यी दुई लोग्नेस्वास्नीबीचमा आफूलाई चिन्न नसकेर अनेक शङ्काउपशङ्का उत्पन्न हुन्छ र हर्कमानकी स्वास्नीका मानसिकतामा नकारात्मक परिवर्तन सिर्जना हुन्छ । लोग्नेस्वास्नीबीचमा केहीबेर ऐनाको विषयलाई लिएर झगडाको बीज सुरु हुन्छ । हर्कमानले आफ्नी स्वास्नीलाई पटकपटक सम्झाउदै बाकसबाट झिकेर ऐना हेर्छ र स्वास्नीलाई पनि त्यही ऐना देखाउाछ । अनि मात्र उनीहरूमा ज्ञान हुन्छ । ऐनाले त आफ्नै अनुहार देखाउादो रहेछ भनेर बल्ल चाल पाउाछन् र दुवैजना खुसी हुन्छन् । यसरी अज्ञानता र अशिक्षाका कारण एउटा ऐनामा आफूलाई चिन्न नसक्दा त्यसबाट उत्पन्न शङ्काउपशङ्कालाई यस कथामा कथाकारले चिरफार गरेर देखाएका छन् । अन्त्यमा ऐनाप्रतिको उनीहरूको विचार बदलिन्छ र उनीहरू एकआपसमा खुसी हुन्छन् ।

'दुई मीत'[५७] यस कथासङ्ग्रहमा रहेको दोस्रो महत्त्वपूर्ण कथा हो । दुई भिन्न प्राणीको मित्रतालाई यस कथामा रहस्यमय ढङ्गले चित्रण गरिएको छ । यस कथामा विचार मिल्यो भने जस्तोसुकै अप्ठ्यारो काम पनि सहजै जुक्तिबुद्धि पुर्‍याएर गर्न सकिन्छ भन्ने कुराको चित्रण गरिएको छ । यस कथामा काग र गागटोको मित्रताबाट के कुराको पुष्टि हुन्छ भने आफू मृत्युको मुखमा पुगेर पनि त्यसबाट कति पनि विचलित नभई काग र गागटाले आफ्नो बठ्याइाका कारण बोक्सी बुढीको अहम्पनलाई समाप्त पारेका छन् र उसको दुःखद् निधन भएको छ । त्यसैले यस कथाले काग र गागटाको जस्तो मित्रता हुनुपर्दछ । मित्रताको कारण नै उनीहरू आफू बााच्न सफल भएका छन् भन्ने सन्देश यस कथाले दिएको पाइन्छ ।

प्रस्तुत कथा सरल छ । कठिन शब्दावलीहरूको प्रयोग यसमा पाइादैन । यसमा प्रयुक्त चित्रहरूले कथालाई थप आकर्षक प्रदान गरेका छन् । बालबालिकाहरूका लागि यो कथा रुचिपूर्ण छ ।

---

[५७] पूर्ववत्, पृ. ८-११ ।

यस कथासङ्ग्रहमा रहेको तेस्रो महत्त्वपूर्ण कथा ‘लीलावतीको आाट’[छड] हो । यस कथामा लीलावतीको साहस र बुद्धिमताको वर्णन गरिएको छ । देशलाई लीलावतीजस्ती साहसी नारीको खााचो छ; जसले दौलतरामजस्ता भयानक लुटेराको जीवनलाई समाप्त पारेर समाजमा शान्ति छाइदिएकी छन् र सबैले बिना डर-त्रास आनन्दसित बााच्ने मौका पाएका छन् । दौलतरामको अहम् र अभिमानले सबै सर्वसाधारण मानिसलाई धम्क्याउने, उनीहरूको घरको सबै सरसामान लुटेर आफ्नो मोजमस्ती गर्ने र सबैलाई आफ्नो काबुमा राखेर आफूलाई सर्वोपरि ठान्ने एक कुत्सित चरित्रलाई लीलावतीले समाप्त पारिदिएकी छन् र बलभन्दा बुद्धि ठूलो हो भन्ने कुराको प्रमाणित गरेर देखाएकी छिन् । उनी हर्कबहादुरकी एक्ली छोरी नभई सिङ्गो देशकै छोरी भएर प्रतिष्ठापित भएकी छिन् । सबै जनाले कसैको डर, त्रासमा नबसी लीलावतीकै जस्तो साहस र धैर्यका साथ अघि बढ्नुपर्ने सन्देश यस कथामा पाइन्छ ।

प्रस्तुत कथा सरल छ । शब्दको चयनमा लेखकले सरलतालाई छानेका छन् भने वाक्यगठन पनि सरल नै छ । यसमा प्रयुक्त चित्रहरूले कथालाई थप आकर्षक प्रदान गरेका छन् ।

‘राजकुमार र साधु’[छढ] कथासङ्ग्रहको चौथो महत्त्वपूर्ण हो । यो कथा बालबालिकाहरूका निम्ति निकै ज्ञानवर्द्धक छ । यसले बालबालिकाको कलिलो मस्तिष्कमा नयाा बौद्धिक खुराक प्रदान गर्दछ । पढ्दाखेरि लोककथाजस्तो लाग्ने प्रस्तुत कथा दुई व्यक्ति राजकुमार र साधुको नामबाट शीर्षकको नामकरण गरिएको छ । आफूले सेवा र सहयोगको भावनाले असल काम गरेमा त्यसबाट असल शिक्षा पाइन्छ भन्ने सन्देश यस कथाले दिन्छ । प्रस्तुत कथामा राजकुमारले सेवा र सहयोगको भावनाले साधुको सेवा गरेबापत त्यसबाट प्रभावित भई साधुले दिएको अर्तीउपदेशको पालना गरेबाट राजकुमारको जीवनको यात्रा सफल भएको छ । हामीले कुनै पनि काम गर्दा सोचविचार गरेर धैर्यका साथ गर्नु पर्दछ भन्ने सन्देश यस कथाले दिएको छ ।

---

५८ पूर्ववत्, पृ. १२-१५ ।

५९ पूर्ववत्, पृ.१६-२० ।

प्रस्तुत कथा बालबालिकाका निम्ति निकै ज्ञानवर्द्धक छ । यसमा सरल भाषाशैलीको प्रयोग गरिएको छ । कथामा प्रयुक्त चित्रहरूले बालबालिकाहरूमा थप आकर्षण प्रदान गरेको छ ।

'बुद्धिको पदोन्नति'[६०] यस कथासङ्ग्रहको पाँचौँ वा अन्तिम कथासङ्ग्रह हो । कथाकार प्रधानले यसैको नामबाट यस कथासङ्ग्रहको नामकरण गरेका छन् । उहिलेको समयलाई आधार बनाएर रचिएको प्रस्तुत कथामा नरनाथ र हिरालालको बुद्धिको परीक्षण सफलताका साथ गरिएको छ । बुद्धि पुऱ्याएर, सोचविचार गरेर काम गऱ्यो भने छिटै नै सफलता हात पार्न सकिन्छ भन्ने शिक्षा नरनाथले गरेको कार्यबाट थाहा पाउन सकिन्छ । त्यसैले हामीले कुनै पनि काम गर्दा बुद्धि पुऱ्याएर काम गरेमा छिटै नै सफलता पाउन सकिन्छ भन्ने सन्देश प्रस्तुत कथाले दिएको छ ।

प्रस्तुत कथासङ्ग्रहमा भएका कथाहरू सरल र सहज छन् । शब्दहरूको चयनमा लेखकले सरलतालाई छानेका छन् । जटिल शब्दहरूको प्रयोग यस सङ्ग्रहमा पाइँदैन । कथाअनुरूपका प्रयुक्त चित्रहरूले कथाहरूलाई थप आकर्षक प्रदान गरेका छन् । बालबालिकाको कलिलो मस्तिष्कमा यस कथाले नयाँ बौद्धिक खुराक प्रदान गर्दछ । बालबालिकाहरूका लागि प्रयुक्त कथा निकै नै उपयोगी देखिन्छ । भाव, भाषा र शैलीगत सरलता कथासङ्ग्रहका उत्कृष्ट कारकहरू हुन् साथै कथासङ्ग्रहको आन्तरिक तथा बाह्य संरचना र मिठासपूर्ण प्रस्तुतिका कारण पनि कथासङ्ग्रह उत्कृष्ट देखिन्छ ।

**(झ) 'सुगाको जन्मदिन' कथासङ्ग्रह**

**(क) लेखकको परिचय**

ऋषिराम शर्मा नेपाली बालसाहित्यका उज्ज्वल प्रतिभा हुन् । एकपछि अर्को गर्दै अनगिन्ती बालसाहित्यिक कृतिहरू रचना गरेर नेपाली बालसाहित्यलाई उनले धनी बनाएका छन् । उनका बालसाहित्यिक कृतिहरूलाई हेर्दा निम्न विशेषता देखापर्छन् :

- ज्ञानमूलक एवम् शिक्षामूलक बालसाहित्यिक कृतिको रचना गर्नु ।

---

[६०] पूर्ववत्, पृ.२१-२३ ।

- केही बढी कल्पनाको प्रयोग गर्नु ।
- बालबालिकाको रुचि, क्षमता, चाहनाअनुसारका बालमनोविज्ञानगत कथा लेख्नु ।

**(आ) कृतिको विश्लेषण**

बाल कथाकार ऋषिराम शर्माको **सुगाको जन्मदिन**[६१] एक उत्कृष्ट बालकथासङ्ग्रह हो । यस कथासङ्ग्रहमा जम्मा बाह्रवटा कथाहरू रहेका छन् । ती कथाहरू यस प्रकार रहेका छन्

(क) जमुनाको सपना

(ख) लागडो र अन्धो

(ग) अर्जुनको परीक्षा

(घ) फुच्ची सुम्निमा

(ङ) धान खाने मुसो चोट पाउने भ्यागुत्तो

(च) काग र कोइली

(छ) मुसा र मुसीको किनमेल

(ज) फट्याङ्ग्रो र कमिला

(झ) सुगाको जन्मदिन

(ञ) कुरौटे चरो

(ट) अमिली मैया र पिरी नानी

(ठ) फुर्के कान्छो ।

यस कथासङ्ग्रहका कथाहरू ज्ञानमूलक र शिक्षामूलक छन् । यिनीहरूको चर्चा क्रमशः निम्नानुसार गरिएको छ :

---

[६१] ऋषिराम शर्मा, **सुगाको जन्मदिन**, (काठमाडौं : एकता प्रकाशन, २०६२) ।

'जमुनाको सपना'[६२] बालकथाकार ऋषिराम शर्माद्वारा लिखित **सुगाको जन्मदिन** कथासङ्ग्रहमा सङ्कलित पहिलो महत्त्वपूर्ण कथा हो । यस कथामा जमुनाको चाहिनेभन्दा बढी आशावादी हुने र कल्पनामा डुब्ने खराब आचरणलाई देखाइएको छ । जसको परिणामस्वरूप जमुना अन्त्यमा गएर निराशावादी हुन पुग्छे र उसको सपना सबै चकनाचुर हुन्छ । बालकथाकार शर्माले यस कथामा हामीले अनावश्यक योजना बनाउनु हुादैन, जुन कुरा प्राप्त नभई हामी त्यत्तिकै कल्पनामा डुब्यौा भने त्यसले कुनै फाइदा दिादैन भन्ने सन्देश दिएको छ । अझ शर्माको यो कथा नेपाली उखान 'नानी पाउनु कहिलेकहिले कोक्रो बुन्नु अहिले'साग ठीक मेल खाने देखिन्छ । कथामा जमुनाले देखेको सपना कसरी भताभुङ्ग भयो भन्ने प्रसङ्गबाट कथाकारले बालबालिकामा यही सन्देश दिन खोज्छन् ।

'लागडो र अन्धो'[६३] यस कथासङ्ग्रहको दोस्रो महत्त्वपूर्ण कथा हो । यस कथाले हामी शारीरिक रूपमा अस्वस्थ भए पनि हाम्रो मानसिक आत्मबल बलियो हुनुपर्छ भने कुरा देखाउन खोजेका छन् । त्यति मात्र होइन काम गर्दा आपसमा सल्लाह र जुक्तिपूर्ण तवरले गर्नुपर्छ भन्ने सन्देश लागडो र अन्धो दुवैले गरेको कामबाट पुष्टि भएको देखाएर बालबालिकामा सकारात्मक सोचको विकास गराउनु कथाको मुख्य आशय देखिन्छ ।

'अर्जुनको परीक्षा'[६४] प्रस्तुत कथासङ्ग्रहमा सङ्ग्रहित तेस्रो महत्त्वपूर्ण र ज्ञानवर्द्धक कथा हो । पौराणिक विषयवस्तुमा आधारित यो कथा निकै उपयोगी देखिन्छ । यस कथामा आफ्ना सबै चेलाहरूलाई बोलाएर गुरु द्राणाचार्यले परीक्षा लिन सुरु गरेको र परीक्षामा अर्जुन मात्र उत्तीर्ण भएको देखाएर विद्यार्थीले आफ्नो काम, ध्यान र अध्ययनमा लगनशील हुनुपर्छ भन्ने सन्देश दिइएको छ । लगनशील भएको खण्डमा हामीले अर्जुनले जस्तै परीक्षामा सफलता पाउछौा भन्ने सन्देश कथाको हो ।

---

[६२] पूर्ववत्, पृ. ५ ।

[६३] पूर्ववत्, पृ. ७-८ ।

[६४] पूर्ववत्, पृ. ९-१० ।

'फुच्ची सुम्निमा'[६५] यस कथासङ्ग्रहमा सङ्कलित चौथो र महत्त्वपूर्ण कथा हो । यसमा बालमनोविज्ञानलाई स्पष्ट रूपमा देखाइएको छ । सुम्निमाको आमाले मालीसाग वर्षातको कारण रूखविरूवा राम्ररी सप्रने कुरा गरेको सुन्दा सुम्निमाको बालमनस्थितिमा पनि त्यसको छाप परेको पाइन्छ र उनलाई घरमा सबैले फुच्ची भनेको मन नपर्ने भएकाले आफू पनि छिटै ठूली हुने चाहनालाई पूरा गर्न बेस्मारी दर्किरहेको पानीमा भिज्न थालेको कुरालाई यहाा फुच्ची सुम्निमाका माध्यमबाट देखाइएको छ र सुम्निमाकी आमाले सुम्निमालाई सम्झाउादै हरियो तरकारी, दाल, गेडागुडी, दूध, दही आदि खाएर मात्रै छिटै ठूली हुने तर पानीमा भिज्दा बोटबिरूवा मात्र बढ्ने कुराको जानकारी सुम्निमाको कलिलो मस्तिष्कमा छाप पर्न जान्छ । यसरी आफ्ना अभिभावकले बालमनस्थितिलाई ख्याल गरेर उनीहरूको मनोभावलाई बुझ्न सक्नुपर्छ भन्ने सन्देश यस शीर्षकको कथाले दिएको छ । यो कथा बालबालिकाहरूका लागि अत्यन्तै उपयोगी मानिन्छ ।

'धान खाने मुसो चोट पाउने भ्यागुत्तो'[६६] यस कथासङ्ग्रहको अर्को महत्त्वपूर्ण कथा हो । यस कथामा मुसाहरूको बठ्याइालाई देखाउन खोजिएको छ । आफू गल्ती गरेर त्यो गल्तीको भागीदार निर्दोष भ्यागुत्ताहरूमाथि लगाउने मुसाहरूको चलाखीपनलाई यस कथामा देखाइएको छ । यो कथा बालबालिकाहरूका निम्ति निकै शिक्षाप्रद देखिन्छ । हामीले कुनै पनि काम गर्दा सोचविचार गरेर मात्र गर्नुपर्दछ नत्र त्यसको सजायको भागीदार आफू बन्न सकिन्छ भन्ने कुरालाई यस कथामा सरल र सहज ढङ्गबाट देखाइएको छ ।

'काग र कोइली'[६७] यस बालकथासङ्ग्रहमा सङ्कलित अर्को महत्त्वपूर्ण कथा हो । दुई भिन्न पन्छीका नामबाट यस कथाको नामकरण गरिएको प्रस्तुत कथा सरल र बालबालिकाहरूका निम्ति मनोरञ्जन दिने खालको छ । काग र कोइलीका माझमा यस कथामा रूप जस्तो भए पनि बोलीवचन राम्रो हुनुपर्ने अनि मात्रै सबैको प्यारो भइन्छ भन्ने कुराको सन्देश प्रस्ट हुन्छ ।

---

[६५] पूर्ववत्, पृ. ५ ।

[६६] पूर्ववत्, पृ. १३-१४ ।

[६७] पूर्ववत्, पृ. १८-१९ ।

'मुसा र मुसीको किनमेल'[६८] कथासङ्ग्रहमा सङ्कलित अर्को महत्त्वपूर्ण कथा हो । पढ्दाखेरि पनि अपत्यारिलो लाग्ने प्रस्तुत कथा बालबालिकाहरूका निम्ति निकै रुचिपूर्ण र ज्ञानवर्द्धक छ । मुसा र मुसीले आफ्ना बच्चाहरूलाई सम्झाउदै फोहर र दूषित खानेकुराहरू खान नहुने कुराको सन्देश यस कथामा दिएको पाइन्छ । प्रस्तुत कथा सरल र सहज छ । आफ्ना अभिभावकले छोराछोरीलाई जस्तो शिक्षा दियो त्यस्तै शिक्षा उनीहरूले प्राप्त गर्दछन् भन्ने कुरालाई यस कथाका माध्यमबाट देखाइएको छ ।

'फट्याङ्ग्रो र कमिला'[६८] यस कथासङ्ग्रहमा सङ्कलित एक महत्त्वपूर्ण बालकथा मानिन्छ । यस कथाका माध्यमबाट लगनशील भएर काम गरे त्यसबाट सफलता पाउन सकिन्छ भन्ने शिक्षा पाइन्छ । हामीले समयलाई बुझेर समयको सदुपयोग गर्न सिक्नुपर्दछ भन्ने कुराको सन्देश पनि यस कथाबाट पाइन्छ । त्यसैले हामीले कमिलाको जस्तो परिश्रम र मिहिनेत गर्न सिक्नु पर्छ भन्ने सन्देश यस कथाले दिएको छ ।

त्यसै गरी यस कथासङ्ग्रहमा रहेको अर्को महत्त्वपूर्ण कथा 'सुगाको जन्मदिन'[७०] हो । यसै कथाको नामबाट यस कथासङ्ग्रहको नामकरण गरिएको छ । पढ्दाखेरि अपत्यारिलो लाग्ने प्रस्तुत कथा आयामका दृष्टिले सानो भए तापनि बालबालिकाहरूका निम्ति निकै ज्ञानमूलक र शिक्षामूलक छ । बाहिरी संसारको क्षणिक सुखभन्दा आफ्नै ठाउा प्यारो हुन्छ भन्ने कुराको सन्देश यस कथामा पाइन्छ । कथाकार शर्माले यस कथामा मानिसले जस्तै सुगाले पनि जन्मदिवस मनाएको र जन्मदिवसका अवसरमा बाहिर घुम्न गएको र त्यहााको धुवा र धुलोका कारण आफू बिरामी भएकाले पछुताउनु परेको र आफ्नै प्यारो ठाउा आफ्नो बासस्थान पहिलेकै जङ्गलमा पुगेको उल्लेख गरिएको छ । यस कथामा आफ्नो जन्मभूमिप्रतिको मायाममतालाई देखाउन खोजिएको छ । प्रस्तुत कथा सरल र सरस छ । कथाअनुरूपका प्रयुक्त चित्रहरूले कथालाई थप आकर्षित बनाएका छन् जसको परिणामस्वरूप बालबालिकाहरूका लागि प्रस्तुत कथा रुचिपूर्ण देखिन्छ ।

---

68 पूर्ववत्, पृ. १८-१९ ।

६९ पूर्ववत्, पृ. २०-२२ ।

७० पूर्ववत्, पृ. १८-१९ ।

'कुरौटे चरो'[७१] प्रस्तुत बालकथासङ्ग्रहमा सङ्कलित अर्को महत्त्वपूर्ण कथा हो । प्रस्तुत कथामा चराको एकअर्कामा कुरा लगाएर झगडा गर्ने र आफू रमिता हेर्न पाउादा खुसी हुने व्यवहारको चित्रण गरिएको छ भने जसको परिणामस्वरूप उसको यो नराम्रो कुरौटे बानीले गर्दा ऊ स्यालको सिकार बन्नुपरेको छ । कुनै पनि काम गर्दा सोचविचार गरेर र बुद्धि पुऱ्याएर गर्नुपर्छ भन्ने यस कथाको मुख्य अभिप्राय देखिन्छ ।

'अमिली मैया र पिरी नानी'[७२] यस कथासङ्ग्रहको अर्को कथा हो । नेपालको कृषि क्षेत्रलाई परिचित गराउने विषयवस्तु समेटेको यस कथाले गोलभेडा र खुर्सानीको रोचक कुराकानीलाई प्रस्तुत गरेको छ । यसले हाम्रो कृषिप्रधानतालाई देखाएको छ ।

त्यस्तै गरी यस कथासङ्ग्रहको अन्तिम महत्त्वपूर्ण कथा 'फुर्के कान्छो'[७३] हो । यसले पशुपन्छीको स्वभावलाई सङ्केत गरेको छ । भागेराको प्रसङ्गले कथा निकै रोचक बनेको आभास दिन्छ ।

**सुगाको जन्मदिन** बालकथाकार ऋषिराम शर्माको उत्कृष्ट कथासङ्ग्रह हो । केशव सुवेदीको सम्पादन रहेको यस कथासङ्ग्रहमा अत्यन्तै आकर्षक र रोचक चित्र भर्ने काम राजाराम के. सी. ले गरेका छन् भने प्रत्येक कथामा विषयवस्तुअनुसारका चित्र कोरिएका छन् । यसले बालबालिकामा थप रोचकता प्रदान गरेको छ । यस जगत्लाई मीठो मनोरञ्जन दिने तिनै सानासाना बालबालिकाहरूको कलिलो मस्तिष्कका लागि यो कथासङ्ग्रह ज्ञानमूलक र शिक्षामूलक त छादैछ त्यसमा पनि कथासङ्ग्रह अझै रमाइलो बनेको छ । विषयवस्तुको कारणले मात्र होइन कथाकार शर्माले बालउपयोगी भाषाको प्रयोगसमेत यस कथासङ्ग्रहमा गरेका छन् । सरल भाषाशैली, सम्प्रेषणीयता, कोमल शब्दचयन, कथाहरूको आन्तरिक तथा बाह्य पक्ष आदि विविध कारणहरूले गर्दा कथासङ्ग्रह उत्कृष्ट बन्न पुगेको छ । बाह्रवटा रमाइला र चाखलाग्दा अनि सन्देशमूलक कथाहरू समावेश भएको यो कथासङ्ग्रह बालबालिकाको निम्ति निकै उपयोगी बनेको छ । साथै कथाकारको पनि राम्रो शिल्प यसमा देख्न पाइन्छ ।

**(ञ) 'मायाका फूलहरू' कथासङ्ग्रह**

---

[७१] पूर्ववत्, पृ. १८-१९ ।

[७२] पूर्ववत्, पृ. १८-१९ ।

[७३] पूर्ववत्, पृ. १८-१९ ।

**(अ) कथाकारको परिचय**

नेपाली बालसाहित्यका उज्ज्वल प्रतिभा डा. एडोन रोङ्गोङ हुन् । एकपछि अर्को गर्दै अनगिन्ती बालसाहित्यिक कृतिहरू नेपाली बालसाहित्यलाई दिएर उनले धनी बनाएका छन् । उनका प्रकाशित थुप्रै बालकथाहरूमध्ये **मायाका फूलहरू** पनि एक हो ।

एडोन रोङ्गोङद्वारा लिखित **मायाका फूलहरू**[७४] बालकथासङ्ग्रह रसिलो, मीठो र शिक्षाप्रद सामग्री हो । यस सङ्ग्रहमा मान्छेका दुःख, दर्द, आस्था, विश्वास, प्रेम, शान्ति, भावना र कष्टसाग नजिकिएर लेखिएका १० वटा कथाहरू सङ्कलित छन् । समग्रमा उनका बालसाहित्यिक कृतिलाई हेर्दा निम्न विशेषताहरू पाइन्छन् :

- लोककथाको झलक पाइनु,
- बालक्षमता, रुचि, क्षमता, चाहनाअनुसारका कथाहरू हुनु,
- सामाजिक र सन्देशमूलक कथाहरू हुनु,
- बालमनोविज्ञानलाई समेट्नु आदि ।

**(आ) कृतिविश्लेषण**

कथाकार एडोन रोङ्गोङको **मायाका फूलहरू** एक उत्कृष्ट बालकथासङ्ग्रह हो । यस सङ्ग्रहमा जम्मा १० वटा कथाहरू रहेका छन् :

(क) दयालु राजा र मैना

(ख) हितैषी

(ग) चारवटा चारआनी

(घ) मायाका फूलहरू

(ङ) एउटा प्रेमकथा

(च) दृढ विचार

---

[७४] एडोन रोङ्गोङ, **मायाका फूलहरू**, (काठमाडौँ : एकता प्रकाशन, २०६४) ।

(छ) मूर्ख राजा र दूधको कुवा

(ज) साँचो जित

(झ) मोची र राक्षस

(ञ) सानाठूला ताराहरू

यिनीहरूको क्रमशः तल चर्चा गरिएको छ :

'दयालु राजा र मैना'[७५] **मायाका फूलहरू** कथासङ्ग्रहमा सङ्कलित पहिलो महत्त्वपूर्ण र ज्ञानवर्द्धक कथा हो । यस कथामा एक दयालु राजा र मैनाको प्रेमभावलाई देखाउन खोजिएको छ । यो कथा निकै शिक्षाप्रद छ । पिया नाम गरेको मैना चरीले आफ्नो दयालु राजाप्रति चिन्तित भई राजालाई अमर जीवन दिने अजम्मरी फल खोजेर ल्याएको र त्यो कुरा थाहा पाएर राजाको भाइले त्यो फल राजालाई खान नदिन गरेको षड्यन्त्र र अन्त्यमा राजाको हातबाट पिया नामको मैना चरीको दुःखद अन्त्यलाई यस कथामा देखाउन खोजिएको छ । यस कथामा दाजुभाइप्रतिको शत्रुतालाई देखाउन खोजिएको छ । आफू राजा हुन नपाउने चिन्ताले भित्रभित्रै रिसले आगो भई राजालाई अजम्मरी फल ल्याइदिएकामा मैनाचरीसाग बदला लिन गरेको षड्यन्त्रलाई सफलताका साथ चित्रण गरिएको छ भने अन्त्यमा गएर यो सबै षड्यन्त्रको रहस्य थाहा पाई पियालाई व्यर्थमा दोष लगाएकोमा राजामा मनमा ठूलो पश्चात्ताप पैदा हुन्छ । कुनै पनि काम गर्दा राम्ररी विचार पुऱ्याएर मात्र गर्नु पर्दछ भन्ने सन्देश यस कथाले दिएको छ ।

'हितैषी'[७६] डा. एडोन रोङ्गोङको अर्को महत्त्वपूर्ण कथा हो । रोङ्गोङको यो कथा पनि बालबालिकाहरूका लागि निकै शिक्षाप्रद र ज्ञानवर्द्धक एवम् बौद्धिक खुराकले भरिएको छ । यस कथाले छोराछोरीहरूले आफ्ना बाबुआमाले भनेको कुराको सधैं पालन गर्नुपर्दछ, आज्ञाविपरीत कुनै पनि चीजप्रति लोभिएर आज्ञाको उल्लङ्घन गरेमा त्यसबाट ठूलो सङ्कटमा पर्न सकिन्छ भन्ने कुराको चित्रण गरिएको पाइन्छ । प्रस्तुत कथामा कमल र निलु आफ्ना बाबुआमाको आज्ञाविपरीत काम गर्दा एउटी डरलाग्दी

---

[७५] पूर्ववत्, पृ. ७ ।

[७६] पूर्ववत्, पृ. १५-२२ ।

राक्षस्नी बुढीको छलमा परी झन्डै उसको शिकार भएका हुन्छन् तर भाग्यवश एकजना हितैषी नामको सुन्दर केटो तिनीहरूलाई त्यस सैतानको हातबाट बचाउन सफल भएको छ । त्यसैले यो कथा बालबालिकाहरूका निम्ति निकै रुचिपूर्ण देखिन्छ र आफ्ना बाबुआमाले भनेको कुराको सधैं आज्ञापालन गर्न सिक्नु पर्दछ भन्ने कुराको सन्देश यस कथाका माध्यमबाट दिइएको छ ।

प्रस्तुत कथा सरल र आकर्षक छ । कथाअनुरूपका चित्रहरूले बालबालिकाहरूलाई कथा पढ्न थप रुचि पैदा गरेको देखिन्छ ।

'चारवटा चारआनी'[७७] प्रस्तुत कथासङ्ग्रहको अर्को महत्त्वपूर्ण बालकथा हो । यस कथाको विषयवस्तु लोकथामा आधारित छ । एउटा गाउामा गरिब परिवारको मान्छेले हातमुख जोर्नका लागि बेच्न राखेका जङ्गली जडीबुटी र फूलहरूको प्रसङ्गबाट कथाको उठान हुन्छ । उसको घरमा छोरी बिरामी छे । उपचार गर्ने पैसा छैन । संयोगवश एकजना युवकको आगमनले उसका समस्याहरू समाधान हुन्छन् । लोककथाको झल्को पाइने यस कथामा अगाडि उसले तिरेको पैसा पुनः उसकै खल्तीमा उसले पाउाछ । उससाग भएको चारवटा चारआनी बढ्दै गएको अवस्था देखाएर सुन्दर कल्पनामा डुबेको त्यो गाउाले मानिस राम्रो घर बनाउने सोचमा परेको छ तर एकदिन उसले सपना अनौठो देखेपछि उसको सोचाइमा परिवर्तन आउाछ र ऊ समाजसेवाको क्षेत्रमा अग्रसर हुन्छ ।

यस्तो लोककथामा आधारित यो कथा बालबालिकाको मन आकर्षित गर्ने खालको सन्देशमूलक देखिन्छ । कथाको बीचबीचमा दिइएका चित्रहरूले कथालाई थप स्पष्ट पारेका छन् । यसले बालबालिकाहरू ज्यादै खुसीका साथ कथा पढ्न रुचाउने देखिन्छ ।

रोङ्गोङको अर्को महत्त्वपूर्ण कथा 'मायाका फूलहरू'[७८] हो । यसै कथाको नामबाट यस कथासङ्ग्रहको नामकरण गरिएको छ । सविनाको भावना उसका बाबुले बुझेर पनि नबुझेको जस्तो गरेकाले सविनाको मनमा खिन्नता उत्पन्न भएको देखाई कथाकारले बालबालिकाको मनोभावना उनीहरूका बाबुआमाले बुझेर काम गर्नु पर्दछ

---

[७७] पूर्ववत्, पृ. २३-२६ ।

[७८] पूर्ववत्, पृ. २८-३२ ।

भन्ने सन्देश प्रवाहित गरेका छन् । यस कथामा प्रकृतिको समेत मनमोहक चित्रण गरिएको छ । वनपाखामा फुल्ने विभिन्न फूलहरूलाई मायाको फूलको रूपमा सङ्केत गरेकाले कथाको शीर्षक सार्थक देखिन्छ ।

यस सङ्ग्रहमा सङ्कलित अर्को महत्त्वपूर्ण कथा 'एउटा प्रेमकथा'[७९] हो । जीवजन्तुसाग सम्बन्धित कथालाई वा प्रसङ्गलाई मानवीकरण गरी लेखिएको 'एउटा प्रेमकथा' शीर्षकको कथा लोककथामा आधारित छ । छिमेकीबीचको सम्बन्ध ज्यूादाका जन्ती र मर्दाका मलामीजस्तो हुनुपर्दछ । हामीले एकआपसमा झगडा गऱ्यौं भने त्यसको फाइदा अर्को पक्षले लिन्छ भन्ने सन्देश यस कथामा पाइन्छ । सुरुमा जेजस्तो भए पनि अन्तिममा छिमेकीको आवश्यकता पर्छ भन्ने सन्देश यस कथाले दिएको छ ।

यस सङ्ग्रहमा सङ्कलित अर्को कथा 'दृढ विचार'[८०] हो । यो कथा सामाजिक सन्देशमूलक कथा हो । समाजमा हुने वर्ग र नहुने वर्गबीचको फरकलाई यस कथामा मार्मिक ढङ्गबाट देखाउने प्रयास गरिएको छ । मोहन र मोहनकी आमा, सन्ते र सन्तेकी आमाबीचको संवादले यस कुरालाई पुष्टि गर्छ । सुखमा मात्तिने प्रवृत्तिले गर्दा मानिसले फुर्सदमा पछुताउनु पर्ने कुराको सङ्केत यस कथाले दिन्छ ।

रोङ्गोङको यस कथासङ्ग्रहको अर्को महत्त्वपूर्ण बालकथा 'मूर्ख राजा र दूधको कुवा'[८१] हो । यस कथाले मानिसले आफ्नो गल्तीलाई अथवा मूर्खतालाई आफ्नै अगाडि राखिदिएर त्यसको यथार्थ जानकारी दिने प्रयास गरेको छ । त्यस्तै आफ्नै अगाडि नराम्रा कामहरू भए त्यही नै सच्याउने र महसुस गराउने काम गर्न यस कथाले आग्रह गरेको छ ।

[७९] पूर्ववत्, पृ. ३३-३६ ।

[८०] पूर्ववत्, पृ. ३८-४५ ।

[८१] पूर्ववत्, पृ. ४६-५१ ।

यस कथासङ्ग्रहको अर्को महत्त्वपूर्ण बालकथा ‘साँचो गीत’[८२] हो । यो कथा बालमनोविज्ञानमा आधारित छ । आपसी प्रतिस्पर्धाले बालबालिकाहरू सफलतामा पुग्छन् तर त्यो स्वस्थ प्रकारको हुनुपर्छ भन्ने सन्देश यस कथाले दिन्छ ।

यस कथासङ्ग्रहको अर्को महत्त्वपूर्ण बालकथा ‘सानाठूला ताराहरू’[८३] हो । लोककथाको झल्को पाइने यो कथा निकै रोमाञ्चक छ । बुढी राक्षसनीको प्रसङ्ग ल्याएर कथाकारले थप आकर्षण भरेका छन् । अन्तिममा मदनले राजाकी छोरी राजकुमारीसाग धुमधामसाग विवाह गरेको प्रसङ्ग देखाएर आकाशमा धेरै ताराहरू देखिएको सङ्केत यस कथाले दिएको छ । समग्रमा यो कथा लोककथामा आधारित छ । बीचबीचमा प्रयुक्त चित्रहरूले कथामा थप आकर्षण थपेका छन् ।

डा. एडोन रोङ्गोङका अत्यन्तै चर्चित र सफल बालकथासङ्ग्रह **मायाका फूलहरू** हो । दसबटा बालकथाहरू समावेश भएको यो कथासङ्ग्रह रसिलो, मिठो र शिक्षाप्रद सामग्री हो । मान्छेका दुःख, दर्द, आस्था, विश्वास, प्रेम, शान्ति, भावना र कष्टसाग नजिकिएर यो कथासङ्ग्रह तयार गरिएको छ । कुनै पनि बीज हुर्काउन, जोगाउन र बचाउन माटोमा रोप्नुपर्छ । यी कथाहरूले बालबालिकाको पनि ज्ञान, विज्ञान र परम्परा सार्नुपर्ने कुरालाईसमेटेका छन् । कथासङ्ग्रह भाव, भाषाशैली र सरल विषयवस्तुको संयोजन अनि आन्तरिक तथा बाह्यपक्ष आदिका कारणहरूले पनि उत्कृष्ट देखिन्छ । ‘दयालु राजा र मैना’, ‘हितैषी’, ‘चारवटा चारआनी’, ‘साँचो जित’जस्ता कथाहरू निकै नै शिक्षाप्रद र सन्देशमूलक देखिन्छन् । बालबोली र सरल शैली अनि सङ्ग्रहमा कोरिएका सुन्दर एवम् आकर्षक चित्रहरूले समेत कथासङ्ग्रह उत्कृष्ट देखिन्छ । अझ त्यसमा पनि कथासङ्ग्रहमा रहेका कथाहरूले मानिसका दुःख, दर्द, आस्था र विश्वाश आदिलाई बडो मार्मिक र हृदयस्पर्शी ढङ्गले व्यक्त गरेका छन् । त्यसैले पनि कथासङ्ग्रह उत्कृष्ट देखिन्छ ।

**(ट) राजनारायण प्रधान र उनको ‘लेप्चागुरु’ कथासङ्ग्रहको अध्ययन**

नेपाली बालसाहित्यमा निकै चर्चा पाएका साहित्यकारका रूपमा परिचित बालकथाकार राजनारायण प्रधानको उत्कृष्ट बालकथासङ्ग्रहको रूपमा **लेप्चागुरु**

---

[८२] पूर्ववत्, पृ. ५१-५७ ।

[८३] पूर्ववत्, पृ. ५८-६३ ।

देखापर्छ । यस कथासङ्ग्रहमा जम्मा ५ वटा कथाहरू रहेका छन् । ती कथाहरू यस प्रकार रहेका छन्

(क) चोर र जैसी

(ख) ब्राह्मणको अनुहार

(ग) नरेशकुमार

(घ) लेप्चागुरु

(ङ) दिदीले साटो फेरिन् ।

'कथाकार राजनारायण प्रधानको कथासङ्ग्रहमा रहेको पहिलो कथा 'चोर र जैसी'[८४] हो । कथाकारले यस कथालाई निकै रोचकताका साथ प्रस्तुत गरेका छन् । पढ्दा लोककथाको झल्को आउने यो कथा निकै शिक्षाप्रद देखिन्छ । मानिसले आफ्नो इमान्दारी देखाए सबैले राम्रो गर्छन् भन्ने सङ्केत यसमा छ भने अर्कोतिर काम गर्दा अतिबुद्धि पुऱ्याएर मात्र काम गर्नुपर्छ भन्ने सन्देश यसमा छ ।

'ब्राह्मणको अनुहार'[८५] कथा निकै सन्देशवर्द्धक देखिन्छ । आध्यात्मिक चिन्तन, ईश्वरभक्ति र परिश्रमले मानिसलाई असल र सम्पन्न बनाउाछ भन्ने मार्मिक सन्देश यसले दिएको छ । प्रत्येक कामलाई सकारात्मक रूपमा लिन सकियो भने त्यो निकै नै उपयोगी र फलदायी हुन्छ भन्ने कुराको सङ्केत पनि यसले दिएको छ ।

'नरेशकुमार'[८६] यस कथासङ्ग्रहको तेस्रो कथा हो । चरित्रप्रधान कथाको रूपमा यो कथा देखापरेको छ । राजाको छोरो राजकुमारको अन्य देशको भ्रमणको प्रसङ्गलाई यस कथाले अगाडि सारेको छ । यो पूर्णतः लोकोक्ति वा लोककथाको रूपमा आएको देखिन्छ । यस कथामा राखिएको विषयवस्तुले लोककथाको झल्को दिन्छ ।

'लेप्चागुरु'[८७] यस सङ्ग्रहको अर्को कथा हो । कथाकारले यही कथाको नामबाट कथासङ्ग्रहको नामकरण गरेका छन् । यस कथाले पनि लोककथाकै झल्को दिन्छ । मानवलाई आफ्नो सन्तानप्रतिको माया, आवश्यकता कति हुन्छ भन्ने प्रसङ्ग यसमा

---

[८४] राजनारायण प्रधान, 'चोर र जैसी', **लेप्चागुरु**, (काठमाडौँ : एकता प्रकाशन, २०६३), ५ ।

[८५] पूर्ववत्, पृ. ८ ।

[८६] पूर्ववत्, पृ. १० ।

[८७] पूर्ववत्, पृ. १५ ।

छ । बमबहादुरको कुनै सन्तान नभएपछि उसका मनमा उठेका कुराहरू अनि लेप्चागुरुको आशिर्वाद, बमबहादुरको जीवनमा आएको परिवर्तनलाई यसले मार्मिकताकासाथ देखाएको छ ।

'दिदीले साटो फेरिन्'[डड] यस कथासङ्ग्रहको अन्तिम कथा हो । यस कथाले वर्तमान समयमा मानिसहरूप्रति बढ्दै गएको भौतिक सम्पत्ति वा आकर्षणलाई बडो मार्मिक ढङ्गले देखाएको छ । कथा निकै सन्देशमूलक देखिन्छ ।

बालकथाकार राजनारायण प्रधानको प्रस्तुत **लेप्चागुरु** शीर्षकको कथासङ्ग्रह निकै उत्कृष्ट देखिन्छ । कथामा प्रयोग भएको कथाको भाषाशैली, भाव, शब्द संयोजन, आयामगत ढाचा र आन्तरिक र बाह्य दुवै पक्षबाट कथासङ्ग्रह उत्कृष्ट देखिन्छ । यो रसिलो र मीठो अनि शिक्षाप्रद सामग्रीको रूपमा देखापरेको छ । रमाइला र समसामयिक विषयवस्तु समेटेको यो कथासङ्ग्रह निकै बालोपयोगी देखिन्छ ।

### ३.१.२.२ बालगीत

(क) **'घान्द्रुक झलल' बालगीतिसङ्ग्रह**

नेपाली साहित्यका विभिन्न विधाहरूमध्ये बालगीतको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने रामबाबु सुवेदी सशक्त साहित्यकार हुन् । नेपाली बालसाहित्यको विकास र प्रवर्द्धनमा उनको योगदान अविस्मरणीय छ । विशेष गरेर बालगीतको रचना र बालसाहित्यिक कृतिहरूको सम्पादनमा व्यस्त रहने रामबाबु सुवेदीका बालसाहित्यिक कृतिहरूलाई हेर्दा निम्न प्रवृत्तिहरू फेला पार्न सकिन्छ :

- बालरुचि र क्षमताअनुसार बालसाहित्यिक कृतिहरूको रचना गर्नु,
- गीतिलयमा अधिकांश कृतिहरूको रचना गर्नु,
- मनोरञ्जनका साथै सन्देशमूलक कृतिहरूको रचना गर्नु आदि ।

साहित्यकार रामबाबु सुवेदीको चर्चित र मार्मिक एवम् बालबालिकाको मनोरञ्जन र मनमोहक खुराक **घान्द्रुक झलक**[डढ] सचित्र नेपाली बालगीतको सागालो

---

[८८] पूर्ववत्, पृ. २० ।

हो । गीत र सङ्गीतले बालहृदयलाई सजिलै छुन्छन् । धर्तीमा पाइला टेक्ने बित्तिकै बालकहरूको प्रथम भेट गीत र सङ्गीतहरूसाग हुन्छ भनेर भनिन्छ । बालबालिकाको निम्ति सङ्गीतमय जीवन सङ्गीतमय बन्छ । बालकहरूको उमेरसागै लय र स्वरहरू बढ्दै जान्छन्, चढ्दै जान्छन् । सुवेदीको यस्तै शब्दस्वर र सङ्गीत कलाको अनुपम कलासंयोजन **घान्द्रुक झलल** हो ।

प्रस्तुत बालगीतमालामा आठवटा बालगीतहरू रहेका छन् । जुन निम्नानुसार शीर्षकमा रहेका छन् :

(क) जमुनीको छोरो

(ख) इलमी र अल्छे

(ग) सात बार सातै दिन

(घ) नेपालका छोराछोरी

(ङ) पासाङ्ग दिदी

(च) थााकरीको कााकरी

(छ) घान्द्रुक झलल

(ज) ऋतु गीत ।

यस बालगीतको सागालोमा रहेको पहिलो बालगीत 'जमुनीको छोरो'[ढण] हो । टेन्वो छिरिङ गुरुङ र अङ्गु लामा गायकगायिका रहेको उक्त गीत अत्यन्तै आकर्षक र मनमोहक गीत हो । रेडियो नेपालमा रेकर्डिङ्गसमेत गरिएको यो गीत बालबालिकाको जिब्रोमा झुन्डिएको छ । 'जमुनीको छोरो, मेरो गाउा ज्यामिरे' सुरु पङ्क्ति रहेको उक्त गीत बालबालिकाका माझ निकै लोकप्रिय बनेको देखिन्छ ।

---

[८९] रामबाबु सुवेदी, **घान्द्रुक झलल**, (काठमाडौँ : एकता प्रकाशन, २०५९) ।

[९०] पूर्ववत्, पृ. १० ।

बालगीति सागालोमा रहेको अर्को बालगीत ‘इलमी र अल्छे’[९१] हो । पवित्रा सुब्बा र बालसमूहको स्वर रहेको यो गीतले बालबालिकाहरूलाई परिश्रम गर्न सिकाएको छ । परिश्रमको फल मीठो हुन्छ । काम गर्ने मानिसले सुख पाउाछ र अल्छे मानिसले दुःख पाउने कुरालाई गीतको माध्यमबाट यहाा देखाउन खोजिएको छ ।

बालगीति सागालोमा रहेको अर्को कर्णप्रिय गीत ‘नेपालका छोराछोरी’[९२] रहेको छ । यस गीतले नेपाल र नेपालीको राष्ट्रिय भावनालाई प्रतिबिम्बित गरेको छ । हामी नेपालका छोराछोरी हिमाल, पहाड र तराई हाम्रो क्षेत्र, जोजो जहााजहाा जसरीजसरी रहे पनि पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएका सबै हामी नेपाल आमाका छोराछोरी हौा भन्दै राष्ट्रिय स्वाभिमानलाई यस गीतले देखाएको छ ।

यस गीतिसङ्ग्रहको अर्को गीत ‘सात बार सात दिन’[९३] हो । यस गीतिसङ्ग्रहमा रहेका बालगीतहरूमध्ये यो गीत निकै मार्मिक र मर्मस्पर्शी रहेको छ । बिहान सबेरै उठ्ने र आफ्नो नित्य कर्म गर्ने, खेतबारीका कामहरूमा आमाबुबालाई सघाउने र राम्ररी गीत गाउादा गुरुहरू पनि खुसी भएको देखाएर बालबालिकामा सकारात्मक सोचको विकास यस गीतले गराएको छ । कवितामा समावेश गरिएको चित्रले यो बालगीत थप प्रभावकारी बनेको छ ।

‘पासाङ दिदी’[९४] अर्को यस कथासङ्ग्रहमा सङ्कलित बालगीत हो । रुजिका मानन्धर र साथीहरूले स्वर भरेको यो गीत पनि निकै चर्चित र बालप्रिय रहेको छ । नेपाली वीराङ्गना पासाङ्ग ल्हामु शेर्पाको महिमा र प्रसंशा गरी गाइएको यो कविताले पनि बालबालिकामा सकारात्मक सन्देश प्रवाहित गरेको छ । कथामा राखिएका चित्रहरूले थप आकर्षण प्रदान गरेका छन् ।

---

[९१] पूर्ववत्, पृ. ११-१२ ।

[९२] पूर्ववत्, पृ. १५-१६ ।

[९३] पूर्ववत्, पृ. १७-१८ ।

[९४] पूर्ववत्, पृ. १९-२२ ।

'थााकरी कााकरी'[९५] यस बालगीतिसङ्ग्रहको अर्को बालगीत हो । यो गीत लोकगीतको झल्कोमा आधारित छ । बालिबालिकाहरूले खुबै मन पराउने गीतमध्येको यो पनि एकमा पर्छ । गीतलाई थप पुष्टि गर्न र आकर्षक बनाउन चित्रले थप सहयोग गरेको छ । नीरज्वाला श्रेष्ठ र साथीहरूको स्वर रहेको यो गीत मनमोहक र आकर्षक छ ।

'घान्द्रुक झलल'[९६] यस सङ्ग्रहको अर्को मर्मस्पर्शी बालगीत हो । यसमा पर्यटकीय नगरी पोखरामा उपस्थित घान्द्रुकको गीतशैलीमा व्याख्या गरिएको छ । यस गीतले नेपालको प्राकृतिक सौन्दर्यलाई थप पुष्टि गरेको छ । नेपालको प्राकृतिक रमणीयतालाई यसले समेटेको छ । रामेश श्रेष्ठ र साथीहरूको स्वर रहेको यो गीत पनि निकै उत्कृष्ट देखिन्छ ।

'ऋृतुगीत'[९७] गीतिसङ्ग्रहको अन्तिम बालगीत हो । सुनिता सुब्बा र पवित्रा सुब्बाको स्वर रहेको यो गीतमा प्रकृतिको रङ्गमञ्चमा देखापरेका ऋृतुहरूको राज मानिने वसन्त ऋृतुको महिमा गाइएको छ । बालसुलभ र बालक्षमताअनुसार रचिएको र त्यहीअनुसार स्वर भरिएको यो गीत पनि बालबालिकाहरूका निम्ति अत्यन्तै उपयोगी देखिन्छ ।

रामबाबु सुवेदीद्वारा रचित तथा सम्पादित प्रस्तुत बालगीतिसङ्ग्रह समग्रमा उत्कृष्ट देखिन्छ । विभिन्न राष्ट्रिय स्तरमा ख्यातिप्राप्त कलाकारहरूको स्वरले भरिएको प्रस्तुत बालगीतिकाव्यमा दिइएका चित्रहरूले गीतिसङ्ग्रहलाई थप आकर्षित, मनमोहक बनाएका छन् । गीतिसङ्ग्रहमा तयार पारिएको काव्यमालाको बाहिरी आवरण अन्त्यन्तै आकर्षक देखिन्छ । गीत र सङ्गीतले बालहृदयलाई सजिलै हुन्छन् । धर्तीमा पाइला टेक्नासाथ बालकहरूको प्रथम भेट गीत र सङ्गीतसाग हुन्छ भनिन्छ । त्यस्तै प्रकृति र वातावरण नै उनीहरूको गीतसङ्गीतको थलो हो । चुप नरहनु बालक हुनु हो र बालक हुनु नै रमाइलो हुनु हो, संसारमा बालकहरू छुनमुनाउनु पर्छ, गुनगुनाउनु पर्छ, त्यसैले उनीहरू यथेष्ट हाासून्, यथेष्ट गाऊन् खेलून्, रमाउन् भन्ने बालभावनालाई यसले

---

[९५] पूर्ववत्, पृ. २३-२४ ।

[९६] पूर्ववत्, पृ. २५-२८ ।

[९७] पूर्ववत्, पृ. २८-३२ ।

समेटेको छ । बालकभित्रको कोमल भावनालाई गीतले आकाश दिन्छ, सङ्गीतले पखेटा दिन्छ । गीतमय आकाशमा सङ्गीतमय पाखेटाहरू चाल्दै र उचाल्दै उनीहरू क्षितिजपारिको संसार डुल्छन् । गीत र सङ्गीतमा हाम्रोभन्दा बालकहरूको मन बढी तरङ्गिन पुग्छ । सायद यसै मर्मलाई बुझेर होला रामबाबु सुवेदीले प्रस्तुत गीतिकाव्यलाई बालउपयोगी उत्कृष्ट काव्यको रूपमा उतारेका हुन् ।

यस गीतिकाव्यमा गीत, सङ्गीत, चित्र र गायनको मनोरम संयोजन छ । संयोजनको श्रेयभागी एकता प्रकाशनका रामचन्द्र तिमोथी हुन् भन्ने नेपालका ख्यातिप्राप्त सङ्गीतकार रामेश एवम् गायिका सुनिता सुब्बाजस्ता कलाकारको कोमल स्वर यसमा गुञ्जिएको छ ।

'जमुनीको छोरो', 'इलमी र अल्छे', 'सात बार सातै दिन', 'नेपालका छोराछोरी', 'पासाङ दिदी', 'घान्द्रुक झलल', 'ऋतुगीत', 'थााकरी कााकरी' आदि शीर्षकका गीतहरूले नेपालको प्राकृतिक सुरम्यता, नेपाली वीरता र स्वाभिमान, प्रकृतिको ऋतुचक्र आदिलाई सम्बोधन गरेका छन् । त्यस्तैगरी गीतिकाव्यमा शब्द, लय, भाषाशैली आदिको पनि अनुपम चयन पाइन्छ । गीतिकाव्यको आन्तरिक र बाह्य दुवै पक्ष मजबुत  देखिन्छ । त्यसैले पनि गीतिकाव्य उत्कृष्ट देखिन्छ ।

**(ख) 'बनौा सबै ज्ञानी !' गीतिसङ्ग्रह**

**(अ) लेखकपरिचय**

डा. भीष्मराज प्रसाई आधुनिक नेपाली बालसाहित्यका सुप्रसिद्ध बालसाहित्यकार हुन् । वि. सं. १९८९ मा मेची अञ्चलको ताप्लेजुङको निगराद्दीन गा. वि. स.मा जन्मेका प्रसाई पेसाले चिकित्सक हुन् । पेसाले चिकित्सक भए पनि साहित्यका अनुरागी प्रसाईको नेपाली बालसाहित्यमा महत्त्वपूर्ण योगदान रहेको छ । **आराधना**, **आत्मसमर्पण**, **निभेको दियो**जस्ता साहित्यिक कृतिहरूको रचना गर्ने प्रसाईका कृतिगत प्रवृत्तिहरू निम्नानुसार देखापर्दछन् :

- सरल भाषाशैलीको प्रयोग,
- बालरुचि क्षमताअनुसारका साहित्यिक कृतिको रचना गर्नु,
- बालमनोविज्ञानलाई सङ्केत गर्न खोज्नु,

- सामाजिक सद्भाव र सन्देशमूलक कृतिका रचना गर्नु आदि ।

**(आ) कृतिको विश्लेषण**

डा. प्रसाईाको उत्कृष्ट बालगीतिसङ्ग्रह **बनौा सबै ज्ञानी !**[ढड] हो । यस गीतिसङ्ग्रहमा जम्मा १५ वटा गीतहरू समावेश भएका छन् । जुन यसप्रकारका छन् :

(क) नेपालीको घर

(ख) काले र लाले

(ग) सफा राखौा घर !

(घ) लालीगुराास डााडाभरि

(ङ) रोग भाग्छ डााडापारि !

(च) निरोगी लौ बन्नू !

(छ) झिलीमिली

(ज) हिस्स पर्‍यो माझी !

(झ) टाटेपाङ्ग्रे बाघ हो कि !

(ञ) हातेमालो हातहात

(ट) चौरीगाईको दूध मीठो !

(ठ) दुलाबाट मुसी आइ !

(ड) दाना दाना तोरी दाना

(ढ) पुतलीको खेल

(ण) बनौा सबै ज्ञानी ।

‘नेपालीको घर’[ढढ] **बनौा सबै ज्ञानी** ! बालगीतिसङ्ग्रहमा रहेको पहिलो गीत हो । यसमा नेपालीको घर नेपाल र यहााका प्राकृतिक वस्तुको परिचय दिइएको छ ।

---

[९८] भीष्मराज प्रसाईं, **बनौं सबै ज्ञानी !**, (काठमाडौं : एकता प्रकाशन, २०६०) ।

'काले र लाले'[९९] यस गीतिसङ्ग्रहको दोस्रो गीत हो । निकै रमाइलो र ठट्यौली पाराको यो गीति उत्कृष्ट छ ।

'सफा राखौा घर'[१००] गीतिकविताले सफासुग्घर भए हामीलाई रोग नलाग्ने कुराको सङ्केत गर्छ । साथै सरसफाइमा ध्यान दिनुपर्छ भन्ने सन्देश यसले दिन्छ ।

'लालीगुराास डााडाभरि'[१०१] यस गीतले नेपालीको राष्ट्रिय फूल लालीगुराास अनि नेपालको प्राकृतिक सुन्दरता र सुरम्यतालाई बोध गराउन खोजेको छ ।

'रोग भाग्छ डााडाभरि'[१०२] शीर्षकको गीतले फलफूलको सेवनले हामी स्वस्थ बन्ने कुरालाई अगाडि सारेको छ ।

'झिलीमिली'[१०३] शीर्षकको गीतले बालबालिकालाई प्रशस्त मनोरञ्जन प्रदान गरेको छ । यो गीत गाउादा आह्लादित मन छुने खालको छ।

'हिस्स पऱ्यो माझी'[१०४] यस गीतले नेपाली खोला र किनारमा जाल हानेर माछा मारी आफ्नो जीविकोपार्जन गर्ने माझीको वास्तविक जीवनलाई उजागर गरेको छ ।

'टाटेपाङ्ग्रे बाघ हो कि'[१०५] शीर्षकको गीतले हाम्रा वनजङ्गलमा पाइने र पाइएका जङ्गली जनावरहरूलाई सङ्केत गरेको छ ।

'हातेमालो हातहात'[१०६] शीर्षकको गीतले एकता नै सबभन्दा ठूलो वस्तु हो र एकतामा नै बल हुने भएकाले एकतामा आबद्ध रहनु पर्छ भन्ने कुरालाई जोड दिएको छ । के तराई के पहाड, के हिमाल, हामी सबै एकै हौा भन्ने कुरालाई यसले देखाउाछ ।

'चौरीगाईको दूध मीठो !'[१०७] शीर्षकको गीतले हाम्रो हिमाली भेगमा शेर्पा दाजुभाइहरूले पाल्ने गरेको जनावर चौरीको बारेमा उल्लेख गरेको छ ।

---

९९ पूर्ववत्, पृ. ५ ।
१०० पूर्ववत्, पृ. ६ ।
१०१ पूर्ववत्, पृ. ७ ।
१०२ पूर्ववत्, पृ. ८ ।
१०३ पूर्ववत्, पृ ९ ।
१०४ पूर्ववत्, पृ. १० ।
१०५ पूर्ववत्, पृ. ११ ।
१०६ पूर्ववत्, पृ. १३ ।
१०७ पूर्ववत्, पृ. १४ ।

'दुलाबाट मुसी आइ !'[108] शीर्षकको गीतले मुसीको चर्तीकलालाई देखाउादै त्यसको चलाखीपनको परिचय दिएको छ ।

'दाना दाना तोरी दाना'[110] शीर्षकको गीतले पुतलीले कसरी आफ्नो दिनचर्या पूरा गर्छ भन्ने कुरालाई देखाएको छ ।

'पुतलीको खेल'[111] शीर्षकको गीतले पुतलीले कसरी आफ्नो दिनचर्या पूरा गर्छ भन्ने कुरालाई देखाएको छ ।

'बनौा सबै ज्ञानी'[112] गीतिसङ्ग्रहको अन्तिम गीत हो । यो निकै उत्कृष्ट मानिन्छ । सङ्ग्रहको नामकरण पनि यसैबाट गरिएको छ । यसले सबै बालबालिकालाई ज्ञानी असल बन्ने सन्देश प्रवाहित गर्छ ।

निष्कर्षमा भन्नुपर्दा डा. प्रसाईाको यो गीतिसङ्ग्रह उत्कृष्ट सङ्ग्रहको रूपमा देखापर्छ । यस सङ्ग्रहको मध्यपृष्ठमा दिइएका तस्विरहरूले बालबालिकालाई गीत बुझ्न थप सहयोग गरेका छन् । यसमा सङ्कलित बालगीतहरूमा हाम्रो समाजमा सानासाना नानीहरूका निम्ति नेपालको वातावरण, नेपालका गाउाघर, नेपालका डााडाकााडा, नेपालको प्रकृतिसम्पदा, हावापानी आदिसाग जोडिएका विषयवस्तुलाई सकेसम्म मीठो लयमा प्रस्तुत गर्ने प्रयत्न गरिएको छ । गीतिकाव्य सरल, सहज र सुकोमल छ । यसमा भाषाशैली, भाव, शब्दचयन, स्वर र ताल आदि सबैको उचित तालमेल देखिन्छ । केशव सुवेदीको कुशल सम्पादकत्व अनि जोशी र राजाराम के. सी. को ग्राफिक्स आदिको कुशलताले गर्दा गीतिकाव्यको आन्तरिक र बाह्पक्ष मजबुत देखिन्छ । १५ वटा गीत र अप्ठेरा शब्दहरूको अर्थसमेत दिइएकाले यो सरल छ भन्ने कुराको स्पष्टोक्ति हुन्छ । समग्रतामा हेर्दा गीतिकाव्य डा. प्रसाईाको निकै उत्कृष्ट काव्यको रूपमा देखापर्छ ।

**(ग) माधवप्रसाद घिमिरे र उनको 'सुनपङ्खी चरी' बालगीतमालाको अध्ययन**

---

[108] पूर्ववत्, पृ. १५ ।
[109] पूर्ववत्, पृ. १६ ।
[110] पूर्ववत्, पृ. १७ ।
[111] पूर्ववत्, पृ. १८ ।
[112] पूर्ववत्, पृ. १९ ।

### (अ) लेखकको परिचय

माधवप्रसाद घिमिरे नेपाली साहित्यजगत्का चम्किला तारा हुन् । वि. सं. १९७६ मा लमजुङको पुस्तुन भन्ने गाउामा जन्मेका घिमिरे नेपाली साहित्यका राष्ट्रकविका रूपमा सुपरिचित छन् । नेपाली साहित्यका अतिरिक्त नेपाली बालसाहित्यमा पनि उनको उत्तिकै योगदान रहेको छ । उनका **घामपानी**, **सुनपङ्खी चरी**जस्ता बालगीत रचनाहरूले बालसाहित्यमा नौलो आयाम थपेका छन् । उनका बालसाहित्यिक प्रवृत्तिहरू निम्नानुसारका रहेका छन् :

बाल उपयोगी कृतिहरूको रचना ।

सरल, सहज र सरस भाषाशैलीको प्रयोग

बालरुचि र क्षमताअनुसारका कृतिहरूको रचना गर्नु आदि ।

### (आ) 'सुनपङ्खी चरी'को विश्लेषण

**सुनपङ्खी चरी**[११३] बालसाहित्यकार माधवप्रसाद घिमिरेको उत्कृष्ट बालगीतमाला हो । यस गीतमालामा जम्मा ३० वटा साना तथा छोटा बालगीतहरू समेटिएका छन् । ती गीतहरू निम्नानुसार शीर्षकमा प्रस्तुत गरिएको छ :

| | |
|---|---|
| (क) सानु भाइ | (ख) सानी बहिनी मैना |
| (ग) लोरी | (घ) प्रभाती |
| (ङ) आए फुर्के-फुर्की | (च) के पीर पऱ्यो बोल् बोल् ! |
| (छ) सुनपङ्खी चरी | (ज) सानुसानु रूख |
| (झ) हेर बाच्छी हामी | (ञ) हेर्दाहेर्दै ढुङ्गो |
| (ट) लुकामारी | (ठ) सक्छु म पनि |
| (ड) लुली-लुली पाखुरी | (ढ) बााडीचुाडी खाने हो |
| (ण) घिउ-कमिला | (त) घनौती |

[११३] माधवप्रसाद घिमिरे, **सुनपङ्खी चरी**, (काठमाडौं : एकता प्रकाशन, २०५३) ।

(थ) हाम्री बहिनी टुल्की (द) गुनुगुनु माउरी

(ध) आम्भुइ, आम्भुइ, आम्भुइ (न) घामका छोराछोरी

(प) लहै खेलीखेली (फ) सिपालु हो माकुरो

(ब) भुक्के कुकुर (भ) बुख्याचा

(म) भोलि-पर्सि (य) कति ठूलो संसार

(र) घाम छाया (ल) रूपैरूपको पन्छी

(व) तारा पनि सुन्छ रे ! (श) आाखाका नानी ।

यस बालगीतसङ्ग्रहको पहिलो गीत 'सानुभाइ'[114] हो । यसमा बालबालिकाको बालसुलभ र चञ्चलेपनालाई अनि बालकका क्रियाकलापलाई देखाइएको छ । 'सानी बहिनी मैना'[115] शीर्षकको गीतले पनि बालसुलभतालाई नै देखाएको छ तर सरल शब्दहरूको प्रयोगले गीत निकै उत्कृष्ट छ । 'आए फुर्के-फुर्की'[116] निकै चर्चित र आनन्ददायी बालगीत हो । यसमा पनि बालबालिकाको हाउभाउ, बोलीचाली र क्रियाकलापलाई देखाइएको छ भने 'के पीर पऱ्यो बोल् बोल् !'[117] शीर्षकको गीतले बालसुलभ र बालबालिकालाई फकाउने काम गरेको छ ।

'सुनपङ्खी चरी'[118] निकै नै महत्त्वपूर्ण र उत्कृष्ट बालगीत हो । गीतिमालाको नामकरण पनि यसै गीतबाट गरिएको छ । गीत निकै नै बालोपयोगी देखिन्छ ।

'लोरी'[119] यस सङ्ग्रहमा रहेको अर्को महत्त्वपूर्ण गीत हो । नेपाली सामाजिक परम्परामा बालबच्चाहरूलाई फकाउने चलनलाई यसले देखाएको छ । यसमा छोटोछोटो अन्तराको प्रयोग गरिएको छ । 'प्रभाती'[120] अर्को बालगीत हो । यसले पनि

---

[११४] पूर्ववत्, पृ ६ ।

[११५] पूर्ववत्, पृ. ७ ।

[११६] पूर्ववत्, पृ. ९ ।

[११७] पूर्ववत्, पृ. ११ ।

[११८] पूर्ववत्, पृ. १२ ।

[११९] पूर्ववत्, पृ. १३ ।

[१२०] पूर्ववत्, पृ. १४ ।

बालबच्चाको बानीव्यवहारलाई सङ्केत गरेको छ । 'सानुसानु रूख'[१२१] शीर्षकको गीत बोटविरूवाको बारेमा जानकारी गराउने गीत हो । यसले प्रकृतिको महत्त्वलाई झल्काएको छ ।

'हेर बाच्छी हामी'[१२२] नेपालको राष्ट्रिय जनावर गाईको बारेमा जानकारी दिने खालको गीत देखिन्छ । छोटाछोटा गीतले निकै बालबालिकालाई मनोरञ्जन प्रदान गरेको अनुभव मिल्छ । 'हेर्दा हेर्दै ढुङ्गो'[१२३] पनि विद्यार्थीहरूलाई मनोरञ्जन प्रदान गर्ने खालको गीत देखिन्छ । यस अतिरिक्त 'लुकामारी', 'सक्छु म पनि', 'लुलीलुली पाखुरी', 'बााडीचुडी खाने हो', 'घिउकमिला', 'धनौटो', 'हाम्री बहिनी टुल्की', 'गुनगुन माउरी', 'घामका छोराछोरी', 'लहै खेलीखेली', 'सिपालु हो माकुरो', 'भुक्के कुकुर', 'बुख्याचा' 'भोलि-पर्सि', 'कति ठूलो संसार', 'घाम छाया', 'रूपैरूपको पन्छी', 'तारा पनि सुन्छ रे !', 'आाखाका नानी' आदि शीर्षकका गीतहरूले पनि बालबालिकालाई प्रशस्तै मनोरञ्जन दिएका छन् ।

प्रस्तुत गीतिकाव्य सरल छ । भाषाशैली र शब्दसंयोजन कोमल छ । बालमनोविज्ञानको अतल गहिराइलाई छोएर रचिएको यस बालगीतमालामा प्रकृति, वनस्पतिको सेरोफेरोलाई आगालेर बालमनको कोमल भावनाहरूलाई जगाउने र तिनलाई सौन्दर्य, सुरुचि र विवेकतर्फ उन्मुख गराउन सरस, कलात्मक गीति र क्षमताको पूर्ण उपयोग गरिएको छ । यी बालगीतहरूले बालबालिकालाई विश्व र मानव जीवनको रहस्य बुझी मानवताको उत्कृष्ट संवेदनालाई आफूभित्र सत्प्रेरणा रचनात्मक रूपमा प्रदान गर्दछन् । यी बालगीतहरू नेपाली बालबालिकाका ओठमा, गलामा र हृदयमा चीरकालसम्म गुन्जिरहने क्षमताका छन् । यस गीतमालाका प्रत्येक बालगीतका भावलाई यथाशक्य मूर्त तुल्याई सुन्दर चित्रहरूको रचना गरी प्रसिद्ध कलाकार के कर्माचार्यले भगीरथ प्रयत्न गरेका छन् । समग्रमा हेर्दा सबै कोणबाट गीतिसङ्ग्रह उत्कृष्ट देखिन्छ ।

**(घ) शैलेन्दुप्रकाश नेपाल र उनको 'झुल्केघाम' बालगीतसङ्ग्रह**

---

[१२१] पूर्ववत्, पृ. १५ ।

[१२२] पूर्ववत्, पृ. १६ ।

[१२३] पूर्ववत्, पृ. १७ ।

**(अ) लेखकको परिचय**

शैलेन्दुप्रकाश नेपाल नेपाली बालसाहित्यमा एउटा परिचित नाम हो । थुप्रै बालसाहित्यिक कृतिहरू नेपाली बालसाहित्यलाई समर्पण गरेका शैलेन्दुप्रकाश नेपाल तरूण माध्यमिक विद्यालयमा सेवारत छन् । उनका समग्र कृतिहरूलाई हेर्दा उनका प्रवृत्तिहरू निम्न देखा पर्दछन् :

- नैतिक सन्देश दिने खालका बालगीतहरूको रचना,
- सरल, सहज भाषाशैलीको प्रयोग,
- तुलनात्मक रूपमा लामा गीतको रचना,
- बाल क्षमताअनुसारका बालगीतको रचना ।

**(आ) 'झुल्के घाम' कृतिको विश्लेषण**

शैलेन्दुप्रकाश नेपालको **झुल्केघाम**[१२४] एक उत्कृष्ट बालगीतिसङ्ग्रह हो । २०४८ सालमा पहिलो संस्करणमा आएको यो गीतमाला हालसम्म एकै पटक संस्करणमा आएको छ । नेपालका बालगीतहरूमध्ये यो पनि एक उत्कृष्ट बालगीतमाला सङ्ग्रहका रूपमा देखापर्छ । यसमा जम्मा ३० वटा गीतहरू रहेका छन् । ती गीतहरूलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

(क) हामी तिम्रै छोराछोरी
(ख) हामी साना नानी
(ग) पिट्नु हुन्न पाले दाइ
(घ) हाम्रो घरको छानामा
(ङ) पानी हाम्रो जिन्दगी
(च) हामी खेल्छौ मिलीजुली
(छ) सानो सानो पुतली
(ज) बोटैभरि सुन्तला
(झ) हाम्रो अनमोल मोती
(ञ) हरबर तोरी
(ट) ठूलो मान्छे बनौा
(ठ) हृदय आफ्नो त्यतै लगाऔा
(ड) वनभित्रको संसार
(ढा) आज एउटा गीत गाऔा
(ण) आकाश जस्तै मन हाम्रो
(त) नेपालकी छोरी
(थ) बादलका राजा
(द) सानी सानी राम्री नानी
(ध) कति राम्रो हाम्रो हिमाल
(न) आकाशको चोखोपन

[१२४] शैलेन्दुप्रकाश नेपाल, **झुल्के घाम**, (काठमाडौँ : एकता प्रकाशन, २०४८ ।

(प) झुल्के घाम (फ) यही धर्तीमाझ

(ब) सुनै सुन भुल्यो आज (भ) हौ शान्तिका द्रष्टा हामी

(म) हाम्रो देश (य) हाम्रो रहर

(र) झोला बोकी पढ्न जाऊा (ल) सानो सानो बालक म

(व) पढ्न जाउा रे (श) हाासी हाासी खाऊ ।

'हामी तिम्रै छोराछोरी'[125] **झुल्के घाम** गीतिसङ्ग्रहको पहिलो गीत हो । यो गीत ईश्वर भक्तिमा केन्द्रित छ । आध्यात्मिक चिन्तनबाट प्रभावित यस गीतले नैतिक सन्देश प्रवाह गर्दछ । 'हामी साना नानी'[126] यस सङ्ग्रहको अर्को बालगीत हो । यसमा बालबालिकाको क्रियाकलाप, रुचि, चाहना आदिलाई देखाइएको छ । यस गीतमा उनीहरूको इच्छा के छ, उनीहरू केके चाहन्छन् भन्ने कुरालाई आकर्षणपूर्ण ढङ्गले कथाकारले देखाएका छन् ।

'पिट्नु हुन्न पाले दाइ'[127] यसले बालबालिकालाई आदर, माया र स्नेहको आवश्यकता पर्छ भन्ने कुरालाई देखाएको छ । खेल्न पाए, माया पाए ठूलो मान्छे र ज्ञानी बन्ने सन्देश यस गीतले दिएको छ ।

'हाम्रो घरको छानामा'[128] यस सङ्ग्रहको अर्को बालगीत हो । यस शीर्षकको गीतले घरको छानामा आएर गुाड लगाई बस्ने भागेराको मार्मिक रूपमा वर्णन गरेको छ । उनीहरूको विलौना वा अवस्थालाई गीतले सङ्केत गरेको छ ।

'पानी हाम्रो जिन्दगी'[129] शीर्षकको गीतले पानीको महिमा र महत्त्वलाई देखाउन खोजेको छ । मानव जीवनमा पानी अमृततुल्य हुन्छ भन्दै पानीको विशेषतालाई यसले देखाएको छ । अन्य गीतहरूभन्दा यसको अन्तरा अलिक लामो छ ।

'हामी खेल्छौ मिलीजुली'[130] यो गीतले सानासाना मानीहरूको आपसी मेलमिलापलाई सङ्केत गर्छ । वास्तवमै बालकहरू आफ्नै उमेरका साथीहरूसाग बढी

---

१२५ पूर्ववत्, पृ. ५ ।
१२६ पूर्ववत्, पृ. ६ ।
१२७ पूर्ववत्, पृ. ७ ।
१२८ पूर्ववत्, पृ. ८ ।
१२९ पूर्ववत्, पृ. १० ।

रमाउाछन् । उनीहरूको इच्छा, चाहना सोहीअनुरूपको हुने गर्दछ भन्ने कुरालाई यसले देखाएको छ ।

'सानो सानो पुतली'[130] यो शीर्षकको गीतले प्रकृतिमा रहेको सुन्दर प्राणी प्रकृतिको बारेमा बालबालिकालाई ज्ञानबोध गराएको छ । पुतलीको बानीव्यवहार र उसको बनावटको बारेमा यसले जानकारी प्रदान गरेको छ ।

'बोटैभरि सुन्तला'[131] बालगीतले बोटविरूवाको संरक्षण हामीले गर्नुपर्छ । सुन्तला शारीरिक स्वस्थताको निम्ति उपयोगी फलफूल हो भन्ने कुराको जानकारी गराउादै यसको प्रकृतिलाई देखाएको छ ।

'हाम्रो अनमोल मोती'[132] शीर्षकको गीत निकै सङ्केतात्मक छ । यस गीतले बालबालिकालाई पढाइको महत्त्वका जानकारी गराउाछ भने शारीरिक व्यायामका बारेमा समेत यसले जानकारी गराएको छ ।

'हरवर तोरी'[133] शीर्षकको गीतले नेपाल कृषिप्रधान देश हो । यसका नगदे बालीहरू संसारमा नै प्रसिद्ध छन् भन्ने कुराको सङ्केत गर्छ । तोरी जसको प्रयोग धेरै कुराको निम्ति गरिन्छ । त्यसकै महिमामाथि यस गीतले प्रकाश पारेको छ ।

'ठूलो मान्छे बनौ'[134] शीर्षकको गीतमा हामीले ठूलो मान्छे बन्न केही गुणहरूको विकास गर्नुपर्छ भन्ने कुराको सङ्केत गरिएको छ । काग र कोइलीको उदाहरण दिएर गीतकारले यस्तो सन्देश दिन खोजेका छन् । 'हृदय आफ्नो त्यतै लगाऔ'[135] शीर्षकको गीतले समयको महत्त्वलाई झल्काएको देखिन्छ । समय कतिको वलवान् हुन्छ र समयलाई चिन्न सकिएन भने हामीले निकै दुःख खेप्नुपर्छ भन्ने कुराको

[130] पूर्ववत्, पृ. ११ ।
[131] पूर्ववत्, पृ. १२ ।
[132] पूर्ववत्, पृ. १४ ।
[133] पूर्ववत्, पृ. १५ ।
[134] पूर्ववत्, पृ. १६ ।
[135] पूर्ववत्, पृ. १७ ।
[136] पूर्ववत्, पृ. १८ ।

सङ्केत यसमा छ । 'वनभित्रको संसार'[१३७] शीर्षकको गीतले एकातिर नेपाली वन, हरियो वन नेपालको धन'लाई सङ्केत गरेको छ भने अर्कोतिर वनपाखामा रमाएर बस्ने पशुपक्षी, त्यसमा पनि कोइली चरीको संसारलाई देखाएको छ ।

'आज एउटा गीत गाऔं'[१३८] शीर्षकको गीतले हामी सबै एकतामा आबद्ध हुनुपर्छ भन्ने सन्देश प्रवाह गरेको छ भने अर्कोतिर बाल मनोरञ्जनको अवस्थालाई पनि देखाएको छ । 'आकाशजस्तै मन हाम्रो'[१३९] शीर्षकको गीतले बालबालिकाहरूको मन निश्छल, कोमल र फराकिलो हुन्छ भन्ने कुरालाई देखाएको छ ।

'नेपालकी छोरी'[१४०] शीर्षकको गीतले नेपाली हुनुको पहिचानलाई देखाएको छ । नेपाली छोरीको परिचय गीतले दिएको छ । 'बालदका राजा'[१४१] शीर्षकको गीतले बादल र पानीको बारेमा जानकारी प्रदान गरेको छ । 'सानीसानी राम्री नानी'[१४२] शीर्षकको गीतले बालसुभलता र बाल चञ्चलतालाई देखाउन खोजेको छ ।

'कति राम्रो हाम्रो हिमाल'[१४३] शीर्षकको गीतले नेपाली प्रकृति सम्पदाको बारेमा छर्लङ्ग पारेको छ । नेपाल हिमाल र पहाडको देश, अत्यन्तै सुन्दर र मनमोहक देखिने यो प्रकृतिको एउटा सुन्दर उपहार नै हो भन्ने कुराको सन्देश यसले दिन्छ ।

'झुल्के घाम'[१४४] यस गीतिकविताको निकै नै चर्चित बालगीत हो । गीतकारले यसै गीतको नामबाट गीतिसङ्ग्रहको नामकरण गरेका छन् । यसले बालबालिकालाई निकै मनोरञ्जन प्रदान गरेको छ ।

बालसाहित्यकार शैलेन्दुप्रकाश नेपालको यो बालगीतसङ्ग्रह निकै उत्कृष्ट देखिन्छ । यसमा प्रयोग भएको भाव, भाषाशैली, शब्दछनोटको सरलता, भाषिक सरलता, गीति कविताको आन्तरिक र बाह्य संरचना एवम् बालोपयोगी सरल र सरस

---

[१३७] पूर्ववत्, पृ. १९ ।
[१३८] पूर्ववत्, पृ. २० ।
[१३९] पूर्ववत्, पृ. २१ ।
[१४०] पूर्ववत्, पृ. २२ ।
[१४१] पूर्ववत्, पृ. २३ ।
[१४२] पूर्ववत्, पृ. २४ ।
[१४३] पूर्ववत्, पृ. २५ ।
[१४४] पूर्ववत्, पृ. २६ ।

खालका गीतहरू यस सङ्ग्रहमा समावेश भएकाले यो बालगीतिसङ्ग्रह उत्कृष्ट देखिन्छ ।

**(ङ) एडोन रोङ्गोङ र 'नेपाली बालगीतमाला'**

**(अ) लेखकको परिचय**

एडोन रोङ्गोङ लेप्चा एक सशक्त नेपाली बालसाहित्यकार हुन् । उनको योगदान नेपाली बालसाहित्यमा महत्त्वपूर्ण छ । विशेष गरेर बालगीतिमालाका क्षेत्रमा उनले आफ्नो कलमलाई सशक्त बनाएका छन् । उनका प्रकाशित बालसाहित्यिक कृतिहरूलाई हेर्दा उनका निम्न विशेषता देखा पर्दछन् :

- बालक्षमता र रुचिअनुसारको बालगीतको रचना गर्नु,
- सरल भाषाशैलीको प्रयोग
- बालकहरूको मनोभावनालाई बुझ्न सक्नु आदि ।

**(आ) 'नेपाली बालगीतमाला' कृतिको विश्लेषण**

गीतकार एडोन रोङ्गोङ लेप्चाको **नेपाली बालगीतमाला**[145] २०६१ मा प्रकाशित चर्चित बालगीतसङ्ग्रह हो । यसमा जम्मा २० वटा बालगीतहरू समावेश गरिएका छन् । रामबाबु सुवेदीको सम्पादनमा तयार भएको यस गीतिमालामा समावेश भएका गीतहरू यस प्रकार छन् :

| | |
|---|---|
| (क) घाम झुल्क्यो | (ख) पुतली रानी |
| (ग) ए ! ए ! पुतली ! | (घ) स्याल र किताब |
| (ङ) भालु भाइ | (च) भोटे भाइ |
| (छ) मेरो घोडा | (ज) बाादरको यात्रा |
| (झ) ढाडे बिरालो | (ञ) भुरुङ घुमाऊ ! |
| (ट) इन्द्रधनुष | (ठ) नाच न मजुर ! |
| (ड) काग मामा | (ढ) बिरालाको जाल |
| (ण) सूर्य उदायो ! | (त) मुसा भान्जा |

---

[145] एडोन रोङ्गोङ लेप्चा, **नेपाली बालगीतमाला**, (काठमाडौँ : एकता प्रकाशन, २०६१) ।

(थ) कुइरो पानी (द) बुकुनेका बच्चा

(ध) हिाड्ने र उड्ने ।

बालगीतमालामा रहेको पहिलो गीत 'घाम झुल्क्यो'[१४६] हो । यस शीर्षकको गीतले घाम झुल्केर बिहानी सङ्केत गरेको छ भने विद्यार्थीहरूलाई आफ्नो विद्यालय जाने कुराको समेत सङ्केत यसले गरेको छ ।

'पुतली रानी'[१४७] बालगीतमालामा रहेको दोस्रो गीत हो । यसले प्रकृतिमा पाइने सुन्दर कीरापुतलीका बारेमा वर्णन गरेको छ । यसबाट विद्यार्थीहरूले पुतलीको बारेमा जानकारी गर्छन् । घुमाउरो रूपले यहाा विद्यार्थीहरू पनि पुतलीजस्तै सुन्दर र आकर्षक हुन्छन् भन्ने सङ्केत गरिएको छ ।

'कोइली'[१४८] शीर्षकको गीतले नेपाली वनपाखामा विरहको गीत गाउने कोइली चरीको बारेमा बयान गरेको छ । त्यस्तै 'ए ! ए ! पुतली !'[१४९] शीर्षकको गीतले पुतलीलाई फकाएको भाव प्रवाह गरेको छ । 'स्याल र किताब'[१५०] यस सङ्ग्रहको निकै रमाइलो गीतको रूपमा रहेको छ । स्यालको चलाखी, बाठोपनालाई यहाा देखाइएको छ । यसबाट विद्यार्थीहरूले स्यालको चतुऱ्याइा बुझ्दछन् ।

'भालु दाइ'[१५१] शीर्षकको गीतले जङ्गली जनावर भालुलाई मानवीकरण गरेको छ । भालुलाई मानिसको पहिरनमा हिाडेको देखाएर गीतकारले बालबालिकालाई भरमग्दुर मनोरञ्जन दिएका छन् । 'मोटे भाइ'[१५२] शीर्षकको गीतले बालकको चित्रण गरेको छ । हेर्दा सानो देखिने मोटे भाइ निकै आकर्षक छ । बालबालिकाले यो गीत गाएपछि निकै मनोरञ्जन प्राप्त गर्दछन् ।

---

[१४६] पूर्ववत्, पृ. ५ ।

[१४७] पूर्ववत्, पृ. ६ ।

[१४८] पूर्ववत्, पृ. ७ ।

[१४९] पूर्ववत्, पृ. ८ ।

[१५०] पूर्ववत्, पृ. ९ ।

[१५१] पूर्ववत्, पृ. १० ।

[१५२] पूर्ववत्, पृ. ११ ।

'मेरो घोडा'[१५३] शीर्षकको गीतले प्राणीजगत्को निकै बलियो र उपयोगी मानिने प्राणी घोडाको बारेमा जानकारी गराएको छ । 'बाादरको यात्रा'[१५४] शीर्षकको गीतले बाादरको रमाइलो यात्रालाई देखाएको छ भने 'ढाडे बिरालो'[१५५] शीर्षकको गीतले बिरालोको बखान गरेको छ । ढाडे बिरालो आएपछि मुसाहरू कतिको तर्सन्छन् भन्ने कुरालाई यसले मार्मिकताका साथ समेटेको छ ।

'भुरूङ्ग घुमाऊ'[१५६] शीर्षकको गीतले बच्चाहरूको खेल्ने बानीलाई सङ्केत गरेको छ । कति आनन्दपूर्वक बच्चाहरू खेल्छन् भन्ने कुराको जानकारी यसले दिएको छ । 'इन्द्रधनुष'[१५७] शीर्षकको गीतले प्रकृतिमा देखापर्ने रङ्गीन इन्द्रधनुषको सप्तरङ्गी रङको बारेमा यसले व्याख्या गरेको छ । यो गीत पढ्दा विद्यार्थीहरू निकै नै आह्लादित बन्न पुग्छन् । 'नाच न मजुर'[१५८] शीर्षकको गीतले प्रकृतिको सुन्दर पक्षी, मजुरको सुन्दरताको बखान गरेको छ । मजुरको आकर्षणले प्रकृति नै रमाइलो भएको अनुभव यस गीतका माध्यमबाट बालिबालिकाले गर्छन् ।

'काग र मामा'[१५९] शीर्षकको गीतले कागको बाठोपनालाई देखाएको छ । यसबाट विद्यार्थीहरूले कागको बानीबारे राम्रो जानकारी प्राप्त गर्दछन् । 'बिरालोको जाल'[१६०] शीर्षकको गीतले बिरालोको चलाखीलाई देखाएको छ । आफ्नो आहारको निम्ति उसको चलाखीपन यसमा देखिन्छ । 'कुइरो र पानी'[१६१] शीर्षकको गीतले नेपाली प्रकृतिको बारेमा जानकारी गराएको छ । त्यस्तै 'बुकुनेको बच्चा'[१६२] शीर्षकको गीतले घरपालुवा जनावर कुकुरको बच्चाबच्ची र उसको बानीबेहोराको बारेमा जानकारी दिएको छ ।

---

[१५३] पूर्ववत्, पृ. १२ ।
[१५४] पूर्ववत्, पृ. १३ ।
[१५५] पूर्ववत्, पृ. १४ ।
[१५६] पूर्ववत्, पृ. १५ ।
[१५७] पूर्ववत्, पृ. १६ ।
[१५८] पूर्ववत्, पृ. १७ ।
[१५९] पूर्ववत्, पृ. १८ ।
[१६०] पूर्ववत्, पृ. १९ ।
[१६१] पूर्ववत्, पृ. २० ।
[१६२] पूर्ववत्, पृ. २१ ।

‘हिाड्ने र उड्ने’[ज्ञटघ] शीर्षकको गीतले प्रशुप्रणालीका बारेमा जानकारी दिएको छ । यसबाट बालबालिकाहरूले मनोरञ्जन प्राप्त गर्दछन् ।

चर्चित बालसाहित्यकार डा. एडोन रोङ्गोङ लेप्चाको प्रस्तुत बालगीतमाला अत्यन्तै सफल र चर्चित गीतिमाला हो । यस कृतिका बालगीतहरू छोटा, मीठा र स्वादिला छन् । कुनै गीतमा पनि कविको पाण्डित्य छैन । सरल र सरस हुनु नै प्रस्तुत गीतमालाको विशेषता हो । प्रत्येक गीतका प्रारम्भ, मध्य र अन्त्य अत्यन्तै सुसङ्गठित छन् । अघिल्लो रचनाले पछिल्लो रचना पढ्ने उत्कण्ठा अनायास जागृत गराएको आभास दिन्छ । ‘काग र मामा’, ‘मुसा र भान्जा’, ‘भालु भाइ’, ‘कुकुर जात्रा’ मा प्रशस्त मात्रामा हास्यरसको प्रयोग गरिएको छ । यस गीतमालाले बालबालिकालाई मानवीय माया, प्रेम, सद्भाव र सहिष्णुताको पाठ सिकाउाछ । शैली परिष्कृत छ । भाषा सरल छ र प्रस्तुतिमा मनमोहकता छ । गीतिमालाको आन्तरिक र बाह्यपक्ष दुवै सबल छ । गीतलाई स्पष्ट पार्न त्यहाा कोरिएका चित्रहरूले गीतिमालालाई थप आकर्षक बनाएका छन् । यिनै कुराहरूले गर्दा यो गीतिमाला उत्कृष्ट देखिन्छ ।

## ३.१.२.३ जीवनी खण्ड

जीवनी कुनै पनि विशिष्ट तथा ख्यातिप्राप्त व्यक्तिहरूको जीवनवृत्तान्तलाई समेटेर तयार पारिएको सिलसिलेबार आलेख हो । यसले बालबालिकालाई सत्प्रेरणा र सकारात्मक सोचको विकास गराउाछ । यसबाट बालबालिकामा हौसला, प्रेरणा र उत्प्रेरणा प्राप्त हुन्छ । यो नेपाली साहित्यको एउटा महत्त्वपूर्ण पाटो हो । यहाा एकता प्रकाशनबाट प्रकाशित एकता बालजीवनीमालाअन्तर्गतको कवि मोतीराम भट्टको जीवनीको छोटो चर्चा गरिएको छ ।

### (क) चूडामणि बन्धु र ‘मोतीराम भट्टको जीवनी’

#### (अ) लेखकको परिचय

चूडामणि बन्धु नेपाली भाषासाहित्यका बहुमुखी प्रतिभाशाली व्यक्तित्व हुन् । नेपाली भाषाको क्षेत्रमा बन्धु एक सफल बालसाहित्यकार पनि हुन् । नेपाली बालसाहित्यको क्षेत्रको विकास र प्रवर्द्धनमा उनको महत्त्वपूर्ण हात छ । प्रस्तुत

---

[१६३] पूर्ववत्, पृ. २२ ।

मोतीराम भट्टको जीवनी पनि उनैले सम्पादन गरी तयार पारेका हुन् । सकेसम्म यहाा यस जीवनीलाई छोटकरीमा प्रस्तुत गरिएको छ ।

**(आ) कृतिको विश्लेषण**

यस बालजीवनीमा कवि मोतीराम भट्टका निम्न अवस्था वा तहलाई देखाइएको छ :

(क) जन्म र बाल्यकाल

(ख) विवाह

(ग) प्रेरणा र पहिलो रचना

(घ) काशीको मोतीमण्डली

(ङ) काशीको साहित्यिक वातावरण

(च) गङ्गास्नान र गङ्गास्तुति

(छ) भानुभक्तीय रामायणको प्रकाशन

(ज) काठमाडौाको कवि मण्डली

(झ) काव्यहरूको रचना

(ञ) गजलहरूको रचना

(ट) गद्यकृतिहरूको रचना र प्रकाशन

(ठ) कवि भानुभक्तको जीवनचरित्र

(ड) गद्यकृतिहरूको रचना र प्रकाशन

(ढ) नाटकहरूको अनुवाद

(ण) साहित्यिक कृतिको मुद्रण र प्रचार

(त) अस्वस्थता र देहावसान

(थ) मोतीरामको योगदान

वि. सं. १९२३ भदौ २५ गते कुशे औसीका दिन जन्मेका मोतीराम भट्ट नेपाली साहित्यका युवा कवि हुन् । आफ्नो सम्पूर्ण जीवन नेपाली भाषासाहित्य र वाङ्मयमा खर्चेका मोती बहुप्रतिभाशाली व्यक्ति हुन् । नेपाली समालोचना, नाटक, कविता, एकाङ्की, गजल आदि सबै क्षेत्रमा कलम चलाउन सफल मोतीरामले १९४१ मा भानुभक्तीय रामायणको सुन्दर बालकाण्ड छपाए । नेपाली साहित्यमा उनको योगदान

नवीन र अर्थपूर्ण देखिन्छ । उनको आगमनसागसागै नेपाली कविताजगत्मा माध्यमिक कालको सुरुआत हुन्छ । यसलाई उत्कर्ष र चरम सफलता दिलाउने काम उनीबाटै भयो ।

प्रारम्भिक जीवन सुखसागै बिते पनि पछिका दिनहरूमा उनले निकै सङ्घर्ष गर्नुपऱ्यो । १५ वर्षको उमेरमा नै वैवाहिक सम्बन्धमा गाासिन पुगेका मोतीरामले बनारसमा रहादाबस्दा मोतीमण्डलीको स्थापना गरी सामूहिक कवितालेखनको कार्य सुरुआत गराएका थिए । भानुभक्तीय रामायणलाई प्रकाशित गरेर भानुभक्तलाई आदिकविको स्थानमा पुऱ्याउने काम पनि उनैबाट भयो । आफ्नो जीवनको छोटो समयमा नै नेपाली भाषा, साहित्य, इतिहास र नेपाली वाङ्मयमा अविस्मरणीय योगदान पुऱ्याउन सफल मोतीराम आज हाम्रो सामु नरहे पनि उनले नेपाली भाषासाहित्य र सिङ्गो वाङ्मयको क्षेत्रमा दिएको योगदान हाम्रो प्रेरणाको स्रोत बन्न पुगेको छ । त्यसैले उनलाई हामी राष्ट्रिय विभूति पनि मान्छौा ।

निष्कर्षमा भन्नुपर्दा मोतीराम भट्ट नेपाली भाषासाहित्यका एक कुशल शिल्पी र कालिगढी मस्तिष्क भएका व्यक्ति हुन् ।

**(ख) भिक्टर प्रधान र उनको 'गौतम बुद्धको जीवनी'**

नेपाली बालसाहित्यको संसारमा भिक्टर प्रधानको महत्त्वपूर्ण योगदान रहेको छ । पेसाले प्राध्यापक भए पनि नेपाली बालसाहित्यप्रति उनी उत्तिकै अनुरागी छन् । नेपाली बालसाहित्यमा साह्रै कम मात्र बालजीवनीहरू लेखिएका छन् । वास्तवमै बालबालिकाको सर्वाङ्गीण विकासका निम्ति यिनीहरू कोसेढुङ्गो सावित हुन्छन् । यो यथार्थ रहादारहादै पनि नेपाली बालसाहित्यले बालजीवनीको निकै अभाव बेहोर्नु परेको वास्तविकता सबैका सामु छर्लङ्ग छ । यस्तो अवस्थामा भिक्टर प्रधानद्वारा लेखिएको यो **गौतम बुद्ध** नामक बालजीवनी बालबालिकाको निम्ति उपयुक्त खुराक बन्ने कुरामा सायद दुई मत छैन ।

प्रस्तुत जीवनीमा विश्वका शान्तिदूत, विश्वमानवताका प्रतीक, एसियाका तारा गौतम बुद्धको इतिवृत्त समेट्ने कोसिस जीवनीकारले गरेका छन् । जसअन्तर्गत सिद्धार्थको जन्म, सिद्धार्थको बाल्यकाल, युवा अवस्था र विवाह, सांसारिक दुःख, अनित्यताको ज्ञान, महाभिनिष्क्रमण, सिद्धार्थद्वारा ज्ञानको खोज, सिद्धार्थको तपस्या,

सिद्धार्थलाई बोधिज्ञान प्राप्त, बुद्धको पहिलो धर्मचक्र प्रवर्तन, पहिलो वर्षबास र बुद्ध सहरको वृद्धि, बुद्धको पहिलो कपिलवस्तु यात्रा, अनाथ पिण्डक, आनन्द र देवताजस्ता अनुयायीहरू, बुद्धको दिनचर्या, शुद्धोधनको मृत्यु र महारानी महाप्रजापतिको भिक्षुत्व, बुद्धको फेरि कपिलवस्तु आगमन, बुद्धको लोकप्रियता, बुद्ध र अङ्गुलिमाल, बुद्धसाग वैरभाव, बुद्धको परिनिर्वाण, बुद्ध अस्तित्वका निम्ति ताछाड-मछाड, बुद्धवचन, धर्मको संरक्षण आदि रहेका छन् ।

### ३.१.२.४ कविता खण्ड

**(क) भानुभक्त पोखेल र उनको 'फूलबारी' काव्य**

मेची अञ्चलको पाँचथर जिल्लाको ओयाम गाउँमा वि. सं. १९९३ मा जन्मेका भानुभक्त पोखेल एक स्थापित बालसाहित्यकार हुन् । पेसाले प्राध्यापक रहेका पोखेलका थुप्रै कृतिहरू प्रकाशित छन् । विभिन्न मानसम्मानले सम्मानित पोखेलका प्रकाशित बालसाहित्यिक कृतिलाई हेर्दा निम्न प्रवृत्तिहरू देखापर्दछन् :

- बोधमा सरलता,
- सरल भाषाशैलीको प्रयोग,
- बालोपयोगी कृतिको रचना ।

वि. सं. २०६३ मा प्रकाशित **फूलबारी** बालकवितासङ्ग्रह पोखेलको उत्कृष्ट बालकविताको सागालो हो । यसमा जम्मा २४ वटा छोटा बालकविताहरू रहेका छन् । रामबाबु सुवेदीको सम्पादन र किशोर जोशीको चित्र रहेको यो काव्यमा रहेका कविताहरू यस प्रकारका रहेका छन् :

| | |
|---|---|
| (क) विद्यादेवीको प्रार्थना | (ख) यो देश कसको ? नानीको ! |
| (ग) सगरमाथा | (घ) पुतलीको तलतली |
| (ङ) आयो मेरो भटभटे | (च) मेरो देश |
| (छ) मै बुबाकी छोरी | (ज) पढ्नेलेख्ने बानी |
| (झ) बादल | (ञ) नानीहरूसित |
| (ट) छागो | (ठ) अल्छी |
| (ड) मुरली | (ढ) मुरली बज्यो तिर्पासै |
| (ण) किसान दाइ | (त) कठै चरी बचरी ! |

(थ) बालाजु (द) बगैचा

(ध) निद्रा टार्ने मेलो : गाउा खाने खेलो (न) ऐले म कस्तो भएा !

(प) वर्षा ऋतु (फ) बुढाका कुरा

(ब) रमाइला सााफबिहान (भ) भोटेसेलो : खुकुरी गीत

(म) संसार हाम्रो फूलबारी ।

'विद्यादेवीको प्रार्थना' शीर्षकको कविताबाट सुरु भएको यो काव्यमालाको अन्तिम कविता 'संसार हाम्रो फूलबारी' हो । काव्यकार पोखेलले यस काव्यमालामा बालबालिकाको लागि संसार एउटा फूलबारी हो जहाा बालबालिकाहरू रमाइरमाइ खेल्छन् भन्ने भाव यसमा व्यक्त गरेका छन् । कविताको बीचबीचमा आएका चित्रले कवितालाई थप प्रभावकारी बनाएको छ । बाहिरी आवरण आकर्षक छ, सन्देशमूलक छ काव्यमाला समग्रमा उत्कृष्ट छ ।

**(ख) बालकाव्यकार रामबाबु सुवेदी र उनको 'पानी-पानी' बालकाव्यमाला**

**(अ) परिचय र प्रवृत्ति**

वि. सं. २००४ मा गण्डकी अञ्चलको कास्की जिल्लाको हंसपुर भन्ने गाउामा जन्मेका रामबाबु सुवेदी नेपाली बालसाहित्यका सिद्धहस्त प्रतिभा हुन् । नेपाली बालसाहित्यको विविध विधा एवम् क्षेत्रमा कलम चलाएका यी साहित्यकारका मर्मस्पर्शी र मन छुने खालका बालकृतिहरू छन् । विभिन्न मानसम्मान र पद्वीहरूले समेत सम्मानित बनिसकेका सुवेदीका थुप्रै बालसाहित्यिक कृतिहरू प्रकाशित छन् ।

**कृतिगत प्रवृत्ति / विशेषता**

- बालबालिकाको मन छुने खालका कविता लेख्नु,
- सामाजिक दृष्टिले सन्देशमूलक हुनु,
- बालोपयोगी कविता लेख्नु
- बालबालिकाको रुचि, क्षमताअनुसारका कृतिहरूको संरचना ।

**(आ) 'पानी-पानी' काव्यमालाको विवेचना**

बालसाहित्यकार सुवेदीको उत्कृष्ट बालकाव्यमाला **पानी-पानी** हो । सुरुमा वि. सं. २०४९ मा प्रकाशित यो काव्यमाला हाल तेस्रोपटक पुनः मुद्रित भइसकेको छ । सुवेदीको यो काव्यमाला पानीसम्बन्धी कविताको एक माला हो । यसमा पानीसम्बन्धी

जम्मा १८ वटा कविताहरू छन् । पानीसम्बन्धी तिनै १८ वटा अलगअलग कविताहरूका भनाइबाट यो **पानी-पानी** भन्ने कवितामाला तयार भएको छ । जुन यसप्रकार छ :

(क) रूप अनेक पानी एक

(ख) माछापुछ्रे हिउापानी हो !

(ग) उड्दछ पानी बाफ बनेर !

(घ) जो पग्लन्छ उही अग्लन्छ !

(ङ) सिमसिम पानी पर्छ !

(च) तान्दछ दिल यो कलकलले

(छ) मेची र काली हाम्रा आाखा

(ज) पानी जहाजै चढ्दछु आज !

(झ) नबनौा हामी खहरे खोलो !

(ञ) खान्छौा हामी पानी उमाली !

(ट) पर्पर् पानी अझअझ पर ता ।

(ठ) सागरजस्तै गहिरो बन्छु !

(ड) खै ! कोदालो खन्छु म कुलो !

(ढ) पानी त्यहााको त्यस्तै हुन्छ !

(ण) वशमा राखौा पानीलाई !

(त) पानी बिनाको धर्ती नजाती

(थ) मित्र बनाए को बन्दैन ?

(द) हे जल ! तेरो कथा यही हो !

**(इ) समग्र विश्लेषण**

काव्यमालाको पहिलो कविता 'रूप अनेक पानी एक' हो भने अन्तिम कविता 'हे जल ! तेरो कथा यही हो !' हो । 'रूप अनेक पानी एक' कविताले पानीको रूपरङ र आकारलाई देखाउन खोजेको छ । पानीको महत्त्वलाई स्थापित गर्न र बालबालिकालाई यसको महत्त्वको पहिचान गराउन कविता सफल छ । त्यसै गरी काव्यमालाको अन्तिम कविताले पानीकै कथाका बारेमा उल्लेख गरेको छ । नेपाल जलसम्पदामा धनी देश ।

यहाा हजारौा सानाठूला नदीनालाहरू छन् । यसका आफ्नै महत्त्व छन् । यिनीहरूको पहिचान गराउनु पनि यस काव्यमालाको उद्देश्य देखिन्छ ।

हालसम्म तेस्रोपटक संस्मरणमा आएको यो काव्यमाला निकै बालोपयोगी देखिन्छ । कवितालाई स्पष्ट पार्न बीचबीचमा दिइएका चित्रहरूले काव्यलाई निकै आकर्षित तुल्याएका छन् । काव्यमालाको बाहिरी आवरण आकर्षक एवम् मजबुत देखिन्छ । समग्रमा सुवेदीको यो बालकथामाला उत्कृष्ट देखिन्छ ।

**(ग) बालसाहित्यकार कृष्णप्रसाद पराजुली र 'जूनतारा' सचित्र बालकाव्य**

**(अ) साहित्यकारको परिचय**

वि. सं. १९९२ मा काभ्रेको भमरकोटमा जन्मनुभएका कृष्णप्रसाद पराजुली र नेपाली बालसाहित्य एकआपसमा पर्यायवाची शब्द हुन् भन्ने दुई मत छैन । छ दशकदेखि शिक्षा, साहित्य तथा समाजसेवामा समेत संलग्न पराजुलीका २ दर्जनभन्दा बढी बालसाहित्यिक कृतिहरू प्रकाशित छन् । विभिन्न गरिमामय पदहरूमा रहेर कार्य सम्पन्न गरेका पराजुलीका प्रकाशित कृतिहरूलाई हेर्दा उनको यस काव्यमा निम्न काव्यगत प्रवृत्ति देखा पर्दछन् :

- बालोपयोगी कवितालेखन,
- बालक्षमताअनुसारका कृतिको रचना,
- सरल, सहज, सुबोध भाषाशैली,

**(आ) 'जूनतारा' सचित्र बालकाव्यमालाको समग्र विश्लेषण**

डा. वासुदेव त्रिपाठी र रामबाबु सुवेदीको प्रमुख सम्पादन रहेको यो काव्यमाला हालसम्ममा पााचौपटक संस्करणमा आइसकेको छ । के. के. कर्माचार्यको चित्र रहेको अनि दिव्य खालिङ्गको सङ्गीत, सलोमी तिमोथी, जुना प्रसाई, प्रश्ना शाक्य र नारायण लामाको स्वर रहेको यस काव्यमालाको संरचना अलिक भिन्न खालको रहेको छ । जम्मा ५९ श्लोकमा रहेको यो काव्य गीतिकाव्यको रूपमा देखापरेको छ । **जूनतारा**को पहिलो चित्रमा एउटा थोत्रो छाप्रो छ । खरले छाएको उक्त छाप्रो जीर्ण र छियाछिया छ । उनीहरू गरिबीको सिकार भएका छन् । आकाशमा जूनतारा चम्किरहेको देखिन्छ भने यी धरतीमा भएका जूनतारा चाहि निन्याउारो विलीन रूपमा

देखिन्छन् । यसै गरी पराजुलीले यस काव्यमालालाई अर्थपूर्ण बनाएका छन् । बालसाहित्यकार पराजुलीको यो बालकाव्यमालामार्फत बालबालिकालाई गहिरो सन्देश दिइएको छ । मानिसमा रहेको धनप्रतिको तृष्णा नै दुःखको कारण हो । मानिस एक विवेकशील प्राणी हुादाहुादै पनि उसमा असीमित इच्छा, चाहना र आकाङ्क्षा हुन्छन् । तिनीहरूको प्रगतिको लागि मानिस सधैा उद्यत हुन्छन् । यो क्रममा कोहीकोही गलत काम गर्न पनि पुग्छन् तर सत्य, सही कार्य गर्नाले मानिसले जीवनमा सुख पाउाछ । प्रस्तुत काव्यमालामा साहित्यकार पराजुलीले ताराको दरिद्र सोच र भाइको सम्पन्न एवम् उत्कृष्ट विचारबाट यस कुराको पुष्टि गरेका छन् । जीवन भनेकै सुखदुःखको सङ्गमस्थल हो । हाासो, रोदन जीवनका एकअर्काका सापेक्ष पाटा हुन् । हामीले अरूको कुभलो हुने काम कहिले पनि गर्नु हुादैन । सबैको हितको निम्ति बााच्नुपर्छ । त्यसैले त मानिस प्राणीजगत्को सर्वश्रेष्ठ एवम् सम्पन्न र उच्च प्राणी हो । हामीले आफ्नो मनलाई बसमा पार्न सक्नुपर्छ । जसरी ताराले आफूलाई र आफ्नो मनमा रहेको चाहनालाई काबुमा राख्न सकिन्छ अनि असन्तोष नै देखाई जसको कारणले गर्दा पाएका सबै सम्पतिहरू समेत गुमे । यस घटनाबाट के कुराको सङ्केत मिल्छ भने सन्तोषम् परमम् सुखम् अर्थात् सन्तोष नै सबभन्दा ठूलो सुख हो । प्रस्तुत बालकाव्यमालामा यदि राम्रो बन्न सके सबैको प्यारो र सधैाको निम्ति बााच्न सकिन्छ भन्ने भाव व्यक्त गरिएको छ ।

यो बालकाव्यमाला सरल र सरस छ अनि मार्मिक र प्रेरणादायी पनि छ । यो कृति ख्यातिप्राप्त सङ्गीतकार दिव्य खालिङको सुमधुर सङ्गीतले भिजेको छ साथै यसको विशेष शब्दको अर्थ कथासार, काव्यकार र चित्रकारको सपरिचयसमेत यसमा दिइएकाले बालबालिकालाई यससम्बन्धी पूर्ण ज्ञान हुने अनुमान गरिएको छ ।

समग्रमा भन्दा आन्तरिक र बाह्य सबै कोणबाट भाव, भाषाशैली र शब्द-संयोजनबाट पनि काव्य उत्कृष्ट देखिन्छ ।

**(घ) बालसाहित्यकार गेहेन्द्रभूषण पोखरेली र उनको 'बालविरूवा र पृथ्वीमाता' काव्यको विश्लेषण**

**(अ) लेखकको सङ्क्षिप्त परिचय**

गेहन्द्रभूषण पोखरेली नेपाली बालसाहित्यको क्षेत्रमा कलम चलाउने एक सशक्त बालसाहित्यकार हुन् । उनका थुप्रै बालसाहित्यिक कृतिहरू प्रकाशन भइसकेका छन् । उनको **बालविरूवा र पृथ्वीमाता** एक प्राकृतिक बालकाव्यमाला हो । यसमा प्रकृति, बालक र धर्तीका बारेमा बालबालिकालाई जानकारी गराउने उद्देश्य रहेको छ ।

**(आ) कृतिको विश्लेषण**

**बालविरुवा र पृथ्वीमाता** शीर्षको यो बालसाहित्यिक रचना बालकहरूले बुझ्ने गरी बोटविरूवा र पृथ्वीमाताका सन्दर्भमा रोचक बयान गरिएको काव्य छ । यसमा सृष्टिका विविध विषयका बारेमा जानकारी गराइएको छ । यस सृष्टिका विविध विषयका बारेमा बालकहरूका मनमा अनेकथरी जिज्ञासा पैदा हुन सक्छन् । त्यस्ता जिज्ञासा पनि बालकहरूका मनमा उत्पन्न हुन सक्ने एक महत्त्वपूर्ण कुरा हो । आफ्नै वरपरका बोटविरूवा र रूखबाट निर्मित भएको प्रकृति एवम् वातावरणको बारेमा बालकहरूले जेजस्ता जिज्ञासा राख्न सक्छन् तिनको समाधान गर्ने गरी यस पुस्तकमा रूख, बोटविरूवा र तिनका बिउ, रूख र बोटविरूवाका सङ्घर्ष आयु, बोटविरूवा र रूखका उपयोग एवम् त्यसबाट मानिसलाई फाइदाजस्ता विभिन्न पक्षमा कथात्मक ढङ्गले रोचक रूपमा प्रकाश पार्ने प्रयास गरिएको छ ।

आजको युगमा बालकहरूलाई अरू अनेक विषयसागै प्रकृति र वातावरणको महत्त्वबारे शिक्षा दिनु अनिवार्य भएको अवस्थामा यो साहित्यिक कृति अत्यन्तै उपयोगी देखिन्छ ।

## ३.१.३.५ उपन्यास खण्ड

## (क) भुवन तामाङ र उनको 'हिमपरी' उपन्यास

**(अ) उपन्यासकारको परिचय**

नेपाली बालउपन्यासको क्षेत्रमा भुवन तामाङ नौलो नाम होइन । नेपाली बालसाहित्यमा उपन्यासको अभाव खड्किरहेको बेला उपन्यासकार भुवनको नेपाली बालसाहित्यमा आगमन भएको हो । हुन त भुवन तामाङ नेपाली बालसाहित्यका अन्य विधाहरूमा पनि उत्तिकै शक्तिशाली र स्थापित छन् । समग्रमा भन्नुपर्दा नेपाली बालसाहित्यको क्षेत्रमा भुवन तामाङको महत्त्वपूर्ण योगदान छ । उपन्यासगत आधारमा उनका प्रवृत्तिहरू निम्नानुसार रहेका छन् :

- बालमनोविज्ञान र बालमनोभावनाअनुसारका बालकृतिको रचना गर्नु,
- सरल, सरस शैलीको प्रयोग,
- आकर्षक रूपमा बालसुलभतालाई देखाउनु आदि ।

**(आ) उपन्यासको पृष्ठभूमि**

वि. सं. २०६३ मा पहिलो संस्करणको रूपमा प्रकाशित भएको तामाङको यो उपन्यास उनको पारिवारिक सम्झनाको झल्को दिने र उनका आफ्नै भानिजको असामयिक निधनले क्षुब्ध र विक्षुब्ध पारेको अवस्थामा आफ्नो प्यारो भानिजको सम्झनामा तयार भएको कुरा उनैबाट प्राप्त जानकारीअनुसार अवगत हुन्छ । मामालाई भेट्न अति इच्छुक तर भेट भएपछि साह्रै लजाउने, घुलमिल हुादै गएपछि अनेक बालसुलभ मागहरू राख्ने, गोरो सलक्क परेको कााक्राको चिचिलोजस्तो हासिलो, उत्सुक, जिज्ञासु अनि बिहानीपखको घामजस्तै निर्दोष मुहार भएको सानो चञ्चले स्वभावको मेरो सानो भानिज विशाललाई दैवले चुाडेर लगिदियो । उसले मसाग धेरैधेरै कुराहरू मागेको थियो । ऊ भर्खर वाक्यहरू पढ्न सक्ने र चित्रहरू हेरेर कथाहरू बुझ्ने हुादै थियो । उसले मसाग अनेक मागहरूका साथै सचित्र कथाका किताबहरूको पनि माग गरेको थियो ।

एकदिन एकाएक टेलिफोन आयो । हठात् कल्पनासम्म गर्न नसकिने एउटा दुःखद् घटना घटिसकेको रहेछ । मेरो प्रिय भानिजले मामाघरको उपहारको एउटा मीठो अनुभूति पनि सागाल्न पाएन । सदाको ऊ यस संसारबाट बिदा लिएर गइसकेछ फेरि नफर्कने गरी ...बस् म उनै प्रिय भानिज विशाल र समस्त साना भाइबहिनीहरूमा समर्पण गर्दछु ।

**(इ) उपन्यासको विश्लेषण**

प्रस्तुत उपन्यास उपन्यासकार तामाङको उत्कृष्ट बालउपन्यास हो । लोक उपन्यास वा लोककथाको झल्को दिने खालको यो उपन्यास २०६३ सालमा प्रथम संस्करणको रूपमा प्रकाशित भएको हो । यस उपन्यासमा जम्मा ५ खण्ड रहेका छन् वा पााच शीर्षकमा (बेग्लाबेग्लै शीर्षकमा) यो उपन्यास तयार भएको देखिन्छ । यसका पााच खण्डहरू वा शीर्षकहरू यस प्रकारका छन् :

(क) हिमपरी र यतीको भेट

(ख) हिमपरी बेपत्ता

(ग) हिमपरीको खोज

(घ) बैगुनको बदलामा गुन

(ङ) राजकुमारीको जन्मदिन

यी शीर्षकको आधारमा यस उपन्यासको कथावस्तु यस प्रकार रहेको छ :

**(क) हिमपरी र यतीको भेट**

बिहानीको सूर्योदसागसागै हिमपरी आफूलाई हिमालमा हराउन पुग्दा दङ्ग भएको अवस्थाबाट उपन्यासको यो खण्ड सुरु भएको छ । हिमालका राजा यती हिमालमा भ्रमण गरिरहेका बेला अचानक ती सानी नानीलाई देख्न पुग्छन् । तिनी जिज्ञासु र उत्सुक बन्छन् । को होला यो सानी सुन्दरी हिउाजस्तो गोरी, कसरी यहाा आइपुगी, दुवैको आाखा जुध्छन् । यती उसलाई बोलाउन सक्दैनन् । सानी आफ्नो बाटो लाग्छिन् । केहीबेरको सोचाइपछि उनको मनमा एउटा नाम फुत्त आउाछ हिमपरी । उनले त्यसैगरी बोलाउाछन् । सानीको प्रत्युत्तर सुनिन्छ । कसलाई हिमपरी भन्नुभएको ? तर सानी भित्रभित्रै दङ्ग छे । आफू हिमपरी बन्न पुगेकोमा । उसका सबै अतीत अज्ञात छन् । यत्तिकैमा राजाले आफ्नो सम्पूर्ण कुरा भनेपश्चात् राजा दरबारतिर लाग्दछन् । हिमपरी पर्खन्छे तर लामो समयसम्म नआएपछि हिमपरी ओरालो झर्न थाल्छिन् । यती भेटिएको स्थान त पछाडि फर्केर हेर्दा निकै टाढा पो छोडिएछ ।

**(क) हिमपरी बेपत्ता**

हतारहतारमा आएका राजा पहिलेको ठाउामा आउादा हिमपरी त त्यहााबाट हिाडी सकिछ । लावालस्करका साथ रानी, राजकुमार, राजकुमारी आदि आएका तर साथ ढिलो भइसकेकाले उनीहरूले हिमपरीलाई भेट्न सकेनन् । अन्त्यमा हिमपरीको पाइला देखाउादै पुनः हिमपरी ल्याइदिने बाचा गर्छन् । राजा, यती र अन्य सबै दुःखी बन्छन् ।

**(ग) हिमपरीको खोज**

लामो समयपश्चात् पनि हिमपरी खोज्न गएका न त सिपाही फर्के न त राजा नै । दरबार दुःखित भयो । केही समयपछि फर्केका सैनिकलाई यतीका बारेमा सोध्दा

हिमपरीलाई नलिई नफर्कने निर्णय भएको राजाको कुराकानीलाई सैनिकले सुनाए । हिमपरीको खोजीमा राजा र यती पुनः लागे । उता दरबारमा भने राजाको निर्णय सैनिकहरूले रानी र राजकुमारीलाई सुनाएपछि हाहाकार हुन थाल्यो । हिमपरी पहाडमा सुखसाथ बस्थिन् । त्यहाा बस्दा उनले सबै जीवजनावरलाई मिलाएर राखेकी थिइन् । सबै कुराहरूले परीलाई आनन्द थियो ।

**(घ) बैगुनको बदलामा गुन**

यो यस उपन्यासको एक अर्को शीर्षक हो । उपन्यासको खण्डमा पहिलेकै घटना चक्रलाई अगाडि बढाइएको छ । हिमपरी पहाडमा बस्दा सबै प्राणीहरूका लागि नियम बनाएकी थिइन् तर समय बित्दै गएपछि सबै प्राणीले परीको गुन बिर्सादै जान थाले । परीले यो थाहा पाएपछि पहाडमा बस्ने उनको रहर मर्न थाल्यो । परीसाग कुरा नमिलेपछि अन्य प्राणीले परीलाई मनपर्ने फल ऐसेलुको भ्याङ्ग फाडेर सखाप पारिदिए । जसबाट परी अब भोकै पर्न थालिन् ।

यत्तिकैमा एकदिन आकाशवाणी भयो र परीको समस्या हटेर गयो तर एकदिन पहाडमा ठूलो आाधी आयो । परीका डाहा गर्नेहरू रमाउन थाले तर अगाडि नै भएको आकाशवाणीका कारण परीले यो कुनै समस्या भोग्नु परेन । परीले जे चितायो त्यही पुग्ने भएको देखी मृग, हरिण अन्य प्राणीसमेत आकर्षित भए र परीलाई हिमालतिर नजान अनुरोध गरे ।

यस उपन्यासको समग्रमा सारलाई हेर्दा के देखिन्छ भने आफूलाई नराम्रो गर्नेलाई गुनले मार्नुपर्छ । आफू अरूको भलोमा लाग्यो भने ईश्वरले पनि आफ्नो साथ दिन्छन् भन्ने कुरा देखाउन खोजिएको छ । अन्तिममा हिमराजा यतीको दरबारमा परी पुगेर राजकुमारीसाग मित्रताको हात परीले अगाडि बढाएको दृश्यबाट यो पुष्टि हुन्छ कि मिजासिलो र मिलनसारलाई सबैले राम्रो मान्छन् ।

**(ङ) राजकुमारीको जन्मदिन**

यस उपन्यासको अन्तिम शीर्षक 'राजकुमारीको जन्मदिन' हो । राजकुमारीको जन्मदिनमा परीले भनेजस्तो उपहार दिन नसक्दा वा वातावरण असहज बन्दा ठूलो विपत्ती आइपर्छ र अन्त्यमा त्यो सुखसुविधा, आनन्दमय दरबार छाडेर परीले स्वर्गतर्फ

लाग्नु परेको घटनालाई देखाएर अनावश्यक चाहना, इच्छा आदिले कसैलाई राम्रो नगर्ने कुराको सङ्केत यसले दिन्छ ।

**(ई) समग्र विश्लेषण**

बालउपन्यासकार भुवन तामाङद्वारा लिखित यो उपन्यासमा बढी स्वैरकल्पनाको प्रयोग गरिएको छ । उपन्यासमा यथार्थपरकभन्दा पनि रमाइलो र आनन्दपूर्वक तर्क अगाडि सारिएको छ । हुन त बालबालिकाको स्वभाव नै जिज्ञासु र उत्सुक भएका कारणले यस्ता कृतिहरू असाध्यै उनीहरूलाई मनपर्छ । फेरि उपन्यासकारले आफ्नो प्यारो भानिजको सम्झनामा समर्पित गरेर लेखिएको उपन्यास हो भनेर यसको पृष्ठभूमिमा उल्लेख गरेबाट पक्कै पनि आफ्नो भानिजको जिज्ञासु स्वभावलाई सम्बोधन गर्नको लागि सम्झनास्वरूप लेखिएको देखिन्छ तर यसले के वास्तविकतालाई देखाउाछ भने बालबालिकाहरू यस्तैयस्तै कुराहरू चाहन्छन् किनभने उनीहरूको स्वभाव नै यस्तै हुन्छ ।

पााच उपशीर्षकमा विभक्त प्रस्तुत उपन्यासका सम्पादक केशव सुवेदी हुन् । सुवेदीको कुशल सम्पादकत्वले उपन्यास थप सरल र प्रभावकारी बनेको छ । उपन्यासको आन्तरिक र बाह्य पक्ष अनि भाषाशैली सरल, सहज विषयवस्तुको उचित प्रयोग संयोजन बालबालिकाको रुचि, चाहना, क्षमता, बालस्वभाव आदि सबैलाई ध्यान दिएर उपन्यास तयार भएको देखिन्छ । उपन्यासमा दिइएका चित्रहरू पनि त्यत्तिकै आकर्षक देखिन्छन् । उपन्यासको बाह्यपक्ष (भौतिक पक्ष) आकर्षक छ । समग्रमा भन्नुपर्दा यो बालउपन्यास निकै सफल र उत्कृष्ट देखिन्छ ।

## ३.१.३.६ संस्मरण खण्ड

**(क) रामेश श्रेष्ठ र 'मैले बिर्सन नसकेको साथी' बालकृतिको विश्लेषण**

**(अ) लेखकको परिचय**

पश्चिम नेपालको सुन्दर पर्यटकीय नगरी पाल्पामा वि. सं. २००१ असार ८ गते जन्मेका रामेश श्रेष्ठ नेपाली साहित्यका प्रगतिशील लेखक हुन् । नेपाली बालसाहित्यमा उनको महत्त्वपूर्ण योगदान रहेको छ । विशेष गरेर नेपाली बालगीति क्षेत्रमा उनले पुऱ्याएको योगदानको जति प्रशंसा गरे पनि थोरै नै हुन जान्छ । विभिन्न साङ्गीतिक समूह, सङ्घ आदिमा संलग्न भएका श्रेष्ठ मुख्यतः जनताका गीतहरू गाउाछन् । राल्फा

आन्दोलनका सक्रिय सदस्यका रूपमा बसेर काम गरिसकेका श्रेष्ठका केही प्रकाशित बालकृतिहरू हुन् : बिना चिहानको मृत्यु, सन्ध्या, सारस, जनैको साँचो, चतुरेको दाउपेच आदि । त्यस्तै गरी उनका **जनताका गीतहरू**, **जीवनको नाम** गीतिसङ्ग्रह आदि कृतिहरू पनि प्रकाशित छन् । विभिन्न बालसाहित्यकारहरूका बालकवितालाई गीतिलयमा ढाल्ने काम श्रेष्ठबाट भएको छ । उनी हालसम्म पनि नेपाली साहित्य र सङ्गीतको विविध क्षेत्रमा संलग्न छन् । उनका काव्यगत विशेषता यस प्रकार छन् :

- गीतिलयको प्रयोग
- सरलता
- कोमलता र हार्दिकता
- मीठासयुक्त भाषाशैली आदि ।

(आ) **कृतिको विश्लेषण**

साहित्यकार रामेश श्रेष्ठको प्रस्तुत **मैले बिर्सन नसकेको साथी** एउटा बालक कालका सम्झनाको सागालो हो । यस सागालोमा श्रेष्ठले आफ्नो बाल्यकालमा भोगेका र अनुभव गरेका घटनाहरू संलग्न छन् । पाँचवटा शीर्षकमा बाँडिएका उक्त सम्झनाका क्षणहरूका शीर्षकहरू निम्न रहेका छन् :

(क) मुन्या, (ख) गुलेलीको सीस, (ग) पैसाको बोट, (घ) हाम्रो कण्ठे कुकुर, (ङ) मनको भूत र (च) मैले बिर्सन नसकेको साथी ।

श्रेष्ठका प्रत्येक शीर्षकमा बाल्यकालीन समयका घटनाहरू रहेका छन् । शीर्षकका आधारमा प्रस्तुत बालकृतिको विश्लेषण निम्नानुसार गरिएको छ :

'मुन्या' शीर्षकमा श्रेष्ठले प्राणी र मानिसबीचको घनिष्ठतालाई देखाएका छन् । आफ्नो घरको मुन्याप्रति आवेगमा आएर गरेको कार्यले सधैंको लागि आफ्नो प्रिय वस्तुलाई गुमाउनुपरेको नरमाइलो क्षणलाई यहाँ उल्लेख गरिएको छ । माया गरे संसार आफ्नो नगरे संसार बिरानो भन्ने उखानलाई यस मुन्या शीर्षकले देखाएको छ ।

'गुलेलीको सीस' श्रेष्ठको यस कृतिको शीर्षक हो । सुवेदार्नी आमैको घरमा सर्पले प्रवेश गरेको प्रसङ्ग यसमा रहेको छ । सर्पले भागेराको गुँडमा गरेका आक्रमणलाई रोक्न सर्पमाथि अन्य प्राणीरूपी काग आदिले गरेको प्रयासलाई यहाँ

एकतामा बल हुन्छ र सबै कुराको सम्भव हुन्छ भन्ने कुरालाई देखाइएको छ वा आपत्तिविपत्ति गर्दा पशुपङ्क्षी प्राणी आदि सबैलाई एकको साथ अर्कोलाई चाहिन्छ भन्ने सन्देश यसले दिन्छ ।

'पैसाको बोट' अर्को सम्झनाको काव्यमाला हो । यसमा आफैले भोगेका अविस्मरणीय क्षणलाई देखाइएको छ । बालबालिकाहरू कतिको आशावादी हुन्छन् भन्ने कुरा यसले जनाउाछ ।

'हाम्रो कण्ठे कुकुर'मा श्रेष्ठले आफ्नो घरको कण्ठे कुकुरको चर्तीकलाको अनुभवलाई सागालेका छन् । साह्रै चकचके कण्ठे कुकुर बाादरको आक्रमणबाट सुधारिएको कुरा यसमा देखाइएको छ । मनको भूतमा श्रेष्ठले मान्छेलाई वनको बाघले नखाए पनि मनको बाघले कसरी खान्छ भनेर श्रेष्ठले आफ्नै अनुभवलाई यहाा देखाएका छन् भने 'मैले बिर्सन नसकेको साथी'मा चाहि नेपाली समाजको जातीय र वर्गीय संरचनालाई देखाइएको छ । जातका आधारमा कोही पनि सानोठूलो नहुने कुराको जानकारी यसमा छ । जातीय संरचना समाज र राष्ट्रविकासको मूल कारक तत्त्व हो ।

**(इ) समग्र विश्लेषण**

नेपाली साहित्य जगत्का प्रगतिशील साहित्यकार, त्यसमा पनि नेपाली बालसाहित्यको क्षेत्रमा अत्यन्तै चर्चित र सफल बालसाहित्यकार रामेश श्रेष्ठको आफ्नो बाल्यकालीन अनुभवलाई समेटेर लेखिएको उत्कृष्ट बालकाव्यमालाका सम्झनाका क्षणहरू कृतिको रूपमा देखापरेको छ । आफ्ना बाल्यकालीन क्षणहरूलाई ६ वटा शीर्षकमा विभाजन गरेर बडो मार्मिक र हृदयस्पर्शी ढङ्गबाट रामेशले यस कृतिमा व्यक्त गरेका छन् । 'भुन्या', 'गुलेलीको सीस', 'पैसाको बोट', 'हाम्रो कण्ठे कुकुर', 'मनको भूत', 'मैले बिर्सन नसकेको साथी' उपशीर्षकमा तयार भएको प्रस्तुत काव्यमालाको आन्तरिक र बाह्य संरचनापक्ष दुवै मजबुत र उत्कृष्ट देखिन्छ ।

## चौथो परिच्छेद

## नेपाली बालसाहित्यमा एकता प्रकाशनको योगदानको मूल्याङ्कन

नेपाली पाठक र अध्येतामाझ २०३९ सालमा एकता बुक्सका नामले प्रतिष्ठित यस संस्थाले नेपालको पुस्तक व्यवसायको इतिहासमा २५ बर्से रजत महोत्सव मनाउन सफल भएको छ । आफ्नो लामो व्यावसायिक यात्राका क्रममा यस संस्थाले निकै समस्याहरूसाग जुध्नु पऱ्यो । असफलता नै सफलताको प्रतीक हो भन्ने मूल मर्मलाई आत्मसात् गर्दै कठोर सङ्घर्ष गरेर हाल एउटा प्रख्यात पुस्तकव्यावसायी संस्थाको रूपमा यो स्थापित छ । विशुद्ध पुस्तक प्रकाशनलाई आफ्नो गन्तव्य बनाएको यस संस्थाले हालसम्म धेरै विषयका पुस्तकहरू प्रकाशित गरेको छ । आफ्नो २५ बर्से दीर्घ यात्राका क्रममा नेपाली भाषासाहित्य र सिङ्गो नेपाली वाङ्मयका क्षेत्रमा समेत यसले अमूल्य योगदान दिएको तथ्य हामीसामु छर्लङ्ग छ । आफ्नो स्थापनाकालीन समयमा एकता बुक्स एन्ड स्टेसनर्सका नामले स्थापित यो संस्था तत्कालीन नगर पञ्चायत वडा नं. ११ र हालको काठमाडौा महानगरपालिकाको वडा नं. ११ थापाथलीमा खुलेको थियो । यसले सुरुमा स्वदेश तथा विदेशका विभिन्न प्रकाशन गृहबाट प्रकाशित

पुस्तकहरूको र विविध किसिमका शैक्षिक एवम् खेलकुदका सामग्रीको थोक तथा खुद्रा बिक्रीवितरणलाई प्रभावकारी रूपमा अगाडि बढाएको थियो भने पछिका दिनमा आएर यसले प्रकाशन र बिक्रीवितरण दुवैलाई एकैसाथ अगाडि बढाएको देखिन्छ ।

वि. सं. २०३४ सालमा रामचन्द्र तिमोथीले पाटनमा हिसप बुक्स हाउस खोली पुस्तक व्यवसायको आरम्भिक प्रयास गरे पनि पछि उक्त पसल आफ्नै सहपाठी भीमलाल महर्जनलाई हस्तान्तरण गरी पुनः वि. सं. २०३९ मा नयाा ढङ्गले सोचविचार गरेर काठमाडौाको थापाथलीमा एकता बुक्स एन्ड स्टेननर्सको स्थापना गरी औपचारिक रूपले स्थायी पुस्तक व्यवसायलाई अगाडि बढाए ।

आफ्नो स्थापनाकालीन समयबाट नै नेपाली भाषासाहित्य र नेपाली वाङ्मयका क्षेत्रमा अमूल्य योगदान दिने एकता प्रकाशनको नेपाली बालसाहित्यमा पनि महत्त्वपूर्ण योगदान रहेको छ ।

२५ बर्से रजत महोत्सवसमेत मनाउन सफल यस प्रकाशनले चार दर्जनभन्दा बढी बालसाहित्यिक कृतिहरूको प्रकाशन गरेर नेपाली बालसाहित्यको विकासमा अर्को नयाा आयाम थपेको छ । नेपाली बालसाहित्यका विविध विधाहरूको प्रकाशन गरेर यस संस्थाले नेपाली बालसाहित्यलाई थप मौलाउने अवसर प्रदान गरेको छ । एकता प्रकाशनको इतिहालाई हेर्दा यसले वि. सं. २०४६ सालबाट नै नेपाली बालसाहित्यतर्फ आफ्नो पाइला अगाडि बढाएको देखिन्छ । वि. सं. २०५० सालबाट अनेक वरिष्ठ विद्वान्हरूका सहयोगबाट नेपाली र अङ्ग्रेजी भाषाका स्तरीय शब्दकोशहरूको एक बृहत् शृङ्खला तयार पारी प्रकाशित गर्ने प्रयत्न पनि यस प्रकाशनले गरेको नै हो ।

वि. सं. २०५२-५३ देखि यस प्रकाशनले सचित्र बालसामग्रीसागै श्रव्य गीत क्यासेट र दृश्य सामग्रीसमेतका प्रवर्द्धनका निम्ति एकता बालसाहित्य शृङ्खला नाउाको संस्थागत प्रयासको प्रारम्भसमेत गरेको हो । यस शृङ्खलाको शुभारम्भ बालसाहित्यका उत्कृष्ट कृतिलाई उत्कृष्ट चित्र, सङ्गीत र गायनका साथै दृश्य अभिनयसहित एकीकृत गरी सिङ्गो पाठ्य, गेय, श्रव्य-दृश्य बालसामग्रीको रूपमा दिई नेपाली बालबालिका र तिनका सचेत अभिभावकसमक्ष प्रस्तुत गर्ने देशभक्तिपूर्ण पवित्र लक्ष्यबाट यो पारियोजनाको सुरुआत भएको देखिन्छ ।

एकता प्रकाशनले एकता बालसाहित्य शृङ्खलाको पहिलो कोसेलीको रूपमा २०५२ सालमा राष्ट्रकवि माधवप्रसाद घिमिरेको **सुनपङ्खी चरी** बालगीतमालाको

सचित्र प्रकाशन र २०५३ मा त्यसको एक भाग श्रव्यगीति क्यासेटको प्रस्तुति गर्ने विशिष्ट प्रयास गरेको थियो । यसका अतिरिक्त यस प्रकाशनले विभिन्न स्थानमा बालसाहित्यसम्बन्धी विभिन्न बालसाहित्यिक कार्यक्रमहरूसमेत सञ्चालन गरिसकेको छ । जसबाट भर्खरैभर्खरै विकास हुन थालेको नेपाली बालसाहित्यमा अर्को एउटा आयाम ईटा थपिन पुगेको आभास मिल्छ ।

यसरी हेर्दा सङ्ख्यात्मक रूपमा ४ दर्जन भन्दा बढी अनि गुणात्मक रूपमा प्रसिद्ध विशिष्ट साहित्यकारहरूका उत्कृष्ट बालसाहित्यिक कृतिको प्रकाशन गरेर यसले नेपाली बालसाहित्यमा ठूलो योगदान दिएको देखिन्छ भने अर्कोतिर विभिन्न बालसाहित्यिक परियोजनाहरू सञ्चालन र विभिन्न कार्यक्रमहरूमार्फत पनि यसले नेपाली बालसाहित्यमा थप योगदान दिएको छ । त्यसैले के भन्न सकिन्छ भने नेपाली बालसाहित्यमा एकता प्रकाशनको महत्त्वपूर्ण योगदान रहेको छ ।

# छैटौँ परिच्छेद

## उपसंहार

वि. सं. १९५० देखि नेपालमा पुस्तक प्रकाशन गर्न थालिएको र सो प्रकाशन व्यवसाय वर्तमानमा आइपुग्दा निकै समृद्धशाली अवस्थामा पुगेको छ । सरकारी स्तरसागै निजी संस्थाहरूले विभिन्न प्रकाशनहरू खोली पुस्तकहरू प्रकाशन गर्दै आइरहेको परिप्रेक्ष्यमा एकता प्रकाशनले पनि आफ्नो पच्चीसबर्से जीवनयात्रा पूरा गरिसकेको छ । २०३९ सालमा एकता बुक्स एन्ड स्टेसनर्स नामको सामान्य संस्थाको स्थापना गरेका रामचन्द्र तिमोथीले वर्तमानमा यस संस्थालाई निजीस्तरको सबैभन्दा समृद्धशाली प्रकाशकका रूपमा उभ्याइसकेका छन् । आफ्ना मामा एडोन रोङ्गोङको प्रेरणा र आफ्नो अध्ययनको ज्ञानले पुस्तक प्रकाशन तथा बिक्रीवितरणको कार्य प्रारम्भ गरेका तिमोथीले यस संस्थालाई २०४७ सालमा एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा. लि. का रूपमा रूपान्तरित गर्न सफल भएको देखिन्छ । यसरी स्थापना र विकास हुादै आएको यस संस्थाले आफ्नो व्यावसायिक प्रवर्द्धन र समाजसेवाको पवित्रताजस्ता दुई फरक धारलाई उत्तिकै सशक्तका साथ हुर्काउादै आउनु पच्चीस वर्षीय आफ्नो यात्राको अत्यन्त महत्त्वपूर्ण उपलब्धि हो । नेपालका सरकारी र निजीस्तरका शैक्षिक क्षेत्रका आवश्यक पाठ्यपुस्तकहरू नेपालकै विशिष्ट विषयक ज्ञाताहरूबाट लेखन तथा सम्पादन

गराई नेपालमै मुद्रणसमेत गरी राष्ट्रिय रूपमा शैक्षिक आवश्यकतालाई पूरा गर्ने गतिविधिलाई आत्मसात् गर्दै अगाडि बढिरहेका विभिन्न पुस्तक व्यवसायीहरूमध्ये एकता बुक्सले अग्रणी भूमिका खेलेको देखिन्छ । यस्ता गतिविधिले यस प्रकाशनले मुद्रण प्रकाशनमा बाहिरिने स्वदेशी पुाजीसमेत जोगाई राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक योगदान पुऱ्याएको कुरा अविस्मरणीय छ । यसै गरी विभिन्न शैक्षिक क्षेत्रका पुस्तकहरूको आयातनिर्यात र नेपालभित्र तथा नेपालबाहिरसमेत पुस्तक बिक्रीवितरणका साथै आफ्नो सञ्जाल पनि यस प्रकाशनले फिाजाएको देखिन्छ । नेपाली भाषासाहित्य र सिङ्गो वाङ्मयको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउादै आएको एकता प्रकाशनले बालसाहित्यमा पनि गरिमामय योगदान दिएको देखिन्छ । यस संस्थाले बालसाहित्य परियोजनाअन्तर्गत बालकहरूको अभिरुचिलाई ध्यानमा राख्दै बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि स्थापना कालदेखि वर्तमानसम्ममा झन्डै ५ दर्जन जति विभिन्न विधाका बालकृतिहरू प्रकाशन गरिसकेको छ । विधागत विभाजनका आधारमा यस प्रकाशनबाट प्रकाशित बालकृतिहरूमा बालकविताका १३ वटा, बालकथाका १७ वटा, बालउपन्यास २ वटा, यात्रा संस्मरण २ वटा, बालजीवनी ६ वटा, अन्तर्राष्ट्रिय साहित्यकारहरूको जीवनी ६ वटा, बाल लघुनाटक ३ वटा कृतिहरू प्रकाशन गरिसकेको देखिन्छ भने यस कार्यलाई निरन्तर तथा तीव्र रूपमा अगाडि बढाइराखेको पनि पाइन्छ । समग्रमा भन्नुपर्दा २०३९ सालमा सामान्य पुस्तक तथा खेलकुदका सामग्री बिक्रीवितरण गर्ने उद्देश्यले खोलिएको यस संस्थाले वर्तमानमा आइपुग्दा विकासको निकै ठूलो खुड्किलो पार गरिसकेको छ । आफ्नो पच्चीसबर्से जीवन यात्राका क्रममा यस संस्थाले विभिन्न बाधा-अड्चनहरूलाई पारगर्दै अनि ती समस्याहरूसाग जुध्दै वर्तमानमा निजीस्तरको एक समृद्धशाली प्रकाशकका रूपमा आफूलाई उभ्याउन सफल भएको छ । नेपाली भाषासाहित्य र सिङ्गो वाङ्मयका क्षेत्रका साथै बालसाहित्यमा यस प्रकाशनको योगदान महत्त्वपूर्ण र अविस्मरणीय रहेको छ । बालपरियोजनाअन्तर्गत विभिन्न विशिष्ट विद्वान्हरूका बालकृतिहरूको सम्पादन र प्रकाशन गरी बालबालिकाहरूलाई यस प्रकाशनले दिएको योगदान विशिष्ट रहेको छ । यिनै विभिन्न कारणहरूले एकता प्रकाशन महत्त्वपूर्ण राष्ट्रिय प्रकाशनका रूपमा हामीमाझ चिनिादै आएको छ ।

# सन्दर्भग्रन्थसूची

अवस्थी, महादेव, **एकता बुक्सका पच्चीस वर्ष**, काठमाडौा : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा. लि., २०६४ ।

घिमिरे, माधवप्रसाद, **सुनपङ्खी चरी**, काठमाडौा : एकता प्रकाशन, २०५३ ।

नेपाल, शैलेन्दुप्रकाश, **झुल्के घाम**, काठमाडौा : एकता प्रकाशन, २०४८ ।

प्रधान, राजनारायण, **बुद्धिको पदोन्नति**, काठमाडौा : एकता प्रकाशन, २०५६ ।

))))))))))), **स्याल र मुजुर**, काठमाडौा : एकता प्रकाशन : २०६३ ।

))))))))))), **लेप्चागुरु**, काठमाडौा : एकता प्रकाशन, २०६३ ।

))))))))))), **भालु र दाउरे,** काठमाडौा : एकता प्रकाशन, २०६३ ।

))))))))))), **बाादर र गोही**, काठमाडौा : एकता प्रकाशन, २०६३ ।

))))))))))), **चराको बुद्धि**, काठमाडौा : एकता प्रकाशन, २०६४ ।

प्रसाई, भीष्मराज, **बनौ सबै ज्ञानी !**, काठमाडौा : एकता प्रकाशन, २०६० ।

रोङ्गोङ, एडोन, **नेपाली बालगीतमाला**, काठमाडौा : एकता प्रकाशन, २०६१ ।

))))))))))), **मायाका फूलहरू**, काठमाडौा : एकता प्रकाशन, २०६४) ।

विकल, रमेश, **हिउादे छुट्टी**, काठमाडौा : एकता प्रकाशन, २०५७ ।

शर्मा, ऋषिराम, **सुगाको जन्मदिन**, काठमाडौा : एकता प्रकाशन, २०६२) ।

सिंह, गोरखबहादुर **चतुरेको चर्तिकला**, काठमाडौा : एकता प्रकाशन, २०६२ ।

शर्मा, तारानाथ, **नेपाली साहित्यको इतिहास**, चौ. सं., काठमाडौँ : अक्षर प्रकाशन, २०५६ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद, लुइटेल, **शोधविधि**, ते. सं., ललितपुर : साझा प्रकाशन, २०६२ ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, २०३४ ।

सुवेदी, रामबाबु, **घान्द्रुक झलल**, काठमाडौँ : एकता प्रकाशन, २०५९ ।